# कविता

कविताप्रधान चौमासिक पत्रिका

web source: www.khasskhass.com

# कविता

(संस्थापक सम्पादक : सिद्धिचरण श्रेष्ठ)

पूर्णाङ्क : ९९
भदौ–मङ्सिर, २०७१

प्रधान सम्पादक
**अमर गिरी**

**नेपाल प्रज्ञा–प्रतिष्ठान**
**कमलादी, काठमाडौँ**

# कविता

पूर्णाङ्क : ९९
भदौ–मङ्सिर, २०७१

प्रकाशक : नेपाल प्रज्ञा–प्रतिष्ठान
कमलादी, काठमाडौँ
आवरण/सज्जा : वसन्तराज अज्ञात
टाइप : राधा कार्की
सम्पर्क : फोन : ०१–४२४२६४६ (प्रधान सम्पादक)
फ्याक्स : ०१–४२२११७५
वेबसाइट : www.nepalacademy.org.np
E-mail : office@nepalacademy.org.np

मूल्य : रु.४०/–
मुद्रक : प्रज्ञा छापाखाना, कमलादी, काठमाडौँ

**KAVITA**
*A Collection of Contemporary Nepali Poetry*

web source: www.khasskhass.com

## सम्पादकीय

**कविता** प्रकाशित हुन थालेको पाँच दशक भएको छ । २०२१ सालदेखि प्रज्ञा-प्रतिष्ठानबाट यस पत्रिकाको प्रकाशन आरम्भ भएको थियो । नेपाली कविताका क्षेत्रमा यसले दिएको योगदान महत्त्वपूर्ण रहेको छ । यस अवधिमा मुलुकले ठूल्ठूला राजनीतिक घटना परिघटनाहरू बेहोरेको छ । महत्त्वपूर्ण परिवर्तनहरू भएका छन् । परिवर्तनका निम्ति चलेका आन्दोलनहरूमा स्रष्टाहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । स्वतन्त्रता, समानता, सामाजिक न्याय, मानवीय गरिमा तथा सौन्दर्यका निम्ति सङ्घर्ष गर्दा कैयौँ स्रष्टाहरूले आफ्नो जीवनको आहुति समेत दिएका छन् । कैयौँले जेलनेलका साथसाथै असीम मानसिक एवं भौतिक यन्त्रणा खपेका छन् । चाहे ०७ सालको आन्दोलन होस्, चाहे ०३५-३६ को, चाहे ०४६ सालको आन्दोलन होस् चाहे ०६२-६३ को, परिवर्तनका निम्ति चलेका आन्दोलनहरूमा स्रष्टाहरूले आफूलाई अग्रपङ्क्तिमा उभ्याएका छन् । मुलुकको समग्र परिवर्तनको प्रक्रियामा स्रष्टाहरूको अविस्मरणीय योगदान रहेको छ । परिवर्तनमा साहित्यको महत्त्वपूर्ण भूमिका रहने भएकाले स्रष्टाहरू आफ्नो भूमिकाप्रति सचेत रहन्छन् र रहनु पर्दछ । खासगरी साहित्यले समाजको आत्मिक रूपान्तरण र पुनर्निर्माणमा महत्त्वपूर्ण योगदान दिन्छ र यसको विशेष महत्ता पनि यसमै अन्तर्निहित रहेको छ ।

आज हामी गम्भीर सङ्क्रमणको अवस्थामा छौँ । राजनीति लगायत सबै क्षेत्रमा यसलाई महसुस गर्न सकिन्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना त भएको छ तर यसलाई संस्थागत गर्दै अघि बढ्न सकिएको छैन । परिवर्तनका उपलब्धिहरूलाई समाप्त गर्ने उद्देश्य सहित प्रतिगामी, पुनरूत्थानवादी एवं यथास्थितिवादी शक्तिहरू सलबलाउँदै छन् । परिवर्तनका बाहक शक्तिहरूमा अनेकन कमी कमजोरीहरू मौलाएका छन् । यस स्थितिमा स्रष्टाहरूको भूमिका अझ महत्त्वपूर्ण हुन्छ । सृजनात्मक एवं संस्थागत हस्तक्षेपका माध्यमबाट सङ्घर्षबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै नव नेपाल निर्माणको दिशातर्फ प्रस्थान गर्न स्रष्टारूले उल्लेखनीय भूमिका सम्पादन गर्न सक्दछन् । यसै कारण स्रष्टाहरूले आज आफ्नो रचनात्मक भूमिकालाई अझ प्रभावशाली बनाउन आवश्यक छ । अर्कातिर स्रष्टाहरूले साहित्य, कला, संस्कृतिलाई अनुत्पादक क्षेत्र ठान्ने र यथोचित महत्त्व प्रदान नगर्ने राज्यको पुरानै मानसिकताका विरुद्ध पनि आवाज उठाउन जरुरी छ ।

समकालीन नेपाली कवितामा मूलत: आलोचनात्मक चेतना र परिवर्तनको स्वर पाइन्छ । यसले आफ्नो आलोचनात्मक चेतना र परिवर्तनको स्वरलाई अझ सशक्त बनाउनु पर्दछ । आम मानिससँग यसले अझ सार्थक संवाद गर्न सक्नुपर्दछ । हामी कविताको भाषालाई अझ सार्थक, जीवन्त र धारिलो बनाउनुपर्ने कालखण्डमा उभिएका छौँ । कविताको भाषालाई अझै ओजस्वी बनाएर, यसलाई जीवनसँग अझै गहिरो गरी गाँसेर र यसमा अझै सार्थक ढङ्गले परिवर्तनका धुनहरू भरेर नै मनुष्यको यस मातृ भाषालाई अझै लोकप्रिय र शक्तिशाली बनाउन सकिने छ । समकालीन नेपाली कवितालाई अझै जीवन्त र लोकप्रिय बनाउन, यसलाई नेपाली कविताको पूर्ववर्ती उदात्त परम्परासँग जोड्दै अझै समृद्ध गर्न, कवितासँग सम्बन्धित विभिन्न विमर्शहरूलाई अघि बढाउन, नयाँ प्रतिभाहरूलाई प्रेरित र प्रोत्साहित गर्न, पत्रिकालाई सबै दृष्टिले स्तरीय बनाउन हाम्रो अथक प्रयत्न रहने छ । यसका निम्ति हामी सम्पूर्ण कवि, समालोचक, चिन्तक, विद्वान्हरूसँग सहयोग र सुझावको अपेक्षा पनि गर्दछौँ ।

कविताको यो अङ्क झन्डै एक वर्षपछि प्रकाशित भएको छ । समयमै प्राज्ञ परिषद् गठन नहुँदा पत्रिकाको प्रकाशनमा ढिलाइ भएको हो । यस अङ्कका सबै सामग्रीहरू यस पत्रिकाका पूर्व कार्यकारी सम्पादक एवं कवि श्रीबाबु कार्की उदासले परिश्रमपूर्वक तयार पार्नु भएको हो । यसका निम्ति उहाँ विशेष धन्यवादका पात्र हुनुहुन्छ । हामी उहाँबाट आगामी दिनहरूमा पनि सहयोगको अपेक्षा गर्दछौँ । नेपाल प्रज्ञा-प्रतिष्ठानका आजीवन सदस्य एवं नेपाली साहित्यका अथक साधक जनकविकेशरी धर्मराज थापा अब हाम्रा माझमा हुनुहुन्न । उहाँको निधनले नेपाली साहित्यलाई अपूरणीय क्षति भएको छ । खासगरी नेपाली लोक साहित्य, कविता र लोक गायनको क्षेत्रमा उहाँको उच्च योगदान रहेको छ । कविता परिवार उहाँप्रति हार्दिक श्रद्धान्जली प्रकट गर्दै शोकसन्तप्त परिवार जनहरूप्रति गहिरो संवेदना प्रकट गर्दछ ।



web source: www.khasskhass.com

# कविता क्रम


| | | |
|---|---|---|
| दिवङ्गत कविको डायरीबाट | कालीप्रसाद रिजाल | १ |
| परिवेश | मञ्जुल | ४ |
| आमालाई चिठी | पवन आलोक | ५ |
| जरासन्ध | कृष्ण प्रसाईं | ६ |
| गफ गर्दै, हात हल्लाउँदै ... | आर. आर. चौलागाईं | ८ |
| सबथोक बिर्स सुनकेशरी मैयाँ ! | गोविन्द गिरी 'प्रेरणा' | १० |
| हल्लाहल्ला | दिव्य गिरी | १२ |
| अन्तस्को उज्यालो | ध्रुव मधिकर्मी | १४ |
| माईपोखरी | राधेश्याम लेकाली | १६ |
| विच्छेदित सम्बन्ध | गोवर्द्धन पूजा | १८ |
| तिमीभित्रको संसार | सुस्मिता नेपाल | २० |
| लालबुक जीवन | गणेश राई | २१ |
| सपना | डा. धनप्रसाद सुवेदी 'श्रमिक' | २४ |
| सहिद चोकमा सालिकको माला | विष्णु सुवेदी | २६ |
| नग्न मानवचित्र | पूर्ण इन्फादा | २८ |
| गजल | रासा | २९ |
| तस्बिरमा दुःख | अभय श्रेष्ठ | ३० |
| ढुङ्गासँग जबाफ छैन | टीकाराम उदासी | ३२ |
| एउटा नोटको जीवनी | भूपिन व्याकुल | ३४ |
| आफ्नै घर परदेश भएको बेला ! | गीता कार्की | ३७ |
| जेन कविता | छविरमण सिलवाल | ३९ |
| सपनाको ट्रान्जिट | अनमोलमणि | ४० |
| फड्के किनाराको साक्षी सर्वाधिकार | घनेन्द्र ओझा | ४२ |
| रातको सन्नाटा | शकुन्तला जोशी | ४४ |
| अँध्यारो विरुद्ध | प्रतिरोध कार्की | ४६ |
| न्यातापोलको देशमा | रामगोपाल आशुतोष | ४८ |
| आमाको काख | खिमानन्द पोखरेल | ५० |
| श्रीमान् | कुबेर लिम्बुखिम | ५२ |
| एडिक छु मान्छे बन्ने सपनाको | मनिषा गौचन | ५३ |
| म मरेको साँझ | हेम प्रभास | ५६ |
| चप्पल | देवेन्द्र रावल | ५८ |
| गीत | दीपेन्द्र राई | ५९ |
| म खप्न सक्दिनँ | बाजुराम पौडेल | ६० |
| गजल | राधा कणेल | ६१ |
| भूतपूर्व जिन्दगीसँगको भेट | डम्बर रसिक भारती | ६२ |
| नियुक्ति | दिल पौडेल | ६४ |
| देश डिजाइनर | सबिना सिन्धु | ६६ |
| भूस्वर्ग घुमाउँदा | सोझो गाउँले | ६७ |
| प्रेमी पहाड | रेनुका भट्ट | ६९ |
| भग्नावशेष | केशव पुडासैनी 'विमल' | ७० |
| कलीयुगका कृष्ण र प्रश्नहरू | सामना पहाड | ७२ |
| मेलम्ची | कमला रिसाल 'ज्योति' | ७४ |
| पुतली प्रेम | अर्जुन अपवाद | ७६ |
| नवीनता | पञ्च विस्मृत | ७८ |
| मैनबत्ती | मौन चीत्कार | ७९ |
| एकात्मक दृष्टिकोण | बलदेव भट्ट 'बिहानी' | ८० |
| एउटा प्रेम कविता | प्रकाश ढकाल | ८१ |
| दुर्भिक्ष | भरतमणि चोङ्बाङ (भरुपल) | ८२ |
| जोडी ढुकुर | थीरलोचन श्रेष्ठ | ८४ |
| म त्यो नेपाली वीर हुँ | जयानन्द जोशी 'परमहंस' | ८५ |
| ● मातृभाषाका अनुवाद कविता | | |
| म यौटा मौन पहाड | टेकबहादुर जिरेल | ८६ |
| निख्लम भ्रम | चन्द्र रानोहोंछा | ८८ |
| समावेशी | जीवन लामा | ८९ |
| ● अनूदीत कविता | | |
| वास्तविकता | अनुवादः विमल भौकाजी | ९१ |
| ● लेख | | |
| महाकविको त्रि-स्तरित् ... | डा. गोविन्दराज भट्टराई | ९३ |
| समसामयिक साहित्यिक ... | डा. रामप्रसाद ज्ञवाली | १०३ |
| आधुनिकता र आधुनिक ... | डा. लक्ष्मणप्रसाद गौतम | ११२ |
| ● अन्तर्वार्ता | | |
| जीवनमा राजनीति नामक ... | हेम हमाल | १२९ |


web source: www.khasskhass.com

# दिवङ्गत कविको डायरीबाट

**■ कालीप्रसाद रिजाल**

मलाई थाहा छ
मेरो ईर्ष्या गर्ने
मेरो खेदो खन्ने
साहित्यिक मित्रहरू
मेरो मृत्युपछि
मेरो विषयमा
प्रशंसाको पुल बाँध्ने छन्
कपोलकल्पित संस्मरण सुनाएर
अन्तरङ्ग मित्रता, आत्मीयताको
दाबी गर्ने छन्
परिवारजनले पनि
मेरो स्मृतिलाई चिरकालसम्म
अक्षुण्ण राख्ने भनेर
करबल लोकलाजकै लागि भए पनि
अक्षयकोषको स्थापना गर्ने छन्
अनि प्रमुख अतिथिका रूपमा निम्त्याइएका
साहित्य कलाप्रति कुनै सरोकार नराख्ने
मन्त्री महोदयले पनि
कसैले लेखिदिएको भाषण पढेर
समवेदना प्रकट गर्ने छन्

र म
बिचरो म
फ्रेमभित्र चुपचाप बसेर
यो निम्नस्तरको नाटक



web source: www.khasskhass.com

टुलुटुलु हेरिरहेको म
बासी फूलमाला
र झिक्रे गुच्छाले भन्दा पनि
साथीभाइले बोलेका प्रशंसाका शब्दहरूले
बढी घोचेको बिझाएको
अनुभव गर्ने छु
र एक्लै मनमनै सोच्ने छु
सधैँ कटुवचन प्रहार गर्ने
खुट्टा तान्ने
मेरा मित्रहरूबाट
जीवित छँदै कुनै बेला
स्नेहका दुई निश्छल शब्द
आत्मीयताका दुई प्रिय वचन
सुन्न पाएको भए
अरू केही दिन बाँच्ने थिएँ कि !

र मेरो कीर्ति राख्ने नाममा
परिवारजनबाट पनि
भएको सम्पत्ति
दुरूपयोग गर्नु सट्टा
जीवित छँदै मेरो उपचारमा
अलि बढी ध्यान दिएको भए
सरकारले पनि समयमै
केही सहयोग गरिदिएको भए
सायद, सायद
चारैतिरबाट हतास निरास भएर
यति छिटो
यस्तो सकसपूर्ण मृत्युवरण गर्नुपर्ने थिएन कि !

अब माटो भैसकेपछि
फ्रेमभित्रको फगत्
एउटा तस्बिर भैसकेपछि
यी प्रशंसा सहानुभूति



सहृदयताका
खोक्रा शब्दहरूको के अर्थ ?

त्यसैले भन्छु
बन्धुहरूको
यी तिम्रा अमूल्य शब्दहरूलाई
कृपया आफैसित
जोगाएर राख
भोलि फेरि तिमीहरूमध्ये
कोही मर्दा
काम लाग्नेछ
अक्षरका व्यापारीहरू ।●



web source: www.khasskhass.com

# परिवेश

■ **मञ्जुल**

घर होस् या मन्दिर होस्
तर त्यो आफ्नै शैलीको

त्यसको छेउमा रूख होस्
वा रूखहरू हुन्
तिनीहरू ध्यानस्थ हुन्

रूखसँग आकाश होस् -सीमाहीन
आकाशमा चराहरू हुन् - स्वतन्त्र

चरा उडेको हो कि आकाश उडेको हो
आकाश उडेको हो कि आफू उडेको
पटक्कै थाहा नपाइयोस्

उड्दा-उड्दै ध्यानस्थ हुन पाइयोस्
ध्यानस्थ हुँदाहुँदै उड्न पाइयोस्

सहनाई बजोस् कतैतिर
या ढोल या घण्ट
सङ्गीत आफू भएर नाचोस्, या आफू
सङ्गीत भएर नाच्न पाइयोस्

मलाई धूलो हुन पाए पनि हुन्छ,
किरणको रेसा हुन पाए पनि हुन्छ
मलाई खस्दै गरेको पात हुन पाए पनि हुन्छ

छेवैको नदी हुन पाए त झन् कति हो कति राम्रो
मलाई यो परिवेशको जे हुन पाए पनि हुन्छ।●

# आमालाई चिठी

■ **पवन आलोक**

त्यो सुदूर पूर्वको क्षितिजमा
सूर्यका तेजिला किरणहरूसँगै
तिम्रो मायालु अनुहार
प्रस्ट देखिरहेछु आमा
आकाशभरि झलमल
जून र तारा पोखिएको बेला पनि
तिमीलाई नै देखिरहेछु
त्यहाँबाट तिमीले बर्साएको शीतलता
तिमीले बर्साएको स्नेह र ममताको अमृतले
धन्य भएको छु
तिमीलाई सधैँ देखिरहन्छु
झरनाहरूमा, शीतका थोपाहरूमा
हिमालहरूमा, फूलहरूमा
जताततै
मलाई म बनाउने तिमी नै हौ
यो सुन्दर संसार देखाउने तिमी नै हौ
सबथोक दियौ तिमीले
तर मैले केही दिन सकिनँ
आमा ! मलाई माफ गरिदेऊ
मेरो जीवन भनेकै तिमी
मेरो अस्तित्व भनेकै तिमी
सबथोक दियौ तिमीले मलाई
तर मैले पीडाबाहेक केही दिन सकिनँ
आमा ! मलाई माफ गरिदेऊ।●





web source: www.khasskhass.com

# जरासन्ध

■ **कृष्ण प्रसाईं**

जरासन्ध फेरि ब्यूँझिएको छ
उसलाई थाहा छ
फैलिनुको मजा
अनि थाहा छ
बन्दी बनाउनुको मजा
यतिखेर
तिम्रो जो भूखण्ड छ,
सङ्कटकालको नाउँबाट–
अघोषित दासतासँगै
निरीह र नाजुक गुज्रिरहेछ ।
आफै इमानदार नहुनुको नाममा–
तिमीलाई लाञ्छना लाग्यो भने पनि
अन्यथा नठाने हुन्छ तिमीले
जसलाई तिमी विश्वास गरिरहेका छौ,
जरासन्धले उसलाई पनि किनेको छ
र उसले जरासन्धकै नुनको सोझो गर्दैछ ।

सिपालु छ जरासन्ध,
कहिले दिएजस्तो गर्छ –
तर जति दिन्छ,
त्यसको दशौं गुणा –
तिमीबाट आफू लिन्छ
कुनै गाउँ छैन त्यस्तो
जहाँ जरासन्ध नपुगेको होस्
कुनै नाउँ छैन यस्तो



जहाँ जरासन्ध नछाएको होस्
कहिले जोगीको जर्रो–केश भएर–
कहिले रावणको नक्कली भेष भएर,
अभ्यस्त छ जरासन्ध,
हमेसा स्रोत र सम्पदामा
निरङ्कुश पासा फालिरहन्छ ।
मात्र यतिले नपुगेर
कहिलेकाहीँ जङ्गी जरासन्ध,
हिमाल अग्लिएकोमा पीर मानेर
सगरमाथालाई समेत सरापिरहन्छ ।
गाईको रङ्मा स्यालको मन बोकेर,
पल्किसकेको छ जम्बू जरासन्ध–
खर खजाना लुट्नलाई,
साँध–सिमाना मिच्नलाई
र असङ्ख्य असूर बहाना बनाएर,
बारम्बार च्याखे थापिरहनलाई ।
किमार्थ डराउँदैन जब्बर जरासन्ध,
नागपाशमा पार्न तिमीलाई –
र कसैगरी लजाउँदैन ज्याद्रो जरासन्ध,
चाक्रव्यूहमा घेर्न तिमीलाई ।
खबरदार बोलिरहेछु म !
जरासन्ध यतिखेर–
जाल थापेर जागा बसेको छ ।
धरापमा पारेर तिमीलाई
भेटेसम्म सिङ्गै निल्न–
भीमकाय जाली जरासन्ध,
सधैं दाउ हेरेर बसेको छ ।●

*नोट : महाभारतकालीन असुर राज । जसले सयौं निमुखा राज्य प्रमुखहरूलाई बन्दी बनाएको थियो ।*



web source: www.khasskhass.com

## गफ गर्दै, हात हल्लाउँदै, हल्ला मच्चाउँदै

■ आर.आर. चौलागाईं

गफ गर्दै, हात हल्लाउँदै
अनि हल्ला मच्चाउँदै हिँड्न सक्तिनँ
मान्छेहरू मलाई
'ठूलो भएछ, बोल्दैन' भन्छन्
अरूका कुरा लाउँदै, कान फुक्दै
अनि भेटेका जतिसँग मुख जोत्दै गफ गर्न सक्तिनँ
मान्छेहरू मलाई
'एकोहोरो भएछ, खुस्किएछ' भन्छन्

म आफ्नो काम गर्छु
आफ्नो बाटो हिँड्छु
आफ्नो पसिनाको कमाइ खान्छु
आफ्नो सपना देख्छु
मलाई अरूको खेताला भएर काम गर्न मन लाग्दैन
अरूले बनाएको बाटोमा हिँड्न मन लाग्दैन
अरूले कमाएको मानु हात पसारेर खान मन लाग्दैन
अरूले देखेको सपनामा रमाउन मन लाग्दैन
त्यसै भएर मान्छेहरू मलाई
'ठूलो भएछ, बोल्दैन' भन्छन्
'एकोहोरो भएछ, खुस्किएछ' भन्छन्

पहिला-पहिला कुनै बेला
अरूले छुटचाइदिएको भारी बोक्न पाउँदा
गजक्क परिन्थ्यो, दङ्ग परिन्थ्यो
अरूले कोरिदिएको बाटोमा आँखा चिम्लेर दौडिन पाउँदा
आफूलाई 'महान्' ठानिन्थ्यो
अरूले दारेर फालेको
हड्डी मात्र भए पनि चुस्न पाउँदा
ठूलै पुरुषार्थ गरिएछ भन्ने ठानिन्थ्यो
तर आज म आफू हिँड्ने बाटो
आफै बनाउन थालेको छु
थोरै भए पनि आफूलाई खान पुग्ने
आफैले कमाउन थालेको छु
आफ्नो सपना आफैले देख्न थालेको छु
त्यसै भएर मान्छेहरू मलाई
'ठूलो भएछ, बोल्दैन' भन्छन्
'एकोहोरो भएछ, खुस्किएछ' भन्छन्

म बाटोमा हरदम कविता सोचिरहेको हुन्छु
कहिले गीतको लाइन गुनगुनाइरहेको हुन्छु
कहिले गजलको रदिफ र काफिया बनाइरहेको हुन्छु
कहिले कथाको कुनै पात्रसँग कुरा गरिरहेको हुन्छु
तर मेरा वरिपरिका अधिकांश मान्छेहरूले
म पनि उनीहरू जस्तै भएको हेर्न चाहन्छन्
खै, किन किन ! म त्यस्तो हुन सक्तिनँ
उनीहरूको होमा हो मिलाउन सक्तिनँ
गफ गर्दै, हात हल्लाउँदै
अनि हल्ला मच्चाउँदै हिँड्न सक्तिनँ
मान्छेहरू मलाई
'ठूलो भएछ, बोल्दैन' भन्छन्
अरूका कुरा लाउँदै, कान फुक्दै
अनि भेटेका जतिसँग मुख जोत्दै गफ गर्न सक्तिनँ
मान्छेहरू मलाई
'एकोहोरो भएछ, खुस्किएछ' भन्छन् ।●





web source: www.khasskhass.com

## सबथोक बिर्स सुनकेशरी मैयाँ !

■ **गोविन्द गिरी 'प्रेरणा'**

तिम्रो सम्झनामा मैले
कति रात तकिया भिजाएँ भनेर
भने पनि नभने पनि
तिम्रो यादमा मैले
कति रात अनिदो बिताएँ भनेर
औँला भाँचे पनि नभाँचे पनि
सबथोक बिर्स सुनकेशरी मैयाँ
आजको साँझलाई
यो झर्दै गएको घामलाई
यो चढ्दै गएको अँध्यारोलाई
मात्तिँदै गएका
मनका रहरहरूलाई
हृदयको न्यानो नरम डसनामा
निस्फिक्री रमाउन देऊ ।

साँचो जस्तै जीवनमा
झूट पनि साथै हुन्छ अविभाज्य
साँचो हो भन्दै
कैयन्पल्ट तिमीलाई ढाँटेँहुँला
कैयन्पल्ट तिमीलाई ढाँट्दा
आफू पनि आफैसँग ढाँटिएँ हुँला
कति वाचा कसमहरू
वर्षे भेलमा बेपत्ता भए होलान्
सुकेका पात पत्कर र माटो ढुङ्गासँगै
सबथोक बिर्स सुनकेशरी मैयाँ !



मुटु कमाउने जाडो उर्लंदो छ बाहिर
पहाड पगाल्ने ज्वालामुखी हुर्कंदो छ मनमा
आऊ यो चिसो हातलाई
यो कठाङ्ग्रिँदो वातावरणलाई
हामीले एकसाथ तताइदिऊँ

सम्झना र बिर्सनाका बातहरू
लेकबेँसी गरिरहन्छन् सदासर्वदा
ओठका घाउलाई बिर्सेर
मनका आहतलाई बिर्सेर
खाटा बनेर बसेका दुःखहरूलाई
सिरानीमा राखेर
बग्दै गरेको कुलोको पानीझैँ
सहज बनिदेऊ एकैछिन
यो जिन्दगीपछि कस्तो जिन्दगी हुने हो
वा क्यै नहुने हो
के पो भरोसा छ र
सबथोक बिर्स सुनकेशरी मैयाँ
बाँचुन्जेल नै त हुन् बन्ने
माया-पिरतीका कथाहरू
बिर्सेर सारा दुनियाँ
एकैछिन आँखा चिम्लन्छु म
एकैछिन आँखा चिम्लिदेऊ तिमी
एक भल न्यानो प्रेमको नदीलाई
बाफिँदै बाफिँदै बग्न दिऊँ आज ।●



web source: www.khasskhass.com

# हल्ला

## ■ दिव्य गिरी

ऊ ढुङ्गा हान्छ
झ्यालका सिसाहरू चकनाचुर पार्छ
ऊ रेलिङ उखेलेर बीचसडकमा फ्याँक्छ
एक हातले कालो झन्डा बोकेर
अर्को हातले ढुङ्गा हान्दै दगुर्छ
सडक-सडकमा नारा लगाउँदै
मुर्दावाद ! मुर्दावाद !!
गल्ली-गल्लीमा नारा भटचाउँदै
जिन्दावाद ! जिन्दावाद !!
उसको दौड बेतोड छ
उसलाई भेट्टाउन बर्दिधारीहरू
असिनपसिन हुँदै कुद्छन्
तर ऊ फेला पर्दैन
एक गल्लीबाट पस्छ
अर्को गल्लीबाट निस्कन्छ
नारा लाउँदै ढुङ्गा हान्दै दौडिन्छ
ऊ दिनभर दौडिरहन्छ
ऊ रातभर दौडिरहन्छ ।

हिजोआज ऊ
आफूलाई ठूलै नेता ठान्छ
आफूलाई ठूलै त्यागी ठान्छ
आफूलाई निकै साहसी ठान्छ
तर मान्छेहरू भने
उसलाई हल्ला मात्र भन्छन्



मात्र यौटा हल्ला मात्र ठान्छन्
तर उसको सानो हल्लाले पनि
देश नै हल्लिन्छ
ठूलाठूला जुलुस निस्कन्छ
नेपाल बन्द हुन्छ
दोबाटो चौबाटोमा टायर बालिन्छन्
मोटरगाडीहरू जलाइन्छन्
विनाकारण धेरैको ज्यान लिने हल्लाले
सधैँ सहर बारबार तातेकै हुन्छ
सधैँ सडक वारवार तातेकै हुन्छ
म चीसो हात खल्तीमा राखेर
चुपचाप सडक छेउ हिँडिरहेको बेला
मलाई आभास हुन्छ
हल्ला ठूलो-ठूलो स्वरमा हल्ला मच्चाउँदै
मेरो अघि-अघि दगुरिरहेछ
मेरो पछि-पछि कुदिरहेछ । ●



web source: www.khasskhass.com

## अन्तस्को उज्यालो

■ **ध्रुव मधिकर्मी**

चारैतिरबाट बन्द चौबाटो बीच
बेपत्ता सूर्य
र छोपिएको आकाशमुनि
म खोजिरहेछु
आफ्नो सामर्थ्यको खुसी
आफ्नो माटोको मुस्कान
र आफ्नै अन्तस्को उज्यालो ।

अतिशय छटपटी र कोलाहलका बीच
सलबलाइरहेछन् काला हातहरू
धमिल्याइँदैछ पानी निरन्तर
बुनिँदैछ सन्त्रास र भयको कठोर जालो
प्रायोजित अन्धकार पोतेर बलात्
आँसुको दह
र रगतको आहालमा
जीवनको सत्य अन्वेषण गर्न
अभ्यस्त हुँदैछन् आममान्छेहरू ।

भूमि र भित्ताहरू आफ्नै हुन्
तर टाँगिएका छन् यत्रतत्र पराइको ऐना
बाहिरबाट बन्द चुकुलभित्र
परिचयको साउती खोज्छन् अस्पष्ट आकारहरू
बोकेर समयको निरीह बिम्ब
भौँतारिँदैछन् गन्तव्य विपरीत दिशाहरू ।



एकलासमा उभिएर
म लगातार बोलिरहेको छु
कृत्रिम उज्यालो
र आयातीत शान्तिको खिलाफमा
फैलाइरहेछु अनन्त हातहरू
आफ्नै आँगनको सगरमाथासम्म
आफ्नै हृदयको लुम्बिनीसम्म ।●



web source: www.khasskhass.com

## माईपोखरी

■ **राधेश्याम लेकाली**

अनगिन्ती रङ्गीबिरङ्गी
माछाहरूको थुप्रोमा
शान्त दहको पानी
नौ आकारमा बान्की परेर
कुनै सोचमा डुबेकी
शृङ्गारयुक्त घरकी बुहारीझैँ
मेरो अगाडि छ
इलामको अनुपम प्रकृतिमोही
गुराँस ओढेकी माईपोखरी !

बुद्धको अनुहारझैँ निश्चल र शान्त
सिङ्गो स्वतन्त्र आकाशलाई
यसले आफ्नो आयतनमा समेटेको छ
म यसको हरियो दहमा
अझ गहिरिएर नियाल्छु
अनन्त गहिराइमा
बादल सजाएर बसेको
सिङ्गो नीलो आकाशसँगै
उन्मुक्त उडान भरिरहेका
ढुकुरका जोडीलाई पनि
आफ्नो ममतामा
यसले समेटेको छ

मानौँ यो दह
ममता हो



हरेक प्राणीलाई यसले
ममता बाँड्छे
भेदभाव, छलकपट र ईर्ष्याहीन यो
शान्तिको खानी हो

यसको आकर्षणमा
मुग्ध भएर सबै
तनावमुक्त हुन्छन्
यसको सुन्दरतामा
डुबेर सबै
आनन्दविभोर हुन्छन्

जति हेर्‍यो उति
नियाली राखूँ जस्ती
प्रकृतिको अनुपम उपहार
एकान्त जङ्गलबीच

कुनै सुन्दर गुलाब फुलेझैँ
यसको किनारमा
मनमोहिनी गुराँसका थुँगाहरूले
आधिपत्य जमाएर
मानौँ नवदुलहीलाई झैँ
यसलाई सजाएको छ
बिहेका अवसरमा बज्ने पञ्चैबाजा
चराचुरूङ्गीका सुमधुर आवाजहरूले
अनुभूत गरेको छ
किनारमा शिवजीलाई उभ्याएर
सप्तऋषिझैँ ध्यानमग्न
आफ्नो बैँसको प्रदर्शन गरिरहेकी
गुराँस ओढेकी
माईपोखरी
मेरो रोमरोममा बल्झिरहेछ ।●



web source: www.khasskhass.com

## विच्छेदित सम्बन्ध

■ **गोवर्द्धन पूजा**

हुनुको पीडाभन्दा
नहुनुको प्रतीक्षा मीठो हुँदोरहेछ
मन जलाउने सम्बन्ध- आगो
खुसी पगाल्ने उपस्थिति- घाम
बल्भिरहने लहरेखोकी- वचन
घोचिरहने अविश्वास- छारो
हो,
नजिकिनुको बिलौनाभन्दा
टाढा हुनुको समाप्ति सुमधुर हुँदोरहेछ

हाम्रो सम्बन्धको मैदानमा
यस्तै खेल खेल्यो नियतिले
तिमी हारेर पनि हार्न नमान्ने योद्धा
म जितेर पनि हाँस्न नजान्ने विजेता
अचम्मको प्राप्तिपीडा
नरमाइलो पराजय उत्सव
दुःखको वर्षामा मै रुझ्नुपर्ने
आशङ्काको हुरीमा मै उड्नुपर्ने
जति जिलाए पनि झाँगिरहने तिम्रो महत्त्वाकाङ्क्षा
जति सिलाए पनि उधिरहने मेरो भाग्य
समयको खहरेमा डुबेको कागज -डुङ्गे हाम्रो सपना
स्पर्शको पर्खाइमा रहेको च्यतिने चाहना
नाताभित्रको पराई चिसोभन्दा
पराई बाहिरको अपनत्व न्यानो हुँदो रहेछ
... ...

कोट्टाएर खाटा बिर्साइ
मीठो भ्रमपीडा बाँच्ने चाहना
आज अचानक ब्यूँझिएको छ
अब फेरि दुख्नुपर्ने छैन मैले
न त तिमीले नै दुखाउनुपर्ने छ मलाई
पीडाले आत्तिएका वादी मेरा रहर
खुसीले मात्तिएका प्रतिवादी तिम्रो स्वार्थ
हाम्रो प्रेमको अदालतमा
साक्षी बस्न आतुर छन्
आऊ सही छाप गरौँ
विच्छेदित सम्बम्धपत्रमा
नीलो मसीले ... ।●



web source: www.khasskhass.com

## तिमीभित्रको संसार

**■ सुस्मिता नेपाल**

तिम्रा सपनाहरूले बनाएको म
तिमी नै भएर
बाँचेको छु

बाहिरी आँखाले छर्लङ्ग नदेखिए पनि
तिमीभित्रको संसारमा
म सुरक्षित छु

तिमी भएर सास फेर्दा
तिमी भएर हेर्दा
तिम्रै आवाजबाट बोल्न पाउँदा
तिमी बाँचेको संसारको
चित्रले पछ्याइरहेछ मलाई

तिम्रा सपनाहरू
साकार पार्न
म रहेको ठाउँबाट
तिमी रहेको धर्तीमा आउँदा
के म
अहिले जस्तै
सुरक्षित हुन सक्छु ?●

## लालबुक जीवन

**■ गणेश राई**

रातो खोलको आवरणभित्र
निर्मित चारपाने कागजको कारागार
बन्दी छु भूतपूर्व गोर्खाली सिपाही म
बदलिएको छ मेरो चिनारी बूढो लाहुरे !
जो मैना मर्न बित्तिकै पेन्सन अफिस पुग्छ
र पेन्सन बुझेर एकछिन आफूलाई जवान ठान्छ

गोरा साहेबको छली अनुहार
र त्यसको आभूषणभित्र छिपेको जाली मगज
खै म के पढ्न सक्थेँ र
मेरो अज्ञानताको फाइदा उठायो उसले
र, बन्दी पार्‍यो मेरो पेन्सने जीवन पनि

मेरो जिन्दगीको नालायक पङ्क्ति ठडायो उसले अक्षर ठोकी
मलाई उसले सोधेन आफ्नै निजी जीवनको न्वारान गर्दा
दुबिधा या असहमत रहनुको कुनै तुक रहेन छाया जीवनप्रति
मै हुँ यो लालबुकमान्छे
स्वीकार्न म विवश छु उसको बदनियत
निर्दयता
र, फलामको छाती ।

भन्दिनँ, त्यहाँ राइफल नहोस् र कर्तव्य पनि
त्यहाँ एम्बुस नहोस् र मृत्यु पनि
जीवन पड्किन्छ प्रत्येक पाइला थिचिँदा
जीवन लास बन्छ हरेक सन्त्रास ब्यूँझिँदा
एम्बुसभित्र म आफैं ढलेछु लालबुक मृत्यु





web source: www.khasskhass.com

सेतो पानाभरि टाँगिएको कालो अक्षर जीवन
विवेकी तपाईं खुट्याउन सक्नुहुन्छ
लालबुक जीवन र मेरो जीवनबीचको भिन्नता

उत्तानो पल्टेको छु तपाईंको आँखामा म नालायक अक्षर
निष्पक्ष गर्नुहोला फैसला तपाईं दुवैलाई जाँचेर
गोर्खा ह्याटले उभ्याएको मेरो योद्धाजीवनको कद
र ढाका टोपीले चुलिएको मेरो स्वतन्त्र शिरको उचाइ
कुन अग्लो छ, कृपया नढाँटी भन्नुहोला

नो म्यान्स् ल्यान्डमा अलपत्र थोत्रो बुटको पदचाप
हरायो भन्ठानेको लालबुकको पानामा पो खसेछ !
सम्झेथेँ, खुकुरीको चम्काई दुश्मनको मृत्युमा बिलायो
रूपान्तरित अक्षर त्यो मेरै जीवन पो उभिएछ

कस्तो विडम्बित ! जीवन मेरो
राइफल उभिँदा उभिँदा होचिएको कद
आँगनमा टेकेको हात्तीछाप चप्पलको पाइला खै कहाँ हरायो !

रगतको फाल्सामा फुलेको पपिफूलको नमीठो हरक
ठोक्किन आउँला ! अप्रत्यासित तपाईंको नाकमा
युद्धभूमिमा रोएको घाइते सिपाहीको चीत्कार
रेटिन आउला तपाईंको हृदयको पहरामा
अथवा असहाय सिम्माको आँखाबाट तप्केको बलेसी
भिज्न आउँला तपाईंका आँखामा

अन्योलमा छु कसरी म बेकामे लालबुक भएँ !
कसरी म लालबुकभित्र जाकिएँ !

लालबुकको कठघराभित्र सीमित पेन्सने सिपाही
अस्वीकार गर्छ यो सीमितता
सिताङभन्दा विशाल पसिनाको नदी
इम्फालभन्दा उच्च बैँसको उभार
तोब्रुकमा बगेको रगतको नाइल
मानचित्रभरि बिस्फारित गोर्खाली योद्धा

कसरी खुम्च्याइएँ जाबो कागजको पानाभित्र !
कसरी बन्दी भएँ म बेकामे लालबुकभित्र !!

ओ, गोरा साहेब !
जवाफ देऊ
न्याय खोज्न म
लालबुक उभिएर
तिम्रै अदालतमा हाजिर छु

म लालबुक मृत्यु बाँच्न सक्तिनँ ।●

## सपना

■ **डा. धनप्रसाद सुवेदी 'श्रमिक'**

अपरिचित अधबैंसे मान्छेले
एक्कासि च्याप्प समायो
र, मलाई भन्यो–
भूमि हैनौँ ?
म 'धनप्रसाद' मैले भनेँ
उसले सम्झायो–
हो धनप्रसाद तिम्रो बोलाउने नाउँ– भूमि

मैले उसलाई चिनिनँ
ऊ चिनाउन थाल्यो–
हामीसँगै गोठालो जान्थ्यौँ
ऐँसेलु, काफल टिपी खान्थ्यौँ
बाँदर र ढुकुर भगाउन
ट्यापट्यापे बजाउँदै– 'लो है, लो है' गर्थ्यौं
रूपाकोट र पारि भित्ता
मान्द्रे र कटुस टिप्न जान्थ्यौँ
सँगै गोल र गट्टा खेलेको बिर्स्यौ ?
सँगै धुलौटे पाटीमा 'पाटी प' पढेको बिर्स्यौ ?

मैले अझै चिनिनँ भनेँ
उसले अँध्यारो हुँदै भन्यो–
तिम्रा बा गाउँभरिका पुरेत
मेरा बा गाउँभरिका हली
चालीस सालमा नापी हुँदा
हाम्रो जग्गा



मुखिया बाका नाउँमा दर्ता भएपछि
हामीले आधा रातमै गाउँ छाड्नुपऱ्यो
अब चिन्यौँ ?
मैले निधार खुम्च्याएँ, र
नचिनेको जनाउ दिएँ

उसको अनुहार अझै अँध्यारो भयो र भन्यो
पढेको थिएँ–
तिम्रा कविता र गीतमा गरिब र श्रमिकका कुरा
सुनेको थिएँ–
तिनी कुनै गरिब र श्रमिकको पार्टीका सदस्य छौँ रे
तिमी पढेलेखेका मान्छे
तिमी पनि बिर्संदा रहेछौ
जसरी नेताहरू बिर्सन्छन्– जनता र विगत
ल त बिदा
ऊ सरासर बाटो लाग्यो र ओझेल पऱ्यो

मैले अचानक उसलाई चिनेँ
ऊ मेरो बालसखा तेजबहादुर भुजेल
म 'तेजु तेजु' भन्दै कराउन थालेँ
हैन के भो भन्दै श्रीमतीले झकझकाइन्
झल्यास्स ब्यूँझेँ
कस्तो सपना देखेछु ।●

# सहिद चोकमा सालिकको माला

■ **विष्णु सुवेदी**

जब एकाबिहानै आँगनमा
एउटा कालो कागले
बिस्ट्यायो
हिजोसम्म तिमीले टेकेको
पाइलाका डोबहरूमा
र करायो एकाएक
रच्छ्यानमा अशुभ !

ठीक त्यसै बखत
चस्किएको थियो मेरो मुटु
चसक्क !

त्यतिबेला नै हो
म अलिकता दुखेको थिए
तिमी अलिकता दुखेका थियौ
देश अलिकता दुखेको थियो

जब अचानक एकदिन
सहिद चोकको सालिकले
गलामा धारण गरेको  माला
हरायो एकाएक
त्यसै बेला
सहर सुतेको थियो एकनास
सहिद चोक सुतेको थियो एकनास



तिम्रा प्रिय मनहरू सुतेका थिए एकनास
र तिमी सहिद जागै थियौ

उही पुरानो रवाफमा
उही पुरानो गतिमा
र उही पुरानै सपनामा ।

ठीक त्यसैबखत
चुँडिएको हो
तिम्रा सुन्दर सपनाको कलिलो मुना
ठीकै त्यसैबखत
पुछिएको हो
तिम्रो निधारको रातो सिन्दूर
ठीक त्यसैबखत
कुल्चिएको हो तिम्रो आस्था र विश्वास

आजकाल
सुनिँदैछ गाउँगाउँमा
त्यो तिम्रो सुन्दर सपना
त्यो कहिल्यै नओइलाउने दूबोको माला
रगत भन्दा रातो सिन्दूर
खल्तिमा हालेर
हिँडेका छन् रे ।
तिम्रै सहयात्रीहरू
तिम्रै सारथीहरू !

भन त ए सहिद चोकका
महान सहिदहरू
के यो आरोप सत्य हो ?
झुपडीहरू त्यही भन्दैछन्
बस्तीहरू त्यही बोल्दैछन् ।●



web source: www.khasskhass.com

## नग्न मानवचित्र

■ **पूर्ण इन्फादा**

धराप भोकमरीहरू
स्वप्न युद्धका कोलाज बोकेर
क्रमशः चित्रमा प्रवेश गरिरहेका छन्
उफ् ! यी नग्न मान्छेहरू
लासहरूको बादलमाथि नाच्दै
विकीर्ण लाजहरू बोकेर
चित्रबाट भागिरहेका छन्- टाढाटाढा
टाढाटाढा- गन्तव्यहीन
नग्न मानव !
त्रासद् युद्ध !
हाँसिरहेका छन्- विभ्रम प्रयोगशालामा
र अभ्यस्त छन्- चुम्बनहरू बाँड्न
अभिसारिका नायिकाजस्तै
यी अमूर्त दृश्यहरू
सन्तप्त हेरिरहेका छन्- अमूर्त क्रिडाहरू
रडहरूको नग्न भीड
हातहातमा कामान्ध नृत्य बोकेर
व्यस्त छन्- प्रहसनमा
प्रतिबिम्बहरू !
झुन्डिएका छन्- चित्रमा
र चित्रहरू !
उभिएका छन्- नग्न इतिहासको तारमाथि !●



## गजल

■ **रासा**

दुःख धेरै पाएको आफ्नै गल्तीले हो
धोका ठूलै खाएको आफ्नै गल्तीले हो

पानी पर्दा चुहुने हाम्रै घर हो नि,
छानो त्यसै छाएको आफ्नै गल्तीले हो

विष भनी जानेरै पिउन पल्किएँ
मुख ठाडै बाएको आफ्नै गल्तीले हो

के-के मात्र पाइन्न घरभित्र खोजे
माया जुठै लाएको आफ्नै गल्तीले हो

सबै कुरा नजिकै पुगिसरि थियो,
'रासा' टाढै धाएको आफ्नै गल्तीले हो ।●

## तस्बिरमा दुःख

■ **अभय श्रेष्ठ**

यो प्रदर्शनीको भित्तामा टाँगिएको
सुन्दर, स्निग्ध र उदास
युवतीको तस्बिर देख्दा
किन यस्तरी हल्लिन्छ मेरो मुटु ?

हरियो जङ्गलबाट फुत्त निस्कने
हरिणजस्ता यी सुन्दर आँखा
र, यी आँखाबाट फैलिरहेको
अलिखित संविधानजस्तो अनन्त उदासी
किन यस्तरी परिचित लाग्छ मलाई ?

किन आत्मीय लाग्दैछ
चन्द्रमाको कालो छायाँजस्तो
यो दुःखी हाँसो ?
यी आँखा
यी प्रेमिला हात
किन आफ्नै-आफ्नैजस्तो लाग्छ मलाई ?

खुलेका यी ओठ
सुन्दर दाँतका यी लहर
यो हाँसो
किन झूटो लाग्छ सत्ताजस्तै ?
किन मोनालिसाको दुःख
बल्भिरहन्छ मेरो छातीमा बारम्बार ?



के आँखाजति मानिसलाई पढ्न सकिने
सुन्दर किताब संसारमा केही छ ?

यो प्रदर्शनीको भित्तामा टाँगिएको
दुःखी युवतीको तस्बिर देख्दा
किन बन्द हुन खोज्दैछ मेरो हृदयगति ?

मेरो दुखको पर्दाबाट चिहाइरहने
को हुन् यी
जसलाई देख्दा
सभ्यताको असभ्य सत्ताद्वारा
हत्या गरिएकी मेरी आमाको याद
आज फेरि मलाई
आइरहेछ बारम्बार ?●



web source: www.khasskhass.com

# ढुङ्गासँग जबाफ छैन

## ■ टीकाराम उदासी

अझै पुजिरहेछन्
केही मूर्खहरू ढुङ्गा
र, मागिरहेछन् उसैसँग
समयले निरन्तर सोधिरहेको
एउटा अँध्यारो प्रश्नको उज्यालो जबाफ
तर बीच बाटोमै बसिरहेको ढुङ्गा
चुपचाप-चुपचाप छ
ढुङ्गासँग समयको जबाफ छैन
ढुङ्गा बोलेको कुनै इतिहास छैन

मधुरो मधुरो बन्दैछ घामको पदचाप
अधुरो अधुरो बन्दैछ कविताको पङ्क्ति
र, बढिरहेको छ उसैगरी
बेहिसाबसँग भाटहरूको जुलुस
इतिहासको कठघरामा उभिएर
फैसला मागिरहेछन् प्रमिथसहरू
र, केही मूर्खहरू
अझै पुजिरहेछन् अनवतर ढुङ्गा

जानेहरू- गइरहेछन् अनवरत
आफ्नै सपनाहरूको मलाम
बोल्नेहरू- बोलिरहेछन् उसरी नै
आफ्नै इतिहास-यात्राविरुद्ध
यो बेला बतासहरू पनि
चुपचाप छन् एकनाससँग



पहाडहरू पनि आश्चर्यमग्न छन् एकनाससँग
नदी, जून र ताराहरू
सबै-सबै चिन्तामग्न छन् एकनाससँग
समयसँग बेखबर केही महामूर्खहरू भने
ढोगिरहेछन् ढुङ्गा एकनाससँग
र, सोधिरहेछन्
आफ्नै असुरक्षित वर्तमानको
निर्जन जङ्गलमा हराइरहेको
कुनै कपटी ज्योतिषीलाई जसरी
ढुङ्गासँग आफ्नो भविष्यवाणी

मानिस नै थियो कुनै बेला
एउटा उज्यालो घामको बाटो छेकेर
अहिले यसरी बीचबाटैमा बसिरहेको ढुङ्गा
विचारको इन्द्रेनी पनि थियो ऊसँग कुनै बेला
संवेदनाको समुद्र पनि थियो ऊसँग कुनै बेला
अचानक भएर
एउटा कमजोर समयसँग पराजित
ऊ भएको छ फगत ढुङ्गा
तर पनि केही मूर्ख मानिसहरू
अझै पनि उसैमाथि चढाइरहेछन् सुन्दर विश्वास
र, अमूल्य आस्थाका रङहरू
उसैगरी पुजिरहेछन् ईश्वरको कुनै प्रतिमाझैँ
घामको बाटो छेकेर
बीचबाटोमा बसिरहेको ढुङ्गा
र, मागिरहेछन् एकनाससँग
समयले निरन्तर सोधिरहेको
एउटा अँध्यारो प्रश्नको उज्यालो जबाफ
तर बीच बाटोमै बसिरहेको ढुङ्गा
चुपचाप-चुपचाप छ
ढुङ्गासँग समयको जबाफ छैन
ढुङ्गा बोलेको कुनै इतिहास छैन ।●

## एउटा नोटको जीवनी

■ **भूपिन व्याकुल**

मेरो हातमा
हजारौँ हातहरूको फोहोर टाँसिएको
कागजको एक नोट छ
म त्यसको जीवनी पढिरहेछु

यो नोटको जन्मको बारेमा
म बिल्कुल अनविज्ञ छु
तर थाहा छ मलाई–
कुनै बैङ्कको सफा कुनाबाट
यो नोटको फोहोर यात्रा सुरु भयो

एक खचाञ्जीले
जिब्रोको थुकमा बूढीऔँला चोबेर
गन्यो यो नोट
र पहिलोपटक थमायो ग्राहकको हातमा

बैङ्कबाट बाहिर निस्किएपछि
नोट पुग्यो
मासु पसलमा
नोटमा मासु पसलेको हातको आलो रगत टाँसियो
त्यसपछि पुग्यो नोट
रूघाग्रस्त साहुको हातमा
नोटमा साहुको सिँगान टाँसियो
त्यसपछि पुग्यो नोट
कुनै आसामीको हातमा



जो भर्खरै पिसाब फेरेको हातले
नोट गन्दै थियो

म सोचिरहेछु
फोहोरले चिरहरण गरिरहेको नोटले
कसरी बनाउँछ मानिसको दिमागलाई सफा ?

पुग्यो नोट
भर्खरै बाथरुममा सेफ्टी प्याड निकालेर
बाहिर निस्किएकी मालिक्नीको हातमा
त्यसमा टाँसियो
मासिकश्रावको रगत ।

पुग्यो नोट
यौन कर्मीको हातमा
जसमा टाँसियो चिप्लो यौनरस ।
भ्रष्ट, तस्कर, दलाल
पन्डा, नेता, हिपोक्रेट
सबैको हात–हातसम्म
नोटको यात्रा जारी रह्यो ।

एकपटक बढो मुस्किलले
गरिबको हातमा पनि पुग्यो नोट
जसमा उसको आँसु
र पसिना पनि मिसियो
तर भोलिपल्ट नै नोट पुग्यो
बेरोजगारीले किलकिले अँठाएर
कुलतमा फसेको
कुनै युवकको हातमा
त्यसमा गाँजाको गन्ध टाँसियो
अफिमको वासना टाँसियो ।

लामो यात्रापछि
अन्त्यमा पुग्यो नोट



web source: www.khasskhass.com

एक भक्तको हातमा
भक्तले चढायो भगवान्लाई
त्यही नोट ।

म पढिरहेछु
एउटा नोटको रोमाञ्चक जीवनी
तर बुझ्रिरहेको छैन
कि किन चढाउँछ भक्तले देउतालाई
यो फोहोर नोट ?

किन सबैभन्दा सफा लाग्छ मानिसलाई
यो फोहोर नोट ?

मेरो हातमा
हजारौँ हातहरूको फोहोर टाँसिएको
कागजको एक नोट छ
म त्यसको जीवनी पढिरहेछु ।●

## आफ्नै घर परदेश भएको बेला !

■ **गीता कार्की**

कहीँ कतै हावासँग
गुन्गुनाएँ भने
त्यो तिमीसँगै कुरा गरेको हुनेछ

पुसको दिन
मकलभरिको भर्भराउँदो न्यानो
र मायाको चिनो बोकेर
पर्खिरहेको मेरो सपना र आफन्त
कतै हराएको हुनसक्छ

कुहिरोको देशतिर तिनलाई खोज्न
म परदेश हिँडे भने
बाटाभरि छापिएका डोबहरू
मेरै पाइला हुनेछन्

म हिँड्दा
आफ्नै घर परदेश भएको हुनेछ
आफ्नै टारबारीमा अरूले छाप्रो हालेको हुनेछ
त्यतिखेर
मलाई खोज्न कोही नआउन्

दूधकुण्डबाट बहेको पानीजस्तो
स्निग्ध मनको आफन्त र
गुराँसको मुस्कानजस्तो सपनासँगै
घामको लौरो टेकेर





web source: www.khasskhass.com

म फर्किनेछु
उषाले घुम्टो खोलेको समय

म फर्किँदा
परदेश घर भएको हुनेछ र
आँगनको डिलमा बुद्धजस्तो बसेको
तुलसाको मठमा बलिरहनेछ अखण्ड दीप !●

# जेन कविता

■ छविरमण सिलवाल

***एक***

कुरा काट्नेहरूको
मुख थुन्न कहाँ सकिन्छ र ?
आफैले खनेको खाल्डोमा
आफै पर्न सकिन्छ भन्ने
खै, बुझेका उनीहरूले ?

***दुई***

अहम् कहाँबाट आउँछ मान्छेमा
बसेपछि कुर्सी
छोड्नै नमान्ने
उसलाई थाह नभएकै होला त ?
कुर्सी त के
यो धर्ती नै एकपटक छोड्नै पर्छ ।

***तीन***

रूख काटेर
धन जोड्नेहरूलाई
रूखले भन्दै थियो,
म बोल्न नसकेरै
मलाई हेप्छन् काट्छन्
मेरो हत्या गर्छन्
थाह छैन तिनलाई
मैले नै अन्तिममा
खरानी बनाउनुपर्छ ।●





web source: www.khasskhass.com

# सपनाको ट्रान्जिट

■ **अनमोलमणि**

हुनहुनाएर एकनास बग्दैछन्
कालो सडकको नाङ्गो छातीमा मेरा सपनाहरू

यो साँझ म सपनाको ट्रान्जिटमा छु !

कलेटी परेका मेरा कुर्कुच्चा देखेर डराउँछ काठमाडौँको सिरेटो र ठिही
सिँगान पुछ्दा-पुछ्दा कटकटिएको मेरो पुरानो सर्टको बाहुला देखेर आत्तिन्छ
सरुवा रोगको भाइरस
मजस्तै एक्लो बिजुलीको पोल साथी खोजिरहेछ
मजस्तै एक्लो खैरो कुकुर साथी खोजिरहेछ
वसन्तपुरको डबलीमा
जूनकीरीजस्तो बेला बेला पिलपिल बल्ने
बिजुली बत्ती साक्षी राखेर म भन्न चाहन्छु,
'ओ मान्छेहरू !
मलाई पनि पढ्न मन छ,
मलाई पनि मेरो नाम लेख्ने मन छ
हेर मेरा आँखामा पनि छन् तिमीजस्तै ठूलो र असल मान्छे हुने सपना ।'

यो साँझ म सपनाको ट्रान्जिटमा छु !

मलाई हेक्का छैन कुन मोडमा छलिए मेरा बाउआमा
जसलाई खोज्दै आइपुगेँ सहर
नभेटेर कतै सहाराको छहारी
ढेस्सिएर वसन्तपुरको चिसो सिँढीमा
तानिरहेछु फिल्टर मात्रै बाँकी रहेको जुठो चुरोट



चमक हराएको काष्ठमण्डपको गजुर हेर्दै फालिरहेछु
ध्वाँसे आकाशतिर चुरोटको ध्वाँसे धूवाँ
त्यही धूवाँले छेक्छन् मेरो सारा सपना

हरेक साँझ सहरको साघुरो गल्लीबाट हिँड्छन् कवि, पत्रकार
कलाकार र नेता
भट्टीबाट हूलका हूल निस्कन्छन्
अधिकारका दलाल
पटकपटक ठोकिएर उनीहरूसित
टुक्रा टुक्रा भएर छरिएका छन् मेरा सपना अँध्यारो भुइँभरि
सम्हाल्न नपाउँदै छरिएका सपना
हरेक बिहान पुग्नुछ मलाई वेग सुस्ताएको बागमतीको किनार
सुस्केरा हराएको विष्णुमतिको पुछार
मैले ल्याउनु छ एक धोक्रो पुराना प्लास्टिक
किन्नु छ नयाँ सडकमा बासी समोसा

र मलाई बन्नु छ यो सहरमा
सुकिलो, ज्यानदार र धोद्रे स्वर भएको
फिल्मको जुल्फिदार नायक राजेश हमाल !

चिरिएको आकाश
त्यसैगरी चिरिएको छ दुई फ्याक भएर
यो छाती र मुटु
जसरी चिरेथ्यो म चढेको हवाईजहाजले त्यो विशाल आकाश
र त्यसपछि भयौँ हामी दुई किनार

धूलाम्य सडकका कणहरूबाट बिलाइसक्यो होला मेरो पैतालाको दाग ।●



web source: www.khasskhass.com

## फड्के किनाराको साक्षी सर्वाधिकार

■ **घनेन्द्र ओझा**

म बनेर फड्के किनाराको
साक्षी नियालिरहेको छु,

गुँड भत्काइएका निर्वासित चराहरू
गाँस लुटिएका भोका पेटहरू
छानो भत्काइएका झुप्राहरू ।

भोक होइन
आगो बलेको छ पेटमा
ठण्डी होइन
आगो लागेको छ आङमा ।

यी भयाक्रान्त अनुहारहरू
विक्षिप्त मनोदशा बाँचेर
वीरबलको खिचडी
पकाइरहेका छन्
उफ् !
सुदूर भविष्यको नीलो आकाश
आदिम इतिहासको पानामा
रङ्गाइरहेछन् नानीहरू ।

पैँचो मागेर एक मुठी आशा
उधारो मागेर एक अञ्जुली आस्था
अथवा,



किनेर एक झोला भरोसा
ल्याउँथेँ म पाइने भए कतै ।

यो निस्तब्धता
यो निस्सिमता
यो उकुसमुकुस
ओहो, कहिले फुल्छन् यी वागहरू ?
कहिले भुनभुनाउँछन् यसमा भवँराहरू
निर्भीक भएर ?

म फड्के किनाराको साक्षी
नियालिरहेको छु अधकल्चा र अनिँदा आँखाहरू
फुस्राफुस्रा र टिठलाग्दा अनुहारहरू
त्यो नीलो जो देखिन्छ मान्छेका
आँखामा लाग्छ, जमेको छ समुद्र
किन बग्न सकेन त्यो आँसु ?
किन व्यक्तिन सकेन पीडा मान्छेहरूको ?

कतै अर्को क्रान्ति त पर्खिरहेको छैन समय ?●



web source: www.khasskhass.com

# रातको सन्नाटा

■ **शकुन्तला जोशी**

जब उनीहरू निस्किए अगुल्टो बोकेर
काँपिरहेको थियो रातको सन्नाटा

कुनै समय थियो
आफ्नै बतास थियो उनीहरूको
पानी थियो
आफ्नै माटो थियो उनीहरूको
घाम थियो
आफ्नै फूलबारीमा रमाउनु
आफ्नै खोरियामा तोरी फुलाउनु
दुःखका धागोलाई प्रेमको चर्खामा टाँग्नु
र खाकीका दौरा बुन्नु
घाममा टाँगेर चिसो पिठ्यूँ
जाडोको झरी छल्न घुम बुन्नु
चोपल्दै नदीमा रातो रुमाल
र ढुङ्गामा सुकाउनु अधुरो प्रेमको बाछिटा
बगिरहेको लामो जीवन गीत
आफ्नै भाकामा
यसरी नै गाइरहन्थे उनीहरू

अलिकति टेढिएको आफ्नै आँगन थियो
भिरालो अप्ठ्यारो तर आफ्नै बाटो थियो
आफ्नै उत्तिस घारी र मकै बारी थियो
आदिम कुवा र अँगेना थियो
पुर्खाको नाभी गाडिएको अँगेनामा



हरदम बलिरहेको त्यही आगो
यसरी नै तापिरहन्थे उनीहरू

एकदिन महाराजले उर्दी गरे,
त्यसरी बलिरहनु हुन्न
रैतिको अँगेनामा आगो
त्यसरी भरिरहनु हुन्न तिनको पँधेरामा पानी
बिनाआदेश कसरी फुल्न सके– तिनको बगैँचाका फूलहरू

कसले भन्यो र घाम पुग्यो तिनको आँगनसम्म
किन घुमिरहन्छन् बतास तिनको वरिपरि ?
कसरी हुन पुग्यो यो बेथिती ?
हो, त्यही दिन चुडाइएको थियो
उनीहरूका सग्ला हातखुट्टाहरू
फुटाइएको थियो तिखा आँखा र
गिडिएका थिए टाउकाहरू
उनीहरूकै छातिबाट बगेका तातो रगतले
निभइएको थियो अँगेनाको आगो
र उनीहरूकै लासको पर्खाल उभ्याएर
छेकिएको थियो घाम आँगनको
जुँगै बितिसक्दा पनि घाम झुल्किन नछोडेपछि
नदीको बहाव नरोकिएपछि
शताब्दीले अन्तिमपल्ट कोल्टे फेरेको यो रात
जगाएर शरीर प्राणले
भरेर आँखामा विद्रोहको आगो
जब निस्किए उनीहरू
अगुल्टो बोकेर पर्खाल बाहिर
काँपिरहेछ रातको सन्नाटा ।●



web source: www.khasskhass.com

# अँध्यारो विरुद्ध

■ **प्रतिरोध कार्की**

तिमी जहाँबाट बाहिरिएकी थियौ
म त्यही सम्झनामा गरिरहेछु

बारीको पाटोमा रोपेको त्यो अन्नबाली
खेतको डिलमा रोपिएको त्यो भटमास
मैले त्यति बेलै अँध्यारोलाई बाई गरेँ
सम्झिरहेँ तिमी हिँडेको पाइला
तिमी बाहिरिएपछि
उज्यालोको अनुहार हेर्दा
अँध्यारोको लप्काले छोपिरह्यो

म त्यहीँबाट तिमीलाई सम्बोधन गरिरहेको छु
हे प्रिय ! मौसम बदलियो
घाम घरदैलोमा आउनै पाएन
अन्तै कताबाट अपहरित भयो
हामीले गल्ली-गल्लीमा मसाल बालेर खोज्यौ
सायद मसालको रापले होला घाम आउनै सकेन
लाग्छ तिमी विनाको घाम र
तिमीविनाको देश उस्तै उस्तै भयो
कुरुक्षेत्र लाग्ने अँध्यारोले किल्ला जमाएजस्तो
पल्लाभारी हाम्रो भन्दा उनीहरूकै बढी
इतिहास हेरेर म साह्रै भयभीत छु
पीडा देखेर आक्रोशित छु
मृत्युमा तिमी हुने छैनौ म पनि हुने छैन



दिउँसै उज्यालो खोजेर हिँडेको
म यात्री
अँध्यारोलाई अँध्यारो कसरी भनौँ
बरु म अदालत जान्छु प्रमाण जुटाउँछु
दिउँसै अँध्यारो भएको लिखत ल्याएर
अदालतमा पेश गर्छु । ●



web source: www.khasskhass.com

# न्यातापोलको देशमा

## ■ रामगोपाल आशुतोष

सर्वोच्च,
न्यातापोलको देशमा
नतमस्तक भूपतिन्द्रको सालिक नजिक
विश्वासको माटोमाथि भरोसाको इँटा थपेर
कलाको अनुपम घर निर्माण गर्न
निमग्न छन् अरनिकोहरू
एकपछि अर्को तला थप्न

पचपन्न झ्यालको देशमा
स्वर्ण मूलद्वारको एउटा कविको
कलात्मक कविताको भव्य दरबार
यसरी तयार छ नववधूझैँ
विम्ब, ओढेर घुम्टो काष्ठकला, मूर्तिकला
प्रखर वास्तुकलाको झकिझकाउ चाँगुनारायण

सर्वप्रथम
जहाँ बास बस्न आउँछ
रविको प्रथम प्रहर
पर्यटकीय नगरकोटको शिर
मितेरी लगाउँछ सर्वोच्च शिखर सगरमाथा
दोस्रो
तिरैतिर बग्छ मनोहरा छातीमा पर्वत शृङ्खला
प्रतिबिम्ब बोकेर प्रकृतिको रमणीय छटा
तेस्रो
बादलको खास्टो ओढेर बसेको छ



स्वयम् आकाश गङ्गा लाखे र ज्याप् नाच रच्दै
चौथो
मनसुनको प्रथम वर्षा
दाफाको भजनमाला, 'वाः खासे खासे'[१]- को स्वरलहरी
पाँचौँमा
डेरा गरी बसेको छ सप्तरङ्गी इन्द्रेणी
बिस्केट जात्राको 'राम हा...'[२]- शक्ति आराधना
र 'घिन्तान्घिसि त्वाक'[३]- गाईजात्राको मौलिक नाचमा रम्दै
छैटौँ
आएको छ बास माग्न
स्वयम् बिहानी शीत धिमे, भुस्याँमुस्याँ र धाःखिंको तालमा
नागाचाः नाच्दै, गाउँदै वसन्त राग
सातौँ
उपस्थित छन् जूनमामा वास्तुकला बनेर
आठौँमा
निर्निमेष, निरवधि बेलीचमेली, फुलेका छन् भविष्यका नक्षत्रहरू
नवौँ तलामा
झुन्डिएको छ 'घर भाडामा'
जसका लागि निवेदन परेको छ धरतीपुत्री सीताहरूको
सुन्दर, शान्त, विशाल घर, हराभरा घर,
स्वतन्त्र घर, स्वाधीन धरतीपुत्रहरूको
नीलो आकाश देख्न चाहनेहरूको
समावेशी लोकतन्त्र, समतामूलक गणतान्त्रिक फूलहरूको
अन्तिम तलामा
स्वयम् मेरो महत्त्वाकाङ्क्षा बोकेर
मन्द पवन
पटकपटक भनिरहेछ नीलो रङ्गको
प्राचीन सहर मेरो घर
ऐतिहासिक गणतान्त्रिक नगरी
सार्वभौम, स्वाधीन भक्तपुर ।●



web source: www.khasskhass.com

## आमाको काख

■ **खिमानन्द पोखरेल**

आमाको काख
जति न्यानो हुन्छ
त्यत्तिकै हृदयस्पर्शी हुन्छ
जति मायालु हुन्छ
त्यति अपारदर्शी हुन्छ
जति शान्त हुन्छ
त्यति स्निग्ध हुन्छ

न्यानो काखबाट
सिर्जिएको शिशुको परिकल्पना
भित्र मडारिएको
न्यानो मायालाई
आमाकै वात्सल्यताको
पौरखले परिपोषित शैसवकाल
अनि परिलक्षित मेरा
अग्रगामी उन्मादका पाइलाहरूको शिखरमा चढेर
आमाको न्यानो काखको
प्रशंसा गरिरहेछु

मेरो उच्छ्वासमा कुँदिरहेछ
मेरो आमाको न्यानो काख
आजभोलि मलाई स्नेह दिने
आमाको न्यानो काखले
मातृ वात्सल्यताको चुम्बन दिइरहेछ
पीडाबाट विमुक्त गराइरहेछ



मेरो सौजन्यबाट प्राप्त
आमाको न्यानो काखबाट
पाउनुपर्ने आनन्दको न्यानो वर्षा गराइरहेछ
म र मेरी आमाको न्यानो काखले
एक आपसमा
अन्योन्याश्रित सम्बन्धको
दस्तावेजमा सहीछाप गरिरहेछ । ●



web source: www.khasskhass.com

## श्रीमान्

■ **कुवेर लिम्बुखिम**

मैले कविता लेख्न थालेँ
धरमर धरमर सम्झना छ
सायद मुटुलाई प्रेमले डसेपछि
मैले कविता लेख्न छाडेँ
स्पष्ट मिति याद छैन
सायद बिहेपछि

अचेल म आफै कविता भएको छु
बेअर्थले श्रीमती पढिरहन्छिन्
मेरो बोलाइ, हिँडाइ, लवाइ, रुवाइ
अर्थ खोजिरहन्छिन्
अफिस चाँडो निस्कनुको
घर ढिलो फर्कनुको
दाह्री नकाट्नुको, कपाल काट्नुको
म कविता भएको छु
मेरै हाँसो व्यङ्ग्य बनेको छ मेरो जिन्दगीको
मेरै सपना आँखामा पासो बनेको छ
म आफैलाई बुझ्दिनँ
तर अरूलाई बुझाउनु छ
छोरो हुँ, श्रीमान् हुँ, बुबा हुँ, साथी हुँ
म एउटा कविता हुँ
सबैलाई छुट छ– मलाई पढ र एउटा अर्थ लगाऊ
म कवि थिएँ कविता भएको छु
स्पष्ट मिति याद छैन
सायद बिहेपछि । ●

## एडिक छु मान्छे बन्ने सपनाको

■ **मनिषा गौचन**

जब पुच्छ्रेतारा
अन्धकार चिर्दै पूर्व लाग्छ
बार्दलीमा उभेकी म सोच्न थाल्छु–
    यही वेगमा कुद्न पाए
    म मेरो सपनाको आँगनमा पुग्ने थिएँ
मेरो सपना,
एउटा मान्छे बन्नुको
स्वतन्त्र मान्छे
स्वअस्तित्व बोकेको मान्छे
यो बजारिया दुनियाँमा स्वचालित मान्छे
    एउटा एडिक टिन एजर्स केटाकेटीझैँ
    म मेरो सपनाले एडिक छु ।
आमाभित्र हुँदै,
उनले मलाई सुमसुम्याइरहँदा
चुराको झन्कारसँगै बज्थ्यो
उनको आवाज–
    छोरी ! सपना देख् तँ
    एउटा मान्छे बन्ने सपना
    हजारौँ आमाहरूले बन्न नसकेको मान्छे
    छोरीहरूले बन्न नपाएको मान्छे
    तेरा दिदीहरूले नजन्मँदै गुमाएको मान्छे
    तँ जान्दिनस्,
    कसरी निकालिए तेरा दिदीहरू
    मेरो गर्भबाट
    बेसमय प्रसव बेथा लगाउने





web source: www.khasskhass.com

अक्सिटोसिन इन्जेक्सनले घोचेर
उफ् ! बिघ्न गहिरिएको
मेरो आँखाको तलाउ
भरिएर पनि पोखिँदै थियो
तल...तल...तल...
असह्य लामो लामो सास फेर्दै
मैले आफै मान्छे हुने सपना
तेरै दिदीहरूसँग पठाइदिएकी थिएँ
तल...तल...तल...
मेरो सपनाका टुक्राहरू
रगताम्य भएर कटकटिएका थिए
नीलो बाल्टीको पींधनिर
आज फेरि सपना देखेकी छु
तँलाई मान्छे बनाउने सपना
गुडियाबाट मान्छे
जाबो आइमाईबाट मान्छे
भ्रूण रोपाइ गर्ने खेतबाट मान्छे
यौनतृष्णा मेट्ने कुवाबाट मान्छे
चुलो चौकोमा चलिरहने रोबर्टबाट मान्छे
भीरपाखा जङ्गलतिर रोइरहने न्याउली चरीबाट मान्छे

तँलाई मान्छे बनाउन
भागेर आएकी हुँ म
नवौँ साँध काटेर
तेरो रूपाकारमा
लिङ्ग नभएको भिडियो एक्स्रेको कागज हल्लाउँदै
नीलो भएर उभिरहेको थियो ऊ
मेडिकलको ठीक त्यही पछिल्लो ढोकामा
जहाँबाट तेरा दिदीका नरम लासहरू
मेरो सपनासँगै बाहिरिएका थिए

यसरी,
मान्छे हुने सपना



आमाले नै देखाइदिएकी थिइन्
यही सपनाको पछि कुदिरहेकी छु
लड्दै-उठ्दै... फेरि लड्दै-उड्दै... लड्दै-उठ्दै
मलाई अल्झाउने लहराहरू
डर लाग्दा छन्
धर्म, संस्कार र परम्पराका
घीनलाग्दा झुसिल्कीराहरू टाँसिएको
म ती झुसिल्कीराहरू टेक्दै मार्दै
अघि बढिरहेकी छु
किनकि म एडिक भएकी छु
एउटा मान्छे बन्ने सपनाको
स्वतन्त्र मान्छे
निर्दिष्ट र निश्चिन्त मान्छे
स्वअस्तित्वले चलायमान मान्छे
यतिबेला,
पुच्छ्रेतारा कहाँ पुगिसक्यो
प्यासी आँखा बोकेर
मलाई अँगाल्न आउँछ एउटा मान्छे
जसलाई कहिल्यै लड्नु परेन
मान्छे हुनकै निम्ति ... ।●

# म मरेको साँझ

■ **हेम प्रभास**

म मरेको साँझ
हुनेछैन यो देशमा
कुनै हल्लाखल्ला !

रुनेछैन आकाश
भासिने छैन धर्ती
र, टुट्ने छैन– प्रेमको आदिम गीत !

उसैगरी दौडनेछ बतास
जसरी दौडन्थ्यो हिजो–
आफ्नाहरूको सुवास बोकेर बगैँचाबाट !
उसैगरी अस्ताउनेछ घाम
जसरी लुक्थ्यो ऊ–
आफ्नै अनुहारमा कालो पोतेर क्षितिजपारि !
उसैगरी हतारिँदै झर्नेछ झरना
जसरी झर्थ्यो ऊ–
महासागरमा हराएको प्रेमपत्रको खोजीमा
हतारहतार !

उः त्यो घरअगाडिको बूढो पीपल ?
त्यो त मेरी आमा हो !
मैले उसैको पिठ्यूँमा बसेर
पहिलोपटक पढेको थिएँ–
परदेशबाट–
बुबाको गन्ध बोकी ल्याएको पत्र !

त्यहीँ बसेर
मूलबाटोमा ओहोरदोहोर गर्ने
गाईहरूको सङ्ख्या गन्दै
मैले सिकेको थिएँ– गणित !
म मरेको साँझ
मेरो मृत शरीर ढाक्ने पीताम्बरस्वरूप
त्यही पीपलले पनि दिनेछैन–
उपहारमा– पहेँला पातहरू !

कतै सुनिने छैन शोकधुन
बरु बज्नेछ रेडियोमा– कृषि कार्यक्रम
र, एकाध कृषकहरू सुन्नेछन्–
बाढीले बगाएको आफ्नै खेतको समाचार !
बरु देखिनेछ टेलिभिजनमा–
तानाशाहको मुस्कुराइरहेको जुँगा !
पृष्ठभूमिका चुलिँदै गएको
महँगीको शिखरमा अडेस लागेर
पोहोरसालझैँ सानसँग उसले भन्नेछ जरुर–
हामी कृषि क्रान्ति गर्नेछौँ ।

हाम्रो सपनाभन्दा धेरै टाढा
कुनै रङ्गीन सहरको डान्सबारमा
त्यतिखेर गुन्जिरहेको हुनेछ–
'मुन्नी बदनाम हुई डार्लिङ तेरे लिए ... ँ
र, त्यहाँ आँसु लुकाएर नाचिरहेकी हुनेछे–
देश पढ्न गएकी मेरी बहिनी !

म मरेको साँझ
हुनेछैन यो देशमा
कुनै हलचल !

यत्ति कुराको अपसोच हुनेछ मलाई–
मुगलानबाट फर्कन लागेकी तिमीले
कतै भेट्ने छैनौ– मेरो ठेगाना !●





web source: www.khasskhass.com

## चप्पल

■ **देवेन्द्र रावल**

जनआन्दोलनमा धेरैले ज्यान गुमाए
मैले ज्यान त बचाए
तर गुमाए एउटा चाइनिज चप्पल
जनआन्दोलनको भागदौडमा

अब मसँग बाँकी छ –
जोडी गुमाएको बायाँ खुट्टाको एक चप्पल
र राखेको छु जतनले कोठाको एउटा कुनामा

आशा मरेको छैन अझै–
पाउनेछु कुनै दिन हराएको दायाँ चप्पल
र लगाउने छु फेरि बायाँ चप्पलसँगै

सम्माननीय प्रधानमन्त्रीज्यू !
मैले मेरो चप्पल कहिले पाउँछु ?●

## गीत

■ **दीपेन्द्र राई**

तिमीविना यो जिन्दगी सधैँ–सधैँ आधा लाग्छ
आधा–आधा भई बाँच्दा हाम्रो गाढा लाग्छ

हिउँमाथि कोरिएको अक्षरजस्तै हाम्रो नाता
कहिले नि नच्यातिने त्यही आत्मीयता
तिमीसम्म आऊँ भन्छु सधैँ–सधैँ टाढा लाग्छ
टाढा–टाढा भई बाँच्दा हाम्रो गाढा लाग्छ

सपनीमा भेटूँ भन्छ्यौ आउन भ्याउँदिनँ
सधैँ मलाई असार पन्ध्र धाउन पाउँदिनँ
तिमीविना यो जिन्दगी सधैँ–सधैँ सादा लाग्छ
सादा–सादा भई बाँच्दा हाम्रो गाढा लाग्छ ।●

# म खप्न सक्दिनँ

■ **बाजुराम पौडेल**

तिमी उदाउँछौ भने म सूर्य माग्न सक्दिनँ
तिमी रुचाउँछौ भने म छाल छेक्न सक्दिनँ
बगिरहेछु वेगले म निर्झरी झरेपछि
सिँचेर गर्छु सिर्जना म स्वर्ग डाक्न सक्दिनँ

म रिक्त छु म तीक्तता सहेर बस्न सक्दिनँ
कलङ्क अङ्गमा परे लिएर बच्न सक्दिनँ
गह्रा र फाँटका कुरा बयान गर्न सक्दिनँ
चिबेचरी कराउँदा म मौन बन्न सक्दिनँ

दरिद्रको सँघारमा म तेर्सिएर बस्दिनँ
सहन्छु छाक भोकको लुटेर पेट भर्दिनँ
रूखोपिठो मिले भने मीठो कुरो म खोज्दिनँ
चिसो र ताप जोगियोस् विलास भव्य रोज्दिनँ

म बाँड्न सक्छु हात यो जता छ सीपको थलो
म चाल्न सक्छु पाइला अनन्तमाथि होस् भलो
म घातका कुरा कतै सुनेर बस्न सक्दिनँ
सबै मरेर देशमै खपेर बस्न सक्दिनँ ।●

# गजल

■ **राधा कणेल**

फूल हो यो जीवन माला गाँस्न सक्नुपर्छ
काँडैकाँडाबीच पनि हाँस्न सक्नुपर्छ

बाँच्ननिम्ति अनेक थरी भावभङ्गीमा
दुनियाँका सामुन्नेमा नाच्न सक्नुपर्छ

एक होइन अनेक छन् रूप मान्छेभित्र
बहुरङ्गी बनी यहाँ बाँच्न सक्नुपर्छ ।

दुबोजस्तै मौलाउने कुरीति, कुसंस्कार
चेतनाको ज्योति बाली मास्न सक्नुपर्छ

फूल हो यो जीवन माला गाँस्न सक्नुपर्छ
काँडैकाँडाबीच पनि हाँस्न सक्नुपर्छ ।●

# भूतपूर्व जिन्दगीसँगको भेट

## ■ डम्बर रसिक भारती

बाकस,
- ध्वाँसोले चौतर्फी हमला गरेको
- टिनको, पुरानो
- कब्जा खुस्किएको
- मौलिक रङ अनुमान गर्नै नसकिने
लगभग आफू निख्रिएर पनि यसले
जीवित राखेछ मलाई,
- हस्तलिखित पत्रिकाका मूल प्रतिहरू
- सिकारु कविताका हरफहरू
- आएका चिठीपत्रहरू
- विद्यालय तहका प्रश्नपत्रहरू
- केही पत्रिका

अनि क्लबको माइन्युट र अरू-अरू थुप्रै चीज ।
म सिङ्गै पसेछु बाकसभित्र
ओल्टाइपल्टाइ गरिरहेँ कागजहरू
पल्टिएनन् त्यहाँ सिर्फ कागजका पानाहरू
पल्टिन थाले क्रमशः क्रमशः जीवनका पानाहरू
ओझेल पर्न थालेका स्मृतिहरू
सिकारु कविताका हरफहरू
उफ्रिए मलाई देख्नासाथ
र, अङ्कमाल गरे मायालु बनेर
प्रश्नपत्रहरू जीवनपहेली बनेर रिङ्गिन थाले
अँ हो, यी सबै-सबैले घेरे



सुममुम्याए मेरो मुटु
कति नियास्रिएछन् यी !
हराएछु म पनि कता-कता ?
हो, यी त मेरा जिन्दगीका अमूल्य दस्तावेज मात्र होइन
सम्झनाका साथी रहेछन्
आत्मीय, मायाबी, स्पर्शिला
भेटेँ, आज मैले भूतपूर्व जिन्दगी भेटेँ ।●

# नियुक्ति

## ■ दिल पौडेल

अप्ठ्यारो नमान
मैले बुझ्दै नबुझी
नियुक्ति गरेको होइन तिमीलाई
आँखाले सिफारिस पठायो
मुस्कानले निवेदन चढायो
चाहनाहरूको फाइलिङ थुप्रिएपछि
मनमनै दर्ता गरेर
हाजिर गराएको हो- दिलभित्र

पदअनुसारको योग्यता
पदाधिकार फाँटको अनुभव छ
नम्र, शिष्ट, लज्जावती ठान्छु
तालिम प्राप्त, सहयोगी, आकर्षक मान्छु
काम, कर्तव्य बुझेकी
तनाव व्यवस्थापन भोगेकी
भुक्तभोगी, उमेरको हदबन्दी नमान्ने
बिना मोलाहिजा दिलको आसनमा बसेर
प्रणयनीति कार्यान्वयन गर्ने
तिमी दक्ष र अति योग्य छौ
आफ्नै हृदयको आग्रहमा
र त नियुक्त गरे तिमीलाई- मैले
असन्तुष्टिहरू छन्- हृदयभित्र
निराशा आई- निवेदन हाल्छन्
गुणस्तरीय सेवामा तत्पर नभए
सपनाका सबै अभिलेख जल्छन्



उष्णताको निकासा-पुकासा मिलेन भने
अनुशासनहीन अराजक बैठक चल्छन्

पूर्वाधार विकास भएकी
अनुपस्थित बेरुजु नपाएकी
जीवनका तमाम सम्बन्धका तेरिज कसेकी
जिम्मेवार, सहनशील र अति योग्य छौ
मेरै समाजको स्वकृतिमा
र त नियुक्ति गरे तिमीलाई- मैले

न भ्याट माग्छ न निशेषाज्ञा लाग्छ
खारेजीमा परेको छ- बिदा
गोप्य चाञ्चल्यता नलुकाएकी
टिपेक्स नलाको सौन्दर्य बोकेकी
अत्यन्त जरुरी 'ह्यान्सआउट' छोपेकी
सरुवा नचाहने, पेन्सनपछि अवकास नजाने
'पन्चिङ' भएका सूचना-बोधार्थ नदिने
उत्तप्त उष्णताको आभा लिपेकी
काफी आशय बुझ्ने, स्वविवेकी अति योग्य छौ

दैनिक जीवनको कार्यक्रम चलाउन
मेरै कैफियतमा
नियुक्ति गरे मैले -तिमीलाई
अप्ठेरो नमान -पत्र बुझाउन बाँकी नै छ
हाजिर भै पदभार सम्हाल-नियमानुसार
हुँदै जान्छ ...।●

# देश डिजाइनर

## ■ सबिना सिन्धु

सोच्छौँ,
जन्मियोस् यस्तो डिजाइनर,
जसले कोरोस् देशको भविष्य आकृति
बनाओस् दूरदर्शी भिजन
ल्याओस् कुनै, अग्रगामी परिवर्तन
विकासका लागि आवश्यक पर्ने,
प्रतिबद्धता
निर्माणका नयाँ योजना
पर्खिरहन्छौँ कथाको काल्पनिक देश
कथाका पात्रहरू
कथामा देशको सम्बृद्धता
कथाका नायक अथवा सक्षम नेतृत्व
हामी देशको कल्पना गर्छौं
महसुस गर्छौं समुन्नति
र देखिरहन्छौँ रहरलाग्दा सपना
हामी आफ्नो देशसँग कथाको देशको
तुलना गर्छौं
कल्पना वा सपनाको देशको तुलना गर्छौं
घटनाहरू सुन्छौँ
हामी आफै देश बन्छौँ
स्वाभिमान, अलिकति विवेक
सम्पूर्ण नेपालीत्व
हामीहरू, हामीमध्ये नै खोजिरहन्छौँ
देश डिजाइनर ।●

# भूस्वर्ग घुमाउँदा

## ■ सोफ्नो गाउँले

आऊ विदेशी मित्र !
तिमीलाई मेरो देश देखाउँछु

कृष्ण, बुद्ध, मोहम्मद र जिससले
सँगै डन्डिबियो खेलेको देखाउँछु
मन्दिर, मस्जिद, गुम्बा र चर्चले
एउटै विश्वास बाँडेको देखाउँछु

आस्थाको आकाश उचाल्ने
पशुपतिको गजुर देखाउँछु
शान्तिको गीत सुनाउने
लुम्बिनीका परेवा देखाउँछु
समर्पणको सुपारी साट्ने
जानकीको मण्डप पनि देखाउँछु

स्वाभिमानको धरहराबाट
सभ्यताको स्वयम्भू देखाएपछि
मनोकाङ्क्षा पुरा गराउन
मनकामना जाउँला
मोक्ष प्राप्तिको चाहना राख्यौ भने
माथि मुक्तिनाथतिर पनि लैजाउँला

आऊ विदेशी मित्र !
तिमीलाई मेरो देश देखाउँछु

हिउँको फेटा बाँधेको सगरमाथा
र सगरमाथासँगै चुलिएको नेपालीको सान देखेर
ईर्ष्या लाग्यो भने
कृपया ! बुद्धसँग नजर जुधाउनु
सद्भावको सङ्गीत सुसेलेको सुनेर
स्वर्गीय आनन्दले सुस्केरा हाल्नेछ

रारामा डुबुल्की मार्ने अप्सराहरू
र अप्सरासँग जिस्किरहेका मृगहरू देखेर
धर्ती हो कि यो स्वर्ग हो
छुट्याउनै मुस्किल पर्‍यो भने
पृथ्वीको मानचित्र पल्टाएर खोज्नु
जुनेली रातमा डाँफे नाच्ने ठाउँ
त्यहीँ वरपर भेटिनेछ
शिव पार्वतीको गाउँ

खप्तडमा फूलका सयौँथरी फूलहरू
र फूलसँग लुकामारी खेलिरहेका पुतलीहरू देखेर
यो त इन्द्रको बगैँचा हो भन्लाऊ
एक थुँगा लालीगुराँस नजिकबाट नियाल्नु
मुस्कुराइरहेको लालीगुराँसको रङ
र बलभद्रले बगाएको रगतमा
कुनै भिन्नता भेटिने छैन

आऊ विदेशी मित्र !
तिमीलाई मेरो देश देखाउँछु

भूस्वर्ग घुमेर स्वदेश फर्किंदा
एक मानो मैदानको माया लैजानु
एक पाथी पहाडको हरियाली लैजानु
र हिमालको मुस्कान पनि
एक मूरी उपहार लैजानु । ●



# प्रेमी पहाड

## ■ रेनुका भट्ट

प्रेमी पहाड
आफ्नी प्रेमिकालाई पर्खंदै
उभिइरहेको छ
युग युग अनन्त पर्खाइमा

एउटा भरिया
भालेको मिर्मिरे गीतको लयमा
पहाडको उचाइ पाइतालाको तालले उक्लन्छ
थकाइमा सुस्केरा हाल्दै एकैछिन
ममताको काखजस्तो चौतारीमा सुस्ताउँछ
लट्टाइले खिचेको चङ्गाको दूरीझैँ
आफ्नो भविष्य टाँग्छ सम्झनाको कमजोर धागोमा
नीलो आकाशजस्तै रङ्गिएको
आफ्नो सुन्दर भोलिलाई आँखैमा टाँस्छ
अनि लम्कन्छ आफ्नै बाटोको सहाराले
ताकेको ठेगानामा बाटोले पुऱ्याउने भरोसामा

हरेक यात्रीलाई चाहिने
थरीथरीका बाटाहरू बोकेर बसेको छ
टाढाबाट हेर्दा नीलो सौन्दर्य होला यो पहाड
बिछोडमा मायाकै पोषणले बाँच्नेका लागि
अटल पर्खाइको महान् प्रेमी होला यो पहाड
तर प्रेमी र यात्रीहरूले
सधैँ छोडेर गएको पहाड तिमी नै बन्यौ भने
आफू र आफूजस्तै पहाडलाई हेर्दै सोध्नेछौ -
साँच्चै कसलाई पर्खिरहेछन् यी पहाडले ?●

## भग्नावशेष

■ केशव पुडासैनी 'विमल'

ए ककनी !
चुलिँदै आएको हाम्रो विश्वासको धरोहरा
थाहा नपाउँदै कसरी ढल्यो गर्ल्यामगुर्लुम्म
कति बेला आयो विनाशकारी महाभूकम्प
र परिणत गरिदियो हाम्रा विश्वासहरूलाई
वीभत्स खण्डहरहरूमा
नदी किनारमा हुटिट्याउँले बालुवा खोस्रिएझैँ
यति बेला खोजिरहेको छु म
हाम्रा विश्वासका अवशेषहरूलाई
सके अवशेषहरू जोडेर एउटा युग बनाउँछु म
उसकै निम्ति कति बगे आँसुका भेलहरू
मेरो आँखाका किनारहरू नाघेर
कति बगाए यी भेलहरूले मेरा खुसी र हाँसोहरूलाई
तिमीले देखिनौँ र ककनी ?
यसपालिको बर्खामा
कति बाढी बोकेर बग्यो त्यो लिखुखोला
कति बाढी बोकेर बग्यो त्यो कोल्पुखोला
तिमी त स्वीकार गरौली नि ककनी !
बगर ढाकेर बगेका ती बाढीका छालहरू
मेरै आँखाबाट पोखिएका आँसुहरू हुन्
ती बाढीमा बगेका मूढाहरू मै हुँ
तिमीले त बिर्सिएका छैनौ होला नि
ऊसँग मैले लगाएको पिरती
तिम्रै आँगनमा खेलेर
तिम्रै पाखामा नाचेर
कति लगाएको थियौँ उसले र मैले पिरती
कति देखेको थिएँ मैले उसको काखमा निदाएर
सुन्दर जीवनका सप्तरङ्गी सपनाहरू
यिनी सपनाहरू मनको तानमा उनेर
कति बुनेको थिएँ मैले विश्वासका रेशमी पछ्यौरीहरू
हेर त आज कसरी फाट्यो
बुन्दाबुन्दैका यी रेशमी पछ्यौरीहरू
तानहरू भाँचिए मक्किएको सिमलको हाँगा भएर
तिमीले बिर्सियौ र ककनी ?
तिमीलाई साक्षी राखेर
कति अग्लो बनाएको थिएँ मैले
अनन्त प्रेमका सगरमाथाहरू
हावामा उडेका गोदावरीको वासनाजस्तै
कसरी बिलाए शून्यतामा सगरमाथाका उचाइहरू
तिमीले देखेनौ र ?
कसरी रोकियो आज बग्दाबग्दै हावा
कसरी निभ्यो मध्यआकाशमै बल्दाबल्दैको सूर्य
कसरी मडारियो नीला आकाशको आँखामा कालो बादल
कसरी रोकियो चल्दाचल्दैको आस्थाको ढुकढुकी
नढाँटी भनौँ ककनी ?
ऊँसगै लाएको थिएँ मैले जुनीभरको निम्ति
हिमालको हिउँजस्तै चोखो पिरती
ऊसँगै बसाउने अठोट गरेको थिएँ मैले
युगयुगको लागि सुन्दर घरबार
मैले रोजेको युग पनि बदलियो आज
विश्वासका भग्नावशेषहरूमा ।●




web source: www.khasskhass.com

# कलीयुगका कृष्ण र प्रश्नहरू

■ **सामना पहाड**

सुन्न सक्छौ प्रश्नहरू
छौ यदि कतै भने
कलीयुगका कृष्णहरू
छन चुपचाप किन ?
द्रौपदीको चिरहरणमा
कलीयुगका भीष्मपितामहहरू पनि
कुर्लिने हुन् अझै कति
बस्तीका महलहरूमा
कपटी सकुनी र महत्त्वाकाङ्क्षी धृतराष्ट्रहरू
अहो ! खुलेआम अझै कति
नङ्ग्याइरहने हुन् लाज
अभिमानी दुर्योधन र नकचरा दुशासनहरू
कहिलेसम्म थापिरहने हुन्
चेलीबेटी बेचबिखनका पसल
कलीयुगका दानवीर कर्णहरू अनि
कहिलेसम्म झुमिरहने हुन् ?
दुर्व्यसनीको चक्रव्यूहमा
कलिला अभिमन्युहरू पनि
विवेक र स्वाभिमान
दाउ लगाउँदै छन् किन ?
उल्टो यो युगका युधिष्ठिरहरू
फरक फरक मूल्यमा
फरक फरक स्वादमा
भोग्दै छन् फरक फरक द्रौपदीहरू
वेबसाइटका भित्ताहरू



र सहरका गल्ली गल्लीहरूमा
खोज्दैछन् सेक्सी गर्ल किन ?
विचरा युधिष्ठिरका अनुजहरू
रामहरू के अब सक्षम होलान् ?
पतिव्रता सीते जोगाइराख्न बनमा
के अब तयार होलान्
दुषित हुन बाध्य पारिएका सीताहरू
अग्निपरीक्षाका निम्ति
मर्यादाका साङ्लाहरूभित्र
कति दिन थुनिएलान् अब
माता गान्धरी र कुन्तीहरू
नीतिशास्त्रका हरफहरूभित्र
कति दिन चल्लान्
विचरा नीतिवान् विदुरहरू
के अझै
सत्यता र आदर्शको
पाठ सिकाइरहन्नन् कलीयुगका
कृपाचार्य र द्रोणचार्यहरू
आकाश पृथ्वी, जल
वायु र तेज गर्दैछन् प्रश्न ?
के अब अर्को महाभारत
रोक्न सक्छन्
कलीयुगका कृष्णहरू ?●

## मेलम्ची

■ **कमला रिसाल 'ज्योति'**

मैले तिम्रो सिरानीमा
केही रहरहरू रोपेकी छु
जुगले हिमाल चुम्ने सपना
सुनौलो गुराँस फुल्ने चाहना

बाल्यकालमा तिम्रै किनारमा बसेर
छालहरूसित जिस्किन सिकेँ
इन्द्रेणी बोकेर ओठहरूमा
बैँसका क्रान्तिसित मस्किन सिकेँ
आँसुका धर्साहरू सम्हाल्दै
हरेक सङ्क्रान्तिमा
आँखाभरि गुलाफझैँ फैलिन सिकेँ

जीवनको गोरेटोमा
उमेर चढ्दै गएपछि
एकदिन गोधूलिमा
म मेरा दौँतरीहरूसित
तिम्रो मुहानमा पुगेँ
अँजुलीभरि जल लिएर सगुनको
हेर्दै अस्ताचलतिर
तिमीलाई बिदाइ गरेँ

छिचोल्दै वनमाराका झारहरू
सुमसुम्याउँदै डमरूका छापहरू
चोख्याउँदै भञ्ज्याङ र चौतारीहरू



घुमाउरा सुरूङ अनि खोँचहरू पार गर्दै
नेपाल खाल्डोमा भित्रिनु
उजाड मनहरू रसिलो पार्नू
भ्यागुताहरू बँचाउनू
वागमतीको मुहार हँसिलो पार्नू
अनि पशुपतिलाई
जलधारा दिन नबिर्सिनू नि !
आत्तिनु पर्दैन मेलम्ची
टुकुचा र विष्णुमतीका दुर्गन्धसित
तिम्रो स्पर्शले मात्र पनि ती सग्लिने छन्

बुझ्यौ, मेलम्ची !
बगरदेखि त्यो बजारसम्म
मानवीय संवेदनाहरू उनेर
रहरका सूर्यहरू नअस्ताउँदै
तथास्तु ! भन्नु है मेलम्ची !●



web source: www.khasskhass.com

## पुतली प्रेम

■ **अर्जुन अपवाद**

प्रेमले चुम्बन गर्न खोज्दै
वरपर घुमिरहने
निर्दोष पुतलीहरू
टुकीको छेउ पुगेपछि
रहरै रहरमा
घाइते हुन्छन्
डढ्छन्
प्राण समर्पण गर्छन् ।

राम्रो देखेपछि
उज्यालो भेटेपछि
पुतली प्रेम
छताछुल्ल पोखिन्छ
टुकीको रापसँगै ।

तातोले भुइँमा पछारिँदा
जीउ जमिनमा तछारिँदा
मोह छुट्दैन पुतलीको
'टुकी नै सर्वस्व' ।

धर्मराउँदै उठ्छ
पुग्छ टुकीमा
चुम्बन गर्ने आशयले ।

डढिसके पखेटा
डढेको छैन रहर



आफै समाप्त नहोउञ्जेल
थोरै अस्तित्व रहुञ्जेल
प्रेम प्रदर्शन गरिरहेछ पुतली ।

अग्रजका लासहरूको थुप्रो कुल्चँदै
प्रेमको योजना बनाउँदैछ
आफ्नै मृत्युसँग साक्षात्कार गर्न
कम्मर कसेर लागेको छ
अन्धो प्रेमभित्र पुतली

पाइसक्यो तत्त्वज्ञान
आफन्तका लासहरूका बीचबाट
'टुकी प्रेम मृत्यु हो'
'जीवनको विर्सजन हो !'

एकातिर प्रेम
अर्कोतिर मृत्यु
प्रेमको जीतमा
मृत्यु हारिरहेछ पुतली
रमाँउदा रमाउँदै ।●

## नवीनता

■ **पञ्च विस्मृत**

सपना थियो र
भन्दै थिएँ जीवन खन्याएर गमलामा
तिमी मेरो घरको आँगनमा
सधैँ सधैँ सुन्दर फुल्नू
निश्छल फुल्नू, निष्पाप फुल्नू

आज टुक्रिएर
सपना जीवन हातबाटै कतै
र, सुमसुम्याएर ओइलाएका पात
अनि फूलका ठिटा तरेलीहरू
आफ्नै घरलाई खूब हेरेँ
मानौँ यसअघि कहिल्यै नदेखेको हुँ

नवीन आँखाले हेरेँ
नवीन मनले नियालेँ
मेरो नवीन घर, मेरो नवीन सपना
टुटाइ, फुटाइ, टुक्र्याइ, भत्काइ भनिएका यी
नवीनताका द्योतक पनि त हुन् ।●



## मैनबत्ती

■ **मौन चीत्कार**

मैनबत्तीको ज्योतिले कोठा घनीभूत छ
एक मुकदर्शकझैँ निस्लोट झोक्रिएर
म हेरिरहेछु, देखिरहेछु र सोचिरहेछु
कि मैनबत्ती
जसको ओठभरि मुस्कान छरिएको छ
तर गहभरि आँसु नै आँसु भरिएको छ
र यो देखेर मलाई
मनमनै पोलिरहेछ
केवल यही सत्यले मलाई मनमनै पिरोलिरहेछ
बस् ! केवल यही एक प्रश्नले मेरो यो अन्तसमन टाँसिरहेछ
कि- कोठाको यो मैनबत्ती,
रोइरहेछ वा हाँसिरहेछ ?
मैनबत्तीको ज्योतिले कोठा घनीभूत छ
कोठाको नीरवतामा
भिक्षुझैँ समाधिस्थ मुद्रामा
म विचारिरहेछु, कल्पिरहेछु, र गमिरहेछु
कि- मैनबत्ती
जसको दीप्त शिखभरि प्रकाश छरिएको छ
तर नखभरि अन्धकार र क्लेश भरिएको छ
यो देखेर मलाई मनमनै पोलिरहेछ
केवल यही सत्यले मलाई मनमनै दागिरहेछ
बस् ! केवल यही एक प्रश्नले मेरो यो अन्तसमन पाछिरहेछ
कि- कोठाको यो मैनबत्ती,
रोइरहेछ वा हाँसिरहेछ ?
मैनबत्तीको ज्योतिले कोठा घनीभूत छ ।●

# एकात्मक दृष्टिकोण

**■ बलदेव भट्ट 'बिहानी'**

समीपमा रहँदा देखिएको मुस्कानको आकृतिलाई
जब जब लम्बेतान् यात्राले निरन्तर तन्काउँछ
पथिकलाई लाग्छ प्रत्येक क्रोधका खोपीहरू
उसका पैतालाको मृत्युमा उत्सव मनाउँदै छन् ।

एउटा भूगोलको परिधि काट्ने बित्तिकै जमातमा
पलायनको नयाँ परिभाषा लेखिन्छ र देश प्रेम
आफ्नै यात्रागत बगलीमा हेर्ने आँखाहरू लुकाएर हिँड्छ
फूलको जवानीले भरिएको बाँकी बस्ती उसले देख्न सक्दैन

एकात्मक दृष्टिकोणबाट हत्या गरिएका कविहरू
आवाजको परिधिमा अस्ताउँदैनन्, उदाउँछन्,
तिनलाई थाहा छ दृष्टिकोणहरू गन्तव्य निर्धारण गर्दैनन्
गर्दैन बजारको एउटा गल्लीले यात्राको समूल लेखाजोखा

देउताहरूको कारखानामा मानवीय चेतको ढलोट हुन्छ
मन्दिरमा सेतो लबेदा पहिरिएर दृष्टिकोण परिष्कृत हुन्छन्,
यो म भन्न सक्दिनँ
मलाई राम्रोसँग थाहा छ
कविताको रेखाङ्कन खोपीका देउताहरूसँग छैन
चेतना देउताहरूको शिर पैँचो लिएर
आफ्नो शिर ठाडो पर्दैन ।●

# एउटा प्रेम कविता

**■ प्रकाश ढकाल**

निदाएको बेलामा तिमी
एउटा लिलीफूल तिम्रो मुटुमा
सिउरिदिएको छु
ब्यूँझिएर हृदयको गहिराइमा,
बँसीहरूमा छाम्नुस्
सजाय भोग्न तयार म
बिनाअनुमति नै
बगैँचामा फुटेका दुई फ्याक
राता दारिमजस्ता तिम्रो ओठमाथि
मेरै ओठको चित्र कोरेर
फेरि मेटाइ आएको छु
ब्यूँझिएर ऐना हेर्नू
अझै बाँकी नै हुनेछन् केही रङहरू
पुछेछौ भने एउटा
सपनाझैँ म हराइ जाउँला
यदी मुस्कुरायौ भने
हाम्रो लागि प्रार्थना गर्नू ।●

## दुर्भिक्ष

■ **भरतमणि चोङ्बाङ (भरुपल)**

कुण्ठित भाग्यको ब्लाकहोलबाट
यदि निस्किने भए -
झुन्डझुन्ड अवसरका पराबैजनी किरणहरू,
चम्किने भए-
सपाट तारापुञ्जहरू,
र उज्यालिने भए -
विराट् मनकुञ्जहरू
भाग्य विषालु विकिरण बन्ने थिएन होला
भाग्य आफैलाई दुर्भिक्ष भनिन मन थिएन होला ।

म छु -
अन्योलको चौबाटोमा उमेरको जुवा खेलिरहेछु,
विवशताको सामुद्रिक आँधीले हुत्याएको
म किनारा मान्छे -
आफैलाई तर्साएर-
जीवनलाई
धारिलो चट्टानतर्फ ठेलिरहेछु,

म छु -
कर्मसित दोहोरो सम्झौता गर्न नसकेर
भाग्यको रित्तो खल्ती छाम्दै,
अज्ञात तस्तरीको सपना देखिरहेछु,
समयको निर्दयी नोकर म -
गिरेको प्रत्येक हुकुमहरूको समाधि गर्दै,
ठिहीजस्तो कठाङ्ग्रिने कालो मृत्युलाई टेकिरहेछु,



कास !
मृत्युको चिहानबाट यदि- निस्किने भए ती रङहरू
चम्किने भए- मान्छेका हर्ष तरङ्गहरू
र उज्यालिने भए- कल्पनाका अङ्ग-प्रत्यङ्गहरू

मृत्यु- त्रासको हतियार बन्ने थिएन होला ।
मृत्यु- आफैलाई दुर्भिक्ष भनिन मन थिएन होला । ●

# जोडी ढुकुर

**■ थीरलोचन श्रेष्ठ**

एक तरु अनेक तरु, विषे जोडी पंक्षी
माया तिनको हेर्ने, वृक्षमुनि म साक्षी
साटासाट आपसमा, अनुपम माया
अश्लील मानव प्रीतिभन्दा कति आहा !

सँगालूँ मायाका फूलहरू, प्रेम मालामा
प्रणय गीत गुनगुनाउँछन् बेलाबेलामा
बटुली सिन्का टुक्रा लान्छे पोथी चरी
त्यो पलमा प्रफुल्लित भाले फुरफुरी

गुँड लाउने भाले, पोथी हर्षले नाच्ने
सन्तान भयो पल आयो खुसीले हाँस्ने
बचेरा–बचेरी गुँडमा चिरबिर बोली
खुसीको क्षणमा म, बसे माया सँगाली । ●

# म त्यो नेपाली वीर हुँ

**■ जयानन्द जोशी 'परमहंस'**

यी चन्द्र–सूर्य अङ्कित
ध्वजा उचाली हातमा ।
अगाडि लम्की राख्छु म
अखण्ड मातृ थातमा ।।

तिनै ती वीर पूर्वज
चल्या सुमार्गमै चली ।
यी हातले सिँगार्दछु
बचाई राष्ट्रको थली ।।

फुकेर शान्तिको बिगुल
चली स्वदेशी चाल त्यो ।
सधैँ–सधैँ हँसाउँछु
हिमाल–शैल–माल यो ।।

अदम्य, उच्च साहसी
प्रभूत शक्तिशाली हुँ ।
निपुण छु शत्रु ढाल्नमै
तबै त म नेपाली हुँ ।।

स्वतन्त्र, सार्वभौम औ
विवेकशील, धीर हुँ ।
न थाक्छु मै, न झुक्छु मै
म त्यो नेपाली वीर हुँ ।।●





web source: www.khasskhass.com

(जिरेल भाषा)

## म यौटा मौन पहाड

■ **टेकबहादुर जिरेल**

सूर्य उदाएकै छ दिनमा
अनि पो चिरबिराउँछन् चरीहरू वन उपवनहरूमा
कस्तुरी मृग र डाँफे मुनालहरू नाच्छन्
रमाउँछन् चौरी गाईहरू सधैँ
यही नागी र वनपाखाहरूमा
चैत्र-वैशाख आएकै छन् सालमा
त्यसैले त ल्याएकै छ चमत्कार वसन्तले प्रकृतिमा
खुश्बु छर्दै हल्ली हल्ली
नाचेकै छन् फूलहरू शीतल हावाको स्पर्शमा
फन्का मार्दै कलकलाएकै छन् खोलाहरू मधुर सङ्गीतमा
सल्बलाउँदो छ यसरी जिन्दगी यहाँ निरन्तर समयका पर्दाहरूमा
जून उदाएकै छ रातमा चमचमाउँदा ताराहरूको माझमा
त्यसैले त मोहनी गीत घन्काएकै छ कोइलीले रातको शून्यतामा
हुरी,पहिरो, बाढी, असिना र हिमपात
प्रेम, ईर्ष्या, विद्वेष, हार-जित, मिलन-बिछोड, आरोह-अवरोह
अरे लाग्दैन ?
घाम-छायाँ हुन् बारम्बार यी त
खेल्छन् लुकामारी हामफाल्दै
जिन्दगीका भीर, पहरा र मैदानहरूमा
क्या मज्जा छ हगि ? यी सबै एकोहोरो हेरिरहन
तर कस्तो कठिन छ काटिएको टाउका बनेर
साक्षी बस्न कालिका घृणित महाभारतमा



उनिएर आफै विवशताको चौतर्फी पासाहरूमा
गतिहीन र मौन हल न चल बनी
जिन्दगी भनिने एक धर्सो समय
विच्छेद भएर आफैं टुक्रा-टुक्राहरूमा
क्षण प्रतिक्षण नारा लगाउँछन्
जिन्दावाद ! मूर्दावाद ! जिन्दावाद ! मूर्दावाद !

लाग्छ : नाराहरूद्वारा अपहरित छु म अहिले
दुश्मनका घेराबन्दीमा परेको एक्लो 'चे' झैँ
बोलिभियाको अँध्यारो जङ्गलमा
अपमानका गाली र भयानक कोर्राहरू सहँदै मन र शरीरभरि
मानौँ वागी प्रमिथियस बनेर यातना भोग्दै छु म अहिले
मौन बिल्कुल मौन
लाभा उम्लेर भित्र-भित्र फुट्नै लागेको
एउटा अविचल मौन पहाड म ज्वालामुखीको
म ज्वालामुखीको ।●



web source: www.khasskhass.com

(चाम्लिङ राई भाषा)

## निख्लम भ्रम

■ **चन्द्र रानोहोंछा**

भोकले रन्थनिएर
दौडिइन् यसरी उनी
पछिपछि दुस्मनझैँ आफ्नै छायाँको
छायाँ दर्पणभरि
बेसुरा पोखिएको आलो वीर्यभ्रम
देखिन् जब
पिइन् घोप्टिएर मांसाहारी तिर्खा
र गर्भधारण गरिन् निख्लम भ्रम ।

शोक निचोरिएर पग्लिइन् खोटोसरि
विभक्त भइन् करोडौँ टुक्राहरूमा
आँसुको घनले हिर्काइ-हिर्काइ
फुटिन् यसरी
जसरी फुटाउँछ चट्याङले आकाशको मौनता ।

भेटिन्- अचानक जब
बलिरहेको मस्तिष्क आगो
चपाइन् कुरूमकुरूम भोक-बङ्गाराले
र रूपधारण गरिन् हिउँदको घाम
यतिखेर-
तिनै हिउँदको अलिनो घाममा
फिँजाउन विवश छौँ भ्रमहरूको बिस्कुन । ●





(तामाङ भाषा)

## समावेशी

■ **जीवन लामा**

लोकतन्त्रले दिएको समावेशी
गणतन्त्रले पाएको समावेशी
खाना, लाउने, बसाई, नाममा समावेशी
अनि सबै सबैमा समावेशी

दलित, महिला, आदिवासी जनजाति, अपाङ्ग
मधेशी, हिमाली, युवा, जेष्ठ नागरिक
बालबालिकालाई
अनि, सबै सबैमा समावेशी

नाममा समावेशी
कागजमा समावेशी
नेताको बोली, भाषणमा समावेशी
अनि सबै सबैमा समावेशी

गाउँदेखि सहरसम्म समावेशी
बाध्यतादेखि रहरसम्म समावेशी
भातदेखि जातसम्म, खुट्टादेखि ओठसम्म
अनि, सबै-सबैमा समावेशी

घरमा समावेशी
गोठमा समावेशी



web source: www.khasskhass.com

सन्तान, जन्ती, यात्रामा
अनि, सबै सबैमा समावेशी

गरिबको झुपडी जलिरहेको छ
अपाङ्गको खुट्टा गलिरहेको छ
महिलाको इज्जत लुटिरहेको छ
दलित, आदिवासी जनजातिको ओठ सुकिरहेको छ

वाहा समावेशी !
तिमीले चाहेको समावेशी
तिमीले खोजेको समावेशी
अनि, तिमीले भनेको समावेशी
यही हो त ?●



**अनूदित कविता (हिन्दी भाषाबाट)**

*(कवि गोविन्द व्यास भारतका प्रखर कवि हुन् । समसामयिक कविता-लेखन र त्यो लेखाइमा गहिरो व्यङ्ग्यात्मक धारको प्रचुरता हुनु उनका कविताको मूल विशेषता हो । यही विशेषताले भरिएको रचनाहरूमध्येबाट छानिएको एउटा कविताको नेपाली भावानुवाद यहाँ प्रस्तुत छ ।)*

## वास्तविकता

नदी,
आफ्नो किनारामा शिर राखेर रोइरहेछ
उफ् !
लहरहरूलाई
यस परिवेशमा कति पीडा भइरहेछ ?

पहाड, शिर उठाएर आकाशको कठालो समातिरहेछ
एउटा नयाँ सूर्यको स्वाभिमान
उदाउनुभन्दा पहिले नै मरिरहेछ
र, म बहिरी आमाको लाटो छोराले झैँ
आफ्नो शिर ठोकिरहेछु,
तर यो सत्य हो
कि सत्य
सामुन्ने कुर्सीमाथि माकुरोले झैँ
जाल बनाएर आरामसँग सुतिरहेछ
उफ् !
कुर्सीलाई
यस परिवेशमा कति पीडा भइरहेछ ?



web source: www.khasskhass.com

गोहीको आँखाबाट आँसु बगिरहेछ
र, त्यसबाट मूल्यको 'फसल' सिँचिँदै छ ।

गुम्बाको छानामाथि बसिरहेको बकुल्लालाई
कसैले केही भन्दैनन्,
तर पानीमा पौडिँदै गरेको कछुवाको खुट्टा तानिँदै छ,
कसैले किन केही भन्दैनन् त्यो हाँसलाई
जो तलाउमा होइन
रूखमा बसेर कागसँग प्रेम गर्छ,
विचरा रूख !
यस दुखाइलाई पनि स्वीकार गर्छ ।

पूरै जङ्गलमा आगो लागेको छ,
नारा र भविष्यवाणीहरू
'फाइल'को काखमा बसेर रमिता हेरिरहेछ,
तर यो कुटनीति !
कुनै वातानुकूलित घाटमा बसेर
मानवतालाई धोबीले जस्तै धोइरहेछ
उफ् !
पशुत्वलाई
यस परिवेशमा कति पीडा भइरहेछ ??●

***अनुवादः विमल भौकाजी***





# महाकविको त्रि-स्तरित् मानस-भूगोल र तज्जन्य सिर्जना स्वरूप : एक सर्वेक्षण

- डा. गोविन्दराज भट्टराई

महाकवि देवकोटाको प्रथम जन्मशतक व्यतीत भएको पनि पाँच वर्ष नाघ्यो । तर शतक वा विशेष जन्मदिन र अन्य कुनै अवसरले मात्र महाकविको स्मरण गराउने होइन रहेछ । उहाँको अध्ययन चर्चा, उहाँमाथिको अनुसन्धान नित्य निरन्तर नै रहेछ । यतिखेर म महाकविको असीम क्षमतालाई आंशिक रूपले मात्र भएपनि बाहिरी विश्वमा पनि चिनाउने उद्देश्यले एक अन्तर्राष्ट्रिय सम्मेलनको लागि ***युनिभर्सीलिटि अव् लिटरेचर एण्ड ह्युम्यानिजम इन द कन्टेक्स्ट अव् महाकवी देवकोटा*** अर्थात् देवकोटालाई लिएर ***साहित्यमा विश्वजनीनता एवम् मानवतावाद*** शीर्षकमा एउटा विशेष कार्यपत्र तयार गर्दैछु । आजको सन्दर्भमा पनि त्यस तयारीको एउटा सूक्ष्म अंशलाई विस्तार गरेर यहाँ प्रस्तुत गर्दैछु । समयाभावले मैले सविस्तार प्रस्तुत गर्न सकिनँ । आशा छ यस इसाराले काम गर्नेछ ।

***भृकुटी*** (२०६६) को महाकवि देवकोटाको विशेषाङ्कले देखाए अनुसार आजसम्ममा उहाँका पचासीवटा कृति रचना देखिए तापनि एक दर्जनजति अप्रकाशित (वा अप्राप्य अवस्थामा) पनि रहेका छन् । अरू भेटिन बाँकी पाण्डुलिपिहरू के कति होलान् भन्न सकिंदैन । उपलब्ध भएका कृतिलाई हेर्दा महाकविको सिर्जना पथ उहाँकै जीवन दृष्टिकोणका तीन आदर्श पक्षले सञ्चालित देखिन्छ । अथवा उहाँको मानस भूगोल तीनवटा स्तर (लेयर) मा निर्मित छ, त्यसैले **त्रि-स्तरित्** भनेको हुँ । म यसको दृष्टान्त प्रस्तुत गर्दछु ।

(क) सर्वप्रथम महाकवि नेपाली जातिका सर्वोच्च निधिका रूपमा स्थापित हुनुहुन्छ । त्यो प्राप्तिको लागि उहाँले नेपाली भूगोल, संस्कृति, जीवनलाई हृदयमा राखी कृतिको रचना गर्नुभयो । उहाँका **पहाडी पुकार, कुञ्जिनी, पुतली, चम्पा, सुनको बिहान, भिखारी, गाइनेको गीत, मुनामदन, म्हेन्दु, लुनी, सुलोचना, वनकुसुम** जस्ता कविता काव्यहरू नेपाली जीवन, नेपालीपना, अर्थात् नेपाली सभ्यता झल्काउने, नेपाली सहित्यको स्वरूप निर्माण गरी यी सबै कुरालाई नवीनता दिएर माथि उठाउनु भएको छ । यो प्रथम संस्तर भयो ।



web source: www.khasskhass.com

ख) दोस्रोमा **शाकुन्तल, भक्त प्रह्लाद, भरत विलाप, दुष्यन्त सकुन्तला भेट, रावण जटायु युद्ध, सावित्री सतयवान्** जस्ता पूर्वीय साहित्यका प्राचीन गाथा, मिथक आदिमा आधारित सिर्जनाहरू पर्दछन् । महाकविको भावनामा पूर्वीयता नै एउटा ठूलो आलम्ब थियो । यसैको प्रेमले, यसैको प्रशंसामा, यसैको महानताको गुण गाउँदै उहाँले विशिष्ट कृतिको रचना गर्नुभयो । यो एक प्रकारको सीमाहीनताको कुरा भए तापनि पूर्वीय वाङ्मयले ढाक्ने भूगोल भनेको आर्यावर्त र यसको परिवेशमा खासगरी एशिया महादेशको त्यस्तो केन्द्रीय भूभाग हो जहाँ विश्वलाई आश्चर्यचकित पार्ने वेद पुराणजस्ता ग्रन्थ र गाथाहरू, पूर्वीय वाङ्मयभित्रका अनेक साहित्य विचार आदि संरक्षित छन् । महाकविको सम्पूर्ण हृदय यही पूर्वीय ज्ञानमा, यसका आदर्श र मूल्यको प्रशंसा अनि विस्तारमा समर्पित भएको देखिन्छ । यो कुरा ता **शाकुन्तल** महाकाव्यको मंगलाचरणमै प्रकट गर्नुभएको छ :

*यात्री आज बनूँ अतीत युगका, सम्झूँ त त्यो भारत*
*ब्यूँझाउँ त सुषुप्तभाव अधिका, पर्दा लगाउँ यता ।।*
*यो कोलाहल बिर्सिऊँ मृतकको यो नामको जीवन ।*
*पाल्नोस् सज्जनवृन्द, यो रसिकको मीठो छ वृन्दावन ।।*
यो दोस्रो संस्तर हो ।

(ग) तेस्रो प्रयत्नमा महाकविको दृष्टि विश्वतिर पुगेको छ । स्थानीय जीवनका दुःख सुखको गीत गाउँदै, क्षेत्रीय सभ्यताको महत्त्वलाई उजेल्दै, हामीलाई त्यस वृन्दावनमा रमाउने आग्रह गर्दै अन्तर्राष्ट्रिय जगत्को व्यापक विश्व छुन पुग्नुभएको छ । यसमा उहाँले विशेषगरी ग्रिसेली सभ्यतालाई छोएको देखिन्छ । यस अन्तर्गत **प्रमिथस** एक महाकाव्य र **मयाविनी सर्सी** अनि **सुन्दरी प्रोजरपिना** दुईवटा खण्डकाव्यको रचना गर्नुभएको, क्रमशः २०१० र २०१४ मा प्रकाशित भएका पनि देखिन्छन् । यी दुवै खण्डकाव्यलाई मैले अध्ययन गर्ने अवसर पाएको छुइनँ । विद्वान् प्रा.डा. महादेव अवस्थीसित भेट सम्पर्क गर्ने समेत अवसर पाइनँ, जम्मा तीन दिनमा के भ्याइन्छ र ? परन्तु **प्रमिथस** महाकाव्यबारे मैले ग्रिसेली **प्रमिथस**देखि लिएर संवत् २००६ मा प्रकाशित **अमेरिकन प्रमिथस**सम्मको विवरण, प्रमिथस काव्यको व्यापकता, विश्व कला साहित्य संगीतमा यसको प्रवेश र विश्व सभ्यतामै **प्रमिथस** चेतनाको स्वागत गरिएको कुरा सदृष्टान्त प्रस्तुत गरिसकेको छु । ***भृकुटी***को देवकोटा विशेषाङ्कमा प्रकाशित सो रचना **प्रमिथस** चेतनाको विश्वव्यापिताबारे पूर्ण जानकारी दिने पहिलो नै होला भन्ने लाग्दछ । पछि **रत्न बृहत् नेपाली समालोचना** (२०६८) मा पुनर्प्रकाशित पनि रहेको छ ।



यस प्रकारले गर्दा महाकविको रचना-यात्राले तीन प्रदेश छोएको छ– आफ्नो परिवेशको स्थानीयता, यसलाई आभा दिने भारतवर्षको विशाल सभ्यता र टाढाको एउटा सभ्यताको चुचुरो ग्रिस । ग्रिसेली सभ्यताको शिल्पकला, वास्तुशास्त्र, साहित्यका अनेक विधा, संगीत, कला, राजनीति, खेलकुद विगतका चार हजार वर्षदेखि आजसम्म पनि यथावत् छन् । विश्वकै विचारमा, चिन्तनमा, कलाशिल्प र बौद्धिकतामा सबैभन्दा बढी ग्रिसेलीको प्रभाव परेको छ र यो आनादिकालदेखि आजसम्म पनि निरन्तर रहेको देखिन्छ । त्यसो त हालका अध्ययनले ग्रिसले पनि हामी (पूर्व) बाटै कति कुरा सिक्यो र हामीबीच माउभाषा एकै भएकाले धेरै कुरा समान थिए भन्ने प्रमाणहरूको पनि उत्खनन हुँदैछ ।

अघिल्लो दशकमा मलाई ग्रिसको एथेन्स सहर पुग्ने सौभाग्य जुरेको थियो । त्यस बेला कलाकौशल सभ्यताको त्यो आद्य नगरी देखी म चकीत हुन पुगें । प्लेटो, सुकरात, अरस्तु हिँडे-बसेका बाटामा पुगेर मात्र होइन प्राचीन देवीदेवता नाचे-खेलेका विशाल पत्थरका रङ्गमञ्च हेऱ्यौं; ज्ञान, विद्वत्ता, साहस र सौन्दर्यकी देवी एथेनाको मन्दिर दर्शनमा गयौं । एथेना टापूस्थित एक्रोपोलिस भवन, पार्थिनन् मन्दिर, अरस्तु हिँडेको प्राचीन मार्ग आग्रा हेऱ्यौं । त्यहाँ पुग्दा मेरो मन महाकविमा पुग्यो र कसरी उहाँले **प्रमिथस**को गाथा रोज्नु भयो होला भनी म छक्क परें । पछि सामोआ नामक टापूको छेउमा विशाल समुद्र माथिको ठाडो भीर देखाएर उनीहरूले भने– प्रमिथसलाई देवताहरूले कठोर साङलोले बाँधेर लडाएको पहरो त्यही हो । पहराका टुप्पामा काला धर्सा र खोपिल्टा थिए । रातभर गिद्धले प्रमिथसको मुटु ठुङ्दा दिनभर त्यसको पीडाले, क्षुधा तृष्णाले असह्य भई छटपटिँदा उनले कोपरेको ठाउँ होला । यहाँ महाकवि स्वयम् आएर दर्शन गर्न पाउनु भएको भए कस्तो हुन्थ्यो होला । फर्केर आएपछि मैले प्रमिथस गाथा सबै पढें र लेखें पनि । महाकविले रच्नु भएको ग्रिसेली काव्यको त्यो कालबारे म यति नै उल्लेख गर्दछु ।

ग्रिसेली सभ्यताका अरू दुईवटा प्रतीकलाई महाकविले आफ्नो लेख्य विषय वा सिर्जना स्रोत बनाउनुभएको देखिन्छ । ती हुन् **सुन्दरी प्रोजरपिना** (२०१०) र **मायाविनी सर्सी** (२०२४) । प्रोजरपिना र सर्सी दुवै नारी पात्र हुन् । नारी पुरुषले निर्मित यो संसारमा ग्रिसेली नारीहरू सौन्दर्य सँगसँगै जादूटुना मन्त्र पनि जान्ने, अति संमोहक, मानिसको मनलाई वशीभूत पार्ने 'मायाविनी' रूपमा प्रस्तुत छन् । ती असामान्य रूपले सुन्दर छन् । पाश्चात्य जगत्का सङ्ग्रहालय हेर्नू– सिंगमरमरमा कुँधिएका निर्वस्त्र नारीहरू (देवीहरू समेत) देखिन्छन्, त्यो ग्रिस रोम हुँदै फ्रान्ससम्मको कला नेपालमा पनि देख्न पाइन्छ । कला आउनु एउटा कुरा हो तर त्यस कलालाई मर्मवोध गर्ने आँखा त सभ्यताले दिनुपऱ्यो, दर्शनले दिनुपऱ्यो । त्यसको मर्म हामी बुझ्दैनौं; केवल नग्नता देख्छौं । उनीहरूमा सबै

नग्नता, अकृत्रिमता, निर्वस्त्रता छ, हाम्रोमा पूरै छोपिएको । अधिकांश मिथकीय ग्रिसेली युवती टुनामुना पनि गर्ने, मानिसलाई वशमा ल्याउने र इच्छित आकांक्षा पूरा गर्ने चरित्र बोकेर आएका हुन्छन् । हाम्रो पूर्वीय सभ्यतामा मानव र देवीदेवताबीचमा ठूलो दूरी छ । एकथरी पृथ्वीमा आएका छन्, एकथरी नित्य देवलोकमा बस्तछन् तर ग्रिसेली सभ्यतामा मानिस र देवताहरू सँगसँगै थिए । देवताहरू मानवको इर्ष्या पनि गर्थे । मानवजाति देवताको प्रतिस्पर्धा पनि गर्थे । यस प्रकारले ग्रिसेली सभ्यताका व्यापक प्रतीक मानिएका तीनवटा कृतिलाई महाकविले आधार बनाएर नेपालीमा सिर्जना गर्नुभएकोमा **प्रमिथस** काव्यमा प्रमिथसलाई स्वर्गबाट अग्नि चोरेर पृथ्वीमा झारेको आरोपमा दण्डित गरियो । देवताले दण्डित गरे । पृथ्वीमा कठाङ्ग्रिरहेका मानवजातिको उद्धार गर्ने ती वीर अग्निचोरलाई देवत्वबाट वञ्चित गरियो । आजीवन मुक्ति नमिल्ने कठोर सजाय दिएर दण्डित गरियो । राणाकालीन नेपालमा चेतनाको उज्यालो ल्याउने, स्वतन्त्रताको उद्घोष गर्नेलाई कठोर सजाय कारावास र मृत्युदण्ड समेत दिइएको दृष्टान्तलाई **प्रमिथस** महाकाव्यले परोक्षरूपले प्रतीकात्मक रूपले प्रस्तुत गर्दछ । राणाकालको अत्याचार र हुंकारलाई स्वतन्त्रता अवरुद्ध गर्ने साशकहरूको उद्देश्यलाई केन्द्रीत गरेर प्रमिथसको कथा लेख्नु परेकोले यो नेपाली परिवेशमा किञ्चित अनुकूलित पनि छ । नेपाली कथा जस्तो फेरि ग्रिसेली कथाको आडमा छोपेर देखाइएको जस्तो पनि लाग्छ । त्यो कुरा मैले अघिको लेखमा उल्लेख गरेको छु । तर **प्रमिथस** मानव चेतनाको, त्यसको स्वतन्त्रता प्रेमको एउटा विश्वबिम्ब हो । यस कुराको भोक देखाउनलाई चेतनाहीनताको जाडोले कामिरहेका नेपालीको उज्यालो प्रेम देखाउन प्रमिथस लेखियो ।

परन्तु **मायाविनी सर्सी** अनि **सुन्दरी प्रोजरपिना**लाई नेपाली सभ्यताको कुनै पक्षसँग अथवा परिस्थितिसँग जोडिएको छ कि छैन त्यो कुरा भन्न म असमर्थ छु । त्यसो ता महाकविले भारत भूमिका **महाराणप्रताप** जस्ता ऐतिहासिक पात्र र **सावित्री सत्यवान**, **रावण जटायुयुद्ध** जस्ता मिथकीय पौराणिक दुवैखाले कथालाई आफ्नो विषयवस्तु बनाउनुभएको छ । परन्तु विश्वबिम्बलाई प्रतीक बनाएर लेखिएका कृतिहरूमध्ये चाहिँ यिनै तीनवटा मात्र हुन् । हाम्रोभन्दा भिन्न सभ्यताको बिम्ब रोजेर लेखिएका यिनै मात्र कृति हुन् । त्यसपछि अहिलेसम्म पनि ग्रिसेली, चिनियाँ, मिश्री, जापानी, कुनै प्राचीन सभ्यताका पात्रलाई अथवा घटनागाथालाई लिएर अर्को काव्य लेखिएको छैन, ६० वर्ष नाघे । महाकविलेझैं मानस भूगोलको संस्तर विस्तार गर्दै लानु सानो कुरा होइन । त्यसो त महाकविले ग्रिसको ऐतिहासिक पात्र **सिकन्दर** स्कटलेण्डमा जन्मेकी आइरिस युवती, स्वामी विवेकानन्दकी शिष्या हिन्दूधर्म प्रचारक, **सिस्टर निवेदिता**बारे अनि **महात्मा गान्धी**बारे (**वापू एण्ड अदर सनेट्स्**लेखेर) जस्ता जीवन्त पात्रलाई पनि नेपालीमा अमर गराउनुभएको छ । तर मलाई आश्चर्य लाग्छ भारतपछि रोमानियाँ, चीन, चेकोस्लोभाकिया र तास्कन्द (रुस) को भ्रमण गर्नुभएका महाकविलाई ग्रिस नपुगे तापनि ग्रिसेली बिम्बले कसरी आकर्षित गऱ्यो होला, ग्रिसेली गाथालाई उहाँले कसरी रोज्नुभयो होला र त्यसबेला नेपाल अन्धकारै रहेका स्थितिमा ग्रिसेली गाथाका पात्रहरूलाई चिनाउने व्यक्ति वा कृति कहाँ प्राप्त भयो होला मलाई आश्यर्च लाग्छ । ग्रिसको भ्रमण पनि गर्नुभएको भए अझ धेरै यस्ता कृति आउँथे होलान् । त्यसो त उहाँले सेक्सपियर महान्को नाटक **म्याक्वेथ**को अनुवाद गर्नुभयो त्यसले प्राचीन बेलायती संस्कृतिको एक झल्का प्रस्तुत गऱ्यो । पछि आएर गान्धीको अवसानले मनमा चोट पार्दा **वापु एण्ड अदर सनेट्स्** कविताहरूको सङ्ग्रह तयार गर्नुभयो । हालै प्रकाशित भए पनि त्यो कृति पढ्ने अवसर पाइयो ।

अब यसपछि म **मायाविनी सर्सी** र **प्रोजरपिना**को ग्रिसेली कथा के रहेको छ सो कुरा अलिकति जोड्न चाहन्छु ।

**मायाविनी सर्सी**लाई कति पाठभेदहरूले 'कर्की' पनि भनेका छन् । सर्सी भनौं वा कर्की (CIRCE) यस नाममा जोडिएको अर्को नाम अथवा विशेषण छैन तर महाकविले चाहिँ 'मायाविनी' विशेषण थप्नु भएको छ । शायद यहाँ सर्सीको त्यो मोहिनी वा जादुगर्नी रूप केन्द्रीयकथ्य भएर त्यसो गरेको होला । नेपालीमा महाकविले कर्की होइन 'सर्सी' उच्चारण रोज्नुभएको छ । सर्सी ग्रिसेली पुराकथामा आधारित ग्रिसेली जनजीवनमा अत्यन्तै गहिरो प्रभाव पार्ने एक देवी हुन् । ग्रिसेली संस्कृतिमा हरेक स्थानका, कर्मका, विचारका संरक्षक देवीहरू हुन्छन् । एक ठाउँमा एक हजार देवीले विभिन्न कुरा वा कर्मको रक्षा गर्दछन् भनिएको छ । विद्याकी देवी भएजस्तै धनधान्यकी देवी, अन्नपातकी देवी, पशुप्राणीकी रक्षकदेवी इत्यादि हुन्छन् । सर्सी चाहिँ जादूटुनाकी देवी हुन् । उनी एक परी, डायनी अथवा बोक्सी, जादूगर्नी सबैथोक थिइन् । सर्सी हेलिओस अर्थात् सूर्यदेव र पर्सी अर्थात् समुद्री परीबाट जन्मिएकी पुत्री (देवी) हुन् । ग्रिसेली साहित्यमा होमरदेखि वर्तमानकाल सम्मकै स्रष्टाले आफ्ना कृतिमा सर्सीको चर्चा गरेका छन् । सर्सीका स्वरूप अथवा भेदहरू पनि भेटिन्छन् । एउटा मतले भन्दछ उनी सूर्यदेव र सामुद्रिक परीकी पुत्री थिइन् । तर अर्को मतले भन्दछ– उनी हिकेट अर्थात् जादुगर्नी बोक्सीकी छोरी थिइन् । सेक्सपियरको नाटक **म्याकवेथ**मा पनि उनै हिकेट नामकी जादूगर्नीलाई पुकारेर अनेक टुनामुना जादूजन्तर गर्ने तरिका सिकाइएको कुरा नाटकको अंक ३ दृश्य ५ मा उल्लेख छ । तिनै तीनवटी बोक्सीले हिकेटको भविष्यवाणी अनुसार कार्य गर्दछन् र अन्त्यमा म्याकवेथको विनाश पनि निम्त्याउँछन् । गर्दछन् । पूर्वका गाथाहरूमा ईश्वरको नाम स्मरण गर्नाले, देवीदेवताको पुकारा र पूजन गर्नाले सर्वपाप मोचन भएको छ, मरेको पनि बाँचेर आएको छ तर उतातिर त्यस्तो प्रावधान छैन ।

सर्सी आइआआइआ नामक एक ग्रिसेली (काल्पनिक) टापूमा बस्तथिन् । उनलाई





web source: www.khasskhass.com

नित्य अन्य परीहरूले घेरेर राख्तथे । सर्सी जादूटुना गर्ने, मानिसमा भ्रान्ति उत्पन्न गर्ने र मानव जीवनलाई रूपान्तरण गरी पशुप्राणीमा परिवर्तन गर्ने शक्तिले युक्त थिइन् । उनीसँग एक किसिमको भूतसिद्धी गर्ने कला थियो । भूतसिद्धीबाटै मानिसमा भ्रान्ति उत्पन्न गर्ने कला थियो । सर्सी आफ्ना शत्रु वा प्रतिरोधिलाई अनेक प्रकारको औषधी टुनामुना, लागूपदार्थ जादू, जादूको छडी सबै मिसाएर बनाइएको पौष्टिक पेय (पोशन) अरूलाई पिउन दिन्थिन र भुक्किएर त्यो पान गर्नेहरूलाई पशुमा परिणत गर्ने क्षमता राख्थिन् । सबैभन्दा पहिले इसा पूर्व छैटौं शताब्दीमा कवि होमरले ग्रिसेलीमा **ओडिसी** महाकाव्य लेखे । यस महाकाव्यमा पनि जादूगर्नी सर्सीको अध्याय रहेको छ । **ओडिसी** महाकाव्यका महानायक यात्री ओडिसियसले विश्व विजयको कामना राखेर घुम्दै जाँदा आफ्ना योद्धाहरू सहितै सर्सी बसेको आइयाआइया टापूमा अवतरण गरे । त्यहाँ सर्सीले ती सबै योद्धहरूलाई पोशनका प्याला पिलाएर कसैलाई सुँगुर, कसैलाई भालु, कसैलाई बाघ सिंह जस्ता जीवहरूमा परिणत गरिदिइन् । धन्य ओडिसियस मात्र बचेका थिए पछि उनैले तिनीहरूलाई मुक्त गराएर त्यहाँबाट फर्किए । पछि पछिका ग्रिसेली कथाहरूमा सर्सीका बेग्लै संस्करणहरू पनि आएका छन् । कवि हेसिओडले सातौं शताब्दीमा रचेको **थियोगोनी** शीर्षक कवितामा बेग्लै कथा छ । पछि ल्याटिन भाषामा भर्जिलद्वारा रचित ग्रन्थ **एनिड**मा अर्कै कथा छ । जस अनुसार एक जना योद्धापात्र इटालीको एक टापूमा पुगेको बेला एउटा घनघोर जंगलबाट आएको भयङ्कर चित्कार अनि रोदन क्रन्दन सुनेर त्यसको वर्णन यसरी गर्दछ :

*सिक्री चुँडाल्न खोज्दै गर्जेका बाघहरू*
*क्रुद्ध भएका दारे बनेलका घुराइहरू*
*भालुका डर लग्दा आवाजहरू*
*ब्वाँसाका रोदनहरू सुन्दा*
*जहाजी यात्रीका कानै बन्द हुन खोजे ।।*

ओडिसस जस्तै एनिड नामको एक ग्रिसेली महापात्र पनि यात्रा गर्दागर्दै रोमको इटाली पुगेको थियो । यही दन्त्यकथामा सर्सीले पशुमा परिणत गरेका मानिसहरूको त्यत्रो गर्जन सुनियो । यसरी ओडिसस्देखि एनिडसम्म आउँदा आठसय वर्ष व्यतीत भए । त्यसबेलाका अनेक कविले सर्सी गाथा लेख्तै गए पछि आएर महान् रोमन कवि ओभिडले इस्वि संवत् सुरु हुने बेलामा **मेटामर्फोसिस** (रूपान्तरण) शीर्षक कृति लेखे । यस कृति (पन्ध्रवटा पुस्तकहरूको एउटै सङ्ग्रह **मेटामर्फोसिस)** मा २५० जति पुराकथाहरू लेखिएका छन् । तिनैमध्ये एकमा सर्सीको पनि विवरण रहेको छ । सर्सीको बयान गर्दा कुनै पुष्पको रस अथवा अरू मरमशला थपेर जादूटुना गरेर शक्तिवर्धक रस तयार पारी



जादूको छडीले छोएर मानिसलाई पिउन दिएपछि त्यो रस पिउनेहरू स्मृतिलोप (एम्नेसिया) का शिकार हुन्थे, त्यो पिउनेहरूलाई दिग्भ्रान्ति हुन्थ्यो, उनीहरूको दृष्टिभ्रम, स्मृतिभ्रम, मतिभ्रम हुन्थ्यो भनिएको छ । उनीहरूले विस्मृतिमा अरूथोकै गर्थे । यस्तो कुरा लेखिएको छ । हाल आएर ग्रिसेली जंगलमा खोज्दा वैज्ञानिकहरूले त्यस्तो बोटविरुवा पत्ता लगाएका छन् जसको सेवनले वा संसर्गले नभन्दै मानिसलाई विभ्रान्त गराउँछ ।

ग्रिसेली पुराकथाकी मायाविनी सर्सीलाई ठूला ठूला चित्रकारले जीवन्त बनाएका छन् । अनेकौं काव्य कविता र गाथा लेखेका छन् । विश्वका अन्य स्रष्टाहरूले पनि सर्सीलाई उतारेका छन् । तर नेपालीको निमित्त यो नाम नौलो हुनुपर्ने । महाकविले यो पुराकथा कसरी नेपालीमा ल्याइपुऱ्याउनु भयो होला । यद्यपि महाकविले **मायाविनी सर्सी** लेखेको केही वर्षपछि भारतवर्षका महान् स्रष्टा निरद सी चौधरीले **द कन्टिनेन्ट अव् सर्सी** अर्थात् **सर्सीको महादेश** शीर्षक एक निबन्ध सङ्ग्रह (१९६५) लेखेका छन् । त्यस कृतिमा उनले भारतवर्षलाई नै सर्सीको महादेश अर्थात् जादूटुनाको रहस्यमय देश भन्ने अर्थमा प्रस्तुत गरेको छ । यस कृतिले विश्व पुरस्कार पनि पाएको छ । नेपालको सन्दर्भमा त्यस्तै जादूटुना मोहनीको कुरा छ कि सुन्दर मतिभ्रम गराउने रूपको कुरा छ कि वा अरू केही छ, मौलिक कृतिको अध्ययन पश्चात् मात्रै ती कुरा भन्न सकिएला परन्तु एक ग्रिसेली देवीलाई नेपाली भूमिमा उतार्नुको पछि कुन रहस्य थियो होला, यो कुरा अहिलेसम्म खुलेको छैन, पछि खुल्दै जाला ।

अब म महाकविले प्रमुख चरित्र बनाउनुभएकी अर्को खण्डकाव्यकी नायिका **प्रोजरपिना**को बारेमा केही कुरा प्रकाश पार्न चाहन्छु । प्रोजरपिनालाई प्रोजरपिनी अथवा प्रोजरपाइन पनि भनिएको छ । सर्सी ग्रिसेली सभ्यतामा उत्पन्न भएर रोम हुँदै अन्यत्र पुगेको देखिन्छ भने प्रोजरपिनाको गाथा रोमबाट उत्पन्न भएर अन्यत्र गएको छ । उनी पनि एक रोमन गडेस अर्थात् रोमन देवीको रूपमा चिनिन्छिन् । प्रोजरपिना अन्न फलफूल कृषि एवम् उर्वरताकी देवी मानिन्छिन् ।

ग्रिसेली र रोमन सभ्यता भण्डै सँगैका हुन् धेरै कुरा ग्रिसेलीबाट रोमनतिर आएको छ । रोमबाट उता पनि गएको छ । प्रोजरपिनाको पुराकथा पनि ग्रिसेलीबाट रोममा आएको हो र दुवैतिरका नामहरू बेग्लाबेग्लै हुन्छन् । ग्रिसेलीमा परसीफोनी तथा उनकी माता दिमितरबाट जन्मेकी पुत्रीको कथा रोममा आएको कथा हो । रोमनहरूले पनि उनलाई उर्वरा शक्तिकी देवी माने, अन्नपात कृषि कर्मकी देवी सिरिसकी पुत्री माने । रोमको एउटा पर्वतमा उनको मन्दिर रहेको छ र रोमका विशिष्ट नारीहरूको निमित्त यी देवी आदर्श रहेकी छन् । प्रोजरपिना एक प्रकारले अधोलोक (अन्डरवर्ल्ड) क्षेत्रसित सम्बद्ध देवी हुन् । वसन्तऋतुको आगमन भएपछि, बालीनाली बढ्न थालेपछि नवजीवन चक्र देखिन थालेपछि

मृत्यु र पुनर्जीवनको चक्रसँगै उनको सम्झनामा पूजा हुन्छ । प्रोजरपिना पर्सीफोनी जे भए तापनि 'प्रोस्पर' ल्याटिन मूल शब्दार्थले भन्छ उन्नति, विकास, प्रगति आदि । जमिनको उर्वरता र जीवनको नवीनतालाई यस नामले सङ्केत गर्छ ।

तर एउटा महत्त्वपूर्ण कुरा के छ भने– आदि कालदेखि नै नारी र पुरुषले आआफ्ना शक्तिको प्रयोग र प्रदर्शन गर्दै आएका छन् । नारीहरूले बल र शक्तिको प्रयोगमा आफू पछि परे तापनि मायाविनी रूप लिएर, मोहनी रूप लिएर, पुरुष जातिलाई सम्मोहित गर्ने, वशीकरण गर्ने आदि कथाहरू थुप्रै लेखिएका छन् भने अर्कातिर पाश्चात्य मिथहरूमा पुरुषद्वारा नारीको अपहरणले ज्यादै ठूलो थिम वा कथावस्तु बनाएको छ । त्यसो त पूर्वमा पनि नारीकै अपहरणसित जोडिएका रामायण, महाभारत लगायतका अरू कथा गाथाहरू पनि छन् । तर पश्चिमले यसमा संसारलाई जितेको छ । आदिकालका ग्रिसेली कथा, रोमन कथामा नारीको अपहरण र पुरुषको बल प्रदर्शन जहाँ पनि देखिएको छ । प्रोजरपिनाको कथामा पनि यो कथाको मुख्य अंश वा मूल थिमचाहिँ **प्रोजरपिनाको अपहरण** हो । उनमा रहेको सौन्दर्य, शक्ति र ज्ञानप्रति पुरुषको लोभ र ईर्ष्या हो ।

अधोलोकबाट प्रोजरपिनालाई त्यहाँका देवताले अपहरण गरेपछि आमाले उनको खोजी गर्न थालिन् र केही समयका लागि उनलाई धर्तीमा फिर्ता दिइयो । प्रोजरपिनाको यही कथाले नै रोमन साहित्य भरिएको छ । अधोलोकका देवताले ती युवतीलाई चोरेर लगेको घटनालाई प्रोजरपिनाको बलात्कार (रेप अव् प्रोजरपिना) भनी नाम दिएको छ । तीन हजार वर्ष अगाडि शुरुभएको यो मिथक पुराकथामा आधारित थिमले रोमन पुनर्जागरणकालका अनेकौँ कवि, वास्तुशिल्पी, कथाकारहरू, मूर्तिकारहरूलाई ठूलो प्रेरणा प्रदान गर्‍यो । भिन्सेन् जो रोशीले बनाएको एक कलाचित्रमा फष्टपुष्ट शरीर भएका सम्पूर्ण नग्न रूपका अधोलोकका देवताले त्यस्तै नग्नरूपमा रहेकी उर्वरा शक्तिकी देवी प्रोजरपिनालाई हातले समातेर उचाली वरपर हेर्दै कुधाएको एउटा तस्बीर छ । पाश्चात्य चित्र र मूर्तिमा यस्ता हजारौँ चित्र र मूर्ति होलान् । अर्को लुका गियोर्दानोले बनाएको **रेप अव् प्रोजरपाइन** शीर्षक चित्रमा पनि शिरमा मुकुट धारण गरेका हट्टाकट्टा बलिया देवले अरू साराले हेर्दाहेर्दै नदी किनारबाट टिपेर ती सुन्दरीलाई उडाएको देखिन्छ । अर्को एक चेका नामक पेन्टरको चित्रमा चारघोडे बग्गीमा हालेर समातेर उडाएको देखिन्छ । यसरी यो गाथाले कति कलाकार कति चिन्तक कविलाई प्रेरित गर्‍यो यो भनिसाध्य छैन । यो मुख्य ग्रिसेली मिथकमध्ये एक हो ।

ल्याटिन भाषामा बेग्लै ग्रिसेलीमा बेग्लै, अनेक संस्करण छन् । अझ ग्रिसेलीमा ता प्लुटो नामक देवताले प्रोजरपिनालाई अपहरण गरेको कुरा छ । यो प्रोजरपिनाको इच्छा विपरित कुरा थियो । महाकवि ओभिडले आफ्नो सङ्कलन **मेटामर्फोसिस**मा यस कथाको बयान दिएका छन् । ल्याटिन भाषामा एक दर्जनजति यसका संस्करणहरू छन् । स्थानका, पात्रका, घटनाका, ससाना अन्तर हुन्छन् तर अझ अरूको आदेशमा प्लुटो देवताले अधोलोकबाट प्रोजरपिनालाई छोडिदिने भए तर उनले हिँड्ने बेलामा अनारका छवटा बियाँ ती युवतीलाई खान दिएकाले गर्दा छ महिना अधोलोकमा र छ महिना पृथ्वीमा आउनुपर्ने भयो । विश्वप्रसिद्ध कलाकार डान्टे ग्याब्रिल रोजेटीद्वारा निर्मित एक सुन्दर वस्त्र धारण गरेकी जीवन्त युवतीको हातमा अलिकति बोक्रो छोडाइएको पाकेको अनारको दाना छ । त्यहाँ राता दन्तलहर जस्ता फल देखिन्छन् । ती युवती हातमा फल धारण गरी अन्यमनष्क भै त्यहाँ घोरिएकी छन् । सायद उनमा छ दाना अनारका बियाँ खाइसकेपछिको यो सर्वनाशको स्थिति चिन्ता हुनुपर्छ । अब छ महिना पृथ्वी छ महिना आधोलोक गर्नुपर्ने भयो नि ! अझै पनि वसन्त ऋतु लागेपछि छ महिनाको लागि प्रोजरपिना पृथ्वीमा आउँछिन् अनि छ महिना प्लुटोसित बस्न अधोलोकमा जान्छिन् । यस कथाको कुन अर्थ वा स्वरूपलाई महाकविले सँगाल्नु भयो होला त्यो भन्न सकिँदैन । यसको आशय चाहिँ सौन्दर्य क्षणभङ्गुर छ र यो पान गर्न देवताहरू पनि लालायित छन् भन्ने होला । यस गाथाको अर्थ पूजा गर्दागर्दै पुजनीय देवीहरू लुटिएका छन्, पुरुषको काम, क्रोध, सौर्य सबै एकसाथ चलेको देखिन्छ । यस गाथा भनौँ मिथकको प्रभावले गर्दा अङ्ग्रेजी साहित्यका महान् स्रष्टा अलेक्जेन्डर पोपले अठारौँ शताब्दीमा **रेप अव् द लक** (चुल्ठाको अपहरण) शीर्षक एक प्रसिद्ध खण्डकाव्य लेखे । आज पनि त्यसको पठनपाठन हुँदै छ । त्यहाँ आफ्नो सौन्दर्यको अभिमान गर्ने एक युवतीको केश राशीको अपहरण भएको छ । उनको सौन्दर्यको अभिमान दण्डित छ । युवती, कन्या, परस्त्री आदिलाई अपहरण गर्ने पुरुष खेलको स्थापना कहिले भयो कसैले भन्न सक्तैन किनकि देवताहरू पनि त्यसैमा संलग्न थिए । ती पनि छलछाम गर्थे, भेष बदल्थे ।

२००४ सालमा लिखित **मायाविनी सर्सी** र २०१० सालमा प्रकाशित **सुन्दरी प्रोजरपिना** दुवैका प्रति मदन पुरस्कार पुस्तकालयमा वा काहीं अध्येताका आवासमा सुरक्षित होलान् । यति पृष्ठभूमि प्रस्तुत गरेपछि यसका आधारमा अन्य अध्येताले पनि अरू अर्थ खुलाउन सक्नेछन् । अर्थात् अर्कोपल्ट म आफैँ पनि लेखौँला ।

यसको सारांश के हुन्छ भने– महाकविको उद्देश्य असीमित थियो । तास्कन्द सम्मेलनमा (२०५८) मा उहाँले भन्नुभएको छ– विश्वका अन्य भाषा साहित्यको गतिविधिबारे हामी अनभिज्ञ भएर नेपाली साहित्य पछि परेको छ, अनुवादका अभावले हाम्रो साहित्य पछि परेको छ । आजको तुलनामा २०१४-१५ सालमा नेपाली साहित्य भर्खर कलिलो थियो तथापि अन्य भाषामा पुगौँ, अन्य सभ्यता चिनौँ र तीसित आदानप्रदान बढोस् नेपाली जातिले विश्वको कल्पना गर्न सकोस् भन्ने उद्देश्यले नै उहाँले यस्ता ग्रिसेली गाथा नेपालीमा ल्याउनु





web source: www.khasskhass.com

भएको थियो । हामीले चाहिँ तिनको सङ्केत बुझ्नेनछौँ, अर्थ बुझ्नेनछौँ, ती रत्नदानालाई घाँस परालले छोपेर जमिन मुनि गाडिराखेछौँ । यी ता पाठ्यक्रममा राखेर हाम्रा पाठकलाई ग्रिसेली यात्रामा लानुपर्ने होइन र ?

## सन्दर्भ सूचि


- **ग्रिक माइथोलोजी**
- **महाकावि देवकोटा जन्म शताब्दी स्मारिका, सिलगढी (२००८-२००९)**
- **महाकवि देवकोटा स्मारक व्याख्या सङ्ग्रह**– देवकोटा स्मृतिसभा कलैया, बारा, (२०५९)
- **रचना**, महाकवि लक्ष्मीप्रसाद देवकोटा विशेषाङ्क पूर्णाङ्क १०४ (२०६६)
- **महाकवि व्याख्यानमाला**– नेपाल प्रज्ञा प्रतिष्ठान (२०६९)
- **बृहत् रत्न नेपाली समालोचना प्रायोगिक खण्ड** (२०६८)
- **भृकुटी** महाकवि देवकोटा विशेषाङ्क– (२००६)



*(महाकवि लक्ष्मीप्रसाद देवकोटाको १०६ औँ जन्मजयन्तीको सन्दर्भमा नेपाल एकेडेमीको पद्य विभागद्वारा आयोजित एकदिने सङ्गोष्ठीमा प्रस्तुत कार्यपत्र (कार्तिक ४-२०७१)*






# समसामयिक साहित्यिक सन्दर्भमा महाकवि देवकोटा


**- डा. रामप्रसाद ज्ञवाली**


महाकवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका केन्द्रीय प्रतिभा हुन् । उनी आफ्नो समयका सचेत, उत्तरदायी, दूरदर्शी र नागरिक चेतना भएका साहित्यकार थिए । स्वच्छन्द शैलीमा स्वत:स्फूर्त अभिव्यक्ति दिने प्रवृत्तिका स्रष्टा भए पनि उनले नागरिक दायित्वबोध गरेर नै साहित्य सिर्जना गरेका छन् । त्यसैले उनका रचनामा आफ्नो युगको समकालीनता वा समसामयिकता पाइन्छ । नेपाली कविता र नेपाली निबन्ध दुवै विधा उनीबाटै अन्तर्राष्ट्रिय स्तरमा उठ्न सुरु भएका हुन् । कथा, नाटक, गीत आदि साहित्यका अन्य विधाहरूमा पनि उनको उल्लेखनीय योगदान रहेको छ । उनले आफ्ना सिर्जनाहरूमा नेपाली जनजीवनका विभिन्न पक्षहरूलाई गम्भीर संवेदनाका साथ सम्बोधन गरेका छन् । देशभक्ति, राष्ट्रिय स्वाभिमान तथा राष्ट्रिय मुक्ति चेतनाका पक्षमा उनले दिएको अभिव्यक्ति पनि प्रशंसनीय छ भने साम्राज्यवाद, उपनिवेशवाद र विस्तारवादका विरुद्ध पनि उनको कलम चलेको छ । आजको नेपाली समाजमा रहेका वर्गीय उत्पीडन, जातीय भेदभाव, लैङ्गिक शोषण, विदेशी हस्तक्षेप आदि अनेक समस्याहरू उनको समयमा पनि विद्यमान थिए । ती समस्यालाई उनले युगानुकूल हुने गरी सम्बोधन गरेका छन् । त्यस सम्बोधनका क्रममा उनले उठाएका कतिपय मुद्दाहरू आजका सन्दर्भमा पनि उत्तिकै सामयिक र सान्दर्भिक रहेका छन् । त्यसैले उनलाई आजको सामयिक सन्दर्भमा पनि हेर्न सकिन्छ र हेर्नु पनि पर्छ । यस सानो लेखमा उनले सम्बोधन गरेका ती सन्दर्भहरूलाई सङ्केतका तहमा र प्रतिनिधिमूलक रूपमा सम्झने प्रयत्न गरिएको छ जुन नेपाली समाजमा आज पनि उत्तिकै टड्कारो रूपमा विद्यमान छन् र सामयिक सन्दर्भमा पनि विश्लेषणीय छन् ।

### १. वर्गीय मुद्दामा समसामयिक देवकोटा

नेपालीहरू आज पनि वर्गीय मुक्ति आन्दोलनका लागि सङ्घर्ष गरिरहेका छन् । बाहिरबाट हेर्दा नेपालीहरूमा सयौँ समस्याहरू देखिन्छन् तापनि केन्द्रीय समस्या भने वर्गीय नै रहेको छ । वर्गीय समस्या समाधान हुने हो भने नेपालीका समस्याहरूमध्ये अधिकांश समस्याहरूको समाधान हुन सक्छ । त्यसैले वर्गीय उत्पीडनबाट मुक्तिको मुद्दा वर्तमान नेपालको पनि समसामयिक मुद्दा हो । महाकवि देवकोटाले कविता काव्यको यात्रा गर्दा सुरु सुरुमा वर्गीयताको अर्थ नबुझेर तथा पछि पछि वर्गीयताको समस्यालाई बुझेर कविता काव्य




web source: www.khasskhass.com

रचेका छन् जुन आज पनि सान्दर्भिक देखिन्छन् । वर्गीय मुद्दा मूलत: आर्थिक र न्यायिक विषयसँग नजिक हुने गर्छ । आर्थिक विषमता, आर्थिक शोषण, श्रममाथिको शोषण र अर्थशक्तिका बलमा गरिने श्रमजीवीमाथिको उत्पीडन आदि कुराहरू यस विषयसँग सम्बन्धित हुन्छन् । नेपाली समाज आज पनि आर्थिक विषमता र न्यायिक असमानताको चेपबाट गुज्रिरहेको छ । यसै कारण लाखौँ नेपालीहरू आज पनि बेरोजगार छन्; अशिक्षित छन्; विदेशतिर पलायन भइरहेका छन् रनेपालमा आज पनि वर्गीय शोषण चरमोत्कर्षमा नै छ । त्यसैले यो विषय समसामयिक सन्दर्भहरूमध्ये मुख्य सन्दर्भ नै हो ।

महाकवि देवकोटाले वर्गीय समस्यालाई आफ्नो काव्ययात्राको प्रारम्भदेखि नै उठाउन सुरु गरेका हुन् । यद्यपि काव्ययात्राको प्रारम्भमा उनले वर्गीय सचेतताका साथ कविता लेखेको देखिन्न तापनि भावनाका तहमा उनी वर्गीय उत्पीडनका विरोधी नै देखिन्छन् । 'मुना मदन' को कथा नेपाली समाजमा रहेको आर्थिक विषमता र वर्गीय समस्याकै कथा हो । मुना-मदनको नायक मदन ह्लासा जानु आर्थिक सङ्कटबाट मुक्ति पाउका लागि विपन्न वर्गद्वारा गरिएको तत्कालीन प्रयत्न थियो । नायिका मुनाले पति हुँदाहुँदै पनि पतिबाट टाढा बसी विरही जीवन बिताउन बाध्य हुनु र एक्ली भएकीले गुन्डाबाट सताइनुको स्थिति पति बिदेसिएका आजका पत्नीहरूले पनि बेहोरिरहेकै छन् । ह्लासाबाट फर्केको मदन रोगले थलिएर आउनुको स्थिति अरबतिरबाट रोगाएर नेपाल फर्किरहेका आजका युवा युवतीहरूसँग मिल्दो देखिन्छ । सुखका लागि परदेश गएको नेपाली जीवन पीडा, रोग, व्यथा र दुखान्त भोग्न विवश भएको कथा मुना मदनमा नै छ । यो अवस्था अरब तथा अन्य देशमा गएका नेपालीहरूको जीवनमा आज पनि घटित भइरहेको छ । स्वरूप फेरिएको अवश्य हो तर अन्तर्वस्तु आज पनि उही छ । खुला रूपमा छरपस्ट भएर धेरै मात्रामा देखिएका मात्र हुन्, समस्या आज पनि उस्तै छन् । भोगाइका रूपमा केही भिन्नता देखिएको हो, भोगाइगत पीडानुभूति आज पनि उस्तै छन् । त्यसैले मुना-मदन खण्डकाव्यले देवकोटालाई समसामयिक सन्दर्भमा समेत उत्तिकै महत्त्वपूर्ण देखाउँछ ।

यद्यपि नेपाली समाज आज वर्गीय सचेतताका दृष्टिले देवकोटाको युगका तुलनामा धेरै बढी विकसित अवस्थामा छ तापनि देवकोटाको समयमा जस्तै वर्गीय समस्याहरू आज पनि छरपस्ट नै देखिन्छन् । आजका स्रष्टाहरूले वर्गीय समस्यालाई सम्बोधन गरेर धेरै नै रचनाहरू गरिरहेका छन् भने महाकवि देवकोटाले पनि वर्गगत समस्यालाई सम्बोधन गरेर अनेक कविता काव्यहरू लेखेका छन् । उनका त्यस्ता रचनाहरूमा उत्पीडित वर्गीय पक्षधरता पाइन्छ । फुटकर कविताहरूका कुरा गर्दा यो चेतना **किसान, वन** जस्ता कविताहरूमा देखा पर्दै आएको हो तर यस चेतनाको प्रच्छन्न रूप सर्वप्रथम 'पहाडी पुकार' लघुकाव्यमा देखा पऱ्यो । पहाडी पुकारमा उनी श्रमजीवी किसान, मजदुर र उत्पीडित वर्गका पक्षमा खुलेर बोलेका छन् । यसमा राणाकालीन सामन्ती राज्यव्यवस्थाका विरुद्ध चर्को विद्रोह छ भनेवर्गीय शोषण गर्नेहरूका विरुद्ध जाइलाग्दै उनले उत्पीडक वर्गलाई खुला



चुनौतीसमेत दिएका छन् । यसमा उठाइएको वर्गीय मुद्दा आज पनि समाप्त भई नसकेकाले यो कविता आज पनि सामयिक नै छ ।

देवकोटाको वर्गीय पक्षधरता र नागरिक अधिकारप्रतिको दृढ आबाज 'युगवाणी' पत्रिकाको सम्पादन र त्यस समयका उनका कविताहरूमा पनि मुखरित भएको पाइन्छ । उनका 'साँढे, बाघले बच्चा किन खान्छ ? भाँचूँ भाँचूँ लाग्छ कलम, डायमन कुकुर' आादि अनेक कविताहरूमा वर्गीय उत्पीडन र सामन्तवादका विरुद्ध आक्रोश तथा व्यङ्ग्य पाइन्छ भने जनपक्षीय परिवर्तनका लागि सन्देश पनि पाइन्छ ।

*धेरै मर्छन् थोरै बाँच्छन् ठुलो माछा न्यायाधीश छ,...*
*नलडी कोही हुन्न विजेता,...*
*जब बाघले मृग खान आँटेको देख्छु साथी,*
*तब मेरा मक्किएका हड्डीमा पनि दधीचिका आत्माको भयङ्कर बल पसेर बोल्न थाल्छ...* जस्ता अभिव्यक्तिहरूमा उनको वर्गीय चेतना प्रच्छन्न रूपमा मुखरित भएको छ । यस्तो अभिव्यक्ति आजका अनेक प्रगतिशील कविहरूले अहिले पनि दिई नै रहेका छन् भने यस्तै किसिमले अभिव्यक्ति दिनुपर्ने अवस्था अझै पनि रहिरहेकै हुनाले पनि देवकोटा आज पनि सामयिक र सान्दर्भिक नै देखिन्छन् ।

महाकवि देवकोटाले 'कृषिबाला' (गीतिनाटक) का माध्यमबाट उठाएको आबाज आजको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक छ । कृषिबालामा उनले श्रमजीवी किसानको अधिकारका लागि वर्ग सङ्घर्ष र सामूहिक विद्रोहको सन्देश दिएका छन् । किसानको अधिकारको मुद्दा आज पनि उस्तै छ । श्रममाथिको शोषण आज पनि भइरहेकै छ र त्यसका विरुद्धको आन्दोलन आज पनि जारी नै छ । कृषिबालाले गरेको माग आजका सन्दर्भमा पनि उत्तिकै माग नै भएकाले र त्यो माग आजसम्म पुरा नभएकाले उक्त आबाज आजका किसानको आबाज पनि हो । यस गीतिनाटकमा उनले कृषकहरूका अधिकार र वर्गीय उत्पीडनबाट जनताको मुक्तिका लागि यसरी आह्वान गरेका छन् :

*धर्तीको यो मालिक्याइँ ठालुबाट खोस*
*एकै आबाज गर किसान एकै डल्लो बनी*
*हज्जार गरिब एकातिर अर्कातिर धनी*
*हातमा लाठी लेऊ किसान तर्साउनू खालि*
*आफू तिमी नहच्किए गलिजान्छ जाली*

वर्गीय पक्षधरताको अभिव्यक्तिका कुरा गर्दा महाकवि देवकोटाले २०१५ सालमा रुसको तासकन्दमा दिएको प्रवचन पनि सम्झनुपर्ने हुन्छ जुन प्रवचना आजको सन्दर्भमा पनि महत्त्वपूर्ण देखिन्छ । उनले रुसमा भएको अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा साम्राज्यवाद, उपनिवेशवाद र विस्तारवादका विरुद्धमा र राष्ट्रिय अस्तित्वका पक्षमा बौद्धिक अभिव्यक्ति दिँदै साहित्यलाई उत्पीडक वर्गका विरुद्धमा हुने गरी शक्तिशाली बौद्धिक हतियारका रूपमा

उपयोग गर्नुपर्ने धारणा प्रस्तुत गरे । उनले त्यहाँ भने– "जीवनका निम्ति विनाशका विरुद्ध, सहअस्तित्वका निम्ति सैनिक आक्रमणका विरुद्ध आधुनिक मानव जातिको महान् सङ्घर्षले जागरुक जगत्मा शक्तिशाली समर्थन पाउन थालेको छ । यस अवस्थामा साहित्य माथिल्लो वर्गको सोखको विषय बन्न सक्दैन । अब यो समाज र जनताको हातमा एउटा ठूलो हतियार भएको छ ।" यस अभिव्यक्तिमा साहित्यले राष्ट्रिय मुक्ति आन्दोलन र जनताका पक्षमा गम्भीर भूमिका निर्वाह गर्नुपर्ने कुरामाथि जोड दिइएको छ र यो कुरा आजका सन्दर्भमा पनि उत्तिकै आवश्यक देखिन्छ । आज लेखिएका अधिकांश कविता तथा अन्य साहित्यलाई गम्भीर भएर हेरियो भने अधिकांश रचनामा यही आबाजलाई प्रकारान्तरले अभिव्यक्त गरिएको पाइन्छ । वर्गीय पक्षधरता सम्बन्धी यस्तो सामयिकता देवकोटाका अनेक अभिव्यक्तिमा भेट्न सकिन्छ । यो त प्रतिनिधि अभिव्यक्ति मात्र हो । यस अर्थमा पनि देवकोटा आज पनि उत्तिकै सामयिक र सान्दर्भिक छन्।

## २. जातीय तथा समावेशिताको मुद्दामा समसामयिक देवकोटा

नेपाली समाज र नेपाली जीवन आज पनि जातीय भेदभावबाट उन्मुक्ति खोज्दै छ भने समावेशी पहिचानका लागि पनि सङ्घर्ष गरिरहेको छ । जातीय विभेद र दलित उत्पीडन आजको नेपालका प्रमुख मुद्दाहरूमा पर्छन् । सदियौँदेखि दबाइएका दलित, जनजाति र महिलाहरू वर्गीय उत्पीडनका साथै जातीय उत्पीडनबाट पनि मुक्ति खोजिरहेछन् । यस समसामयिक सन्दर्भसँग जोडेर हेर्दा पनि महाकवि देवकोटाका रचनाहरू उल्लेखनीय नै छन् । महाकवि देवकोटाले जातीय विभेद र यसै निहुँमा गरिने अमानवीय व्यवहारको विरोध राणा शासनकालदेखि नै गर्दै आएका छन् । 'मुना मदन' खण्डकाव्यबाट उनले यसको शुभारम्भ गरेको देखिन्छ । यस खण्डकाव्यमा उनले श्रमजीवी जनताको जीवन स्थितिको उद्घाटन गर्नुका साथै श्रम गरेर खाने वर्गप्रतिको पक्षधरता प्रस्तुत गरेको देखिन्छ । त्यस समयमा भोटे जातिलाई कुलीन वर्गका मानिने बाहुन क्षत्रीहरूले घृणाका दृष्टिले हेर्थे । तल्लो जातिका रूपमा मात्र नभई गाईखाने जाति भनेर समेत जातिवादी घृणा गरिन्थ्यो । देवकोटा यस सत्यसँग परिचित थिए भने यस प्रचलनप्रति असन्तुष्ट पनि थिए । त्यसैले उनले 'मुना मदन' मा आफ्ना आदर्श विचारको प्रक्षेपणका लागि भोटे जातिको श्रमजीवी तथा मानवीय पात्रलाई नै रोजे । मदनको रक्षा र सेवा गर्ने महान् पात्रत्व भोटेलाई प्रदान गरी मान्छेको महानता जातिमा होइन, सत्कर्म र सेवामुखी सद्भावनामा हुन्छ भन्ने आदर्श विचारको प्रक्षेपण गरे । 'क्षेत्रीको छोरो यो पाउ छुन्छ घिनले छुँदैन, मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन' भन्ने अभिव्यक्तिका माध्यमबाट उनले यस मुद्दालाई साहित्यमा जीवन्त पारेर उठाए ।

जातीय भेदभाव विरोधी यस मुद्दालाई देवकोटाले 'मुना मदन' मा मात्र सीमित राखेनन् । पछि पछि लेखेका कविता काव्यहरूमा पनि उनले यस मुद्दालाई उठाएका छन् र जनजातिप्रतिको सम्मान भावलाई काव्यिक अभिव्यक्तिद्वारा प्रकट गरेका छन् । 'कुञ्जिनी', 'लूनी' र 'म्हेन्दू' खण्डकाव्यहरू यसका प्रमाण हुन् । २००० सालमा रचिएको 'कुञ्जिनी' मा गुरुङ जातिलाई, २००१ सालमा रचिएको 'लूनी'मा शेर्पा जातिलाई र २००३ सालमा रचिएको 'म्हेन्दू' मा तामाङ जातिलाई नायकत्व प्रदान गरी जातीय भेदभाव विरोधी मान्यताको काव्यिक प्रारूपीकरण उनले गरे । यी खण्डकाव्यहरूका माध्यमबाट उनले नेपाल सबै जातजातिको साझा देश हो र सबै जातिले उत्तिकै सम्मान र समान अवसरको अधिकार राख्दछन् भन्ने समावेशिताको मान्यतालाई प्रस्तुत गरे । यो समस्याजातीयता र समावेशिताको मुद्दाका रूपमा आज पनि रहिरहेको र देवकोटाले उतिखेरै यस समस्यालाई गम्भीरताका साथ सम्बोधन गरेको पाइएकाले उनी यस सन्दर्भमा पनि उत्तिकै सामयिक र सान्दर्भिक देखिन्छन् ।

समावेशिताको कुरा गर्दा आजको टड्कारो मुद्दाका रूपमा दलितको मुद्दा पनि रहेको छ । आज पनि ब्राह्मण क्षत्रीहरूबाट मात्र नभई अन्य जातिबाट समेत आफ्नो जातिभित्रका दलितमाथि छुवाछुत लगायतका अनेक अपमानजनक व्यवहार गरिन्छन् । दलितमाथि हुँदै आएका यस्ता अतिरिक्त उत्पीडनलाई देवकोटाले नजिकैबाट देखेका थिए । त्यसैले उनको ध्यान दलितका समस्यातिर पनि पुगेको देखिन्छ । 'दमाईं दाइ', 'भरियाले भारी उचाल्यो' आदि केही कविताहरूमा उनले यस मुद्दालाई उठाएका छन् :

*'सियोको टुप्पोले मुटु बिज्यो दमाईं दाइ,*
*आजलाई देशैलाई देखेर*
*जर्जर पातमा किराले दमाईं दाइ*
*देशदशा झलक्कै लेखेर'* जस्ता अभिव्यक्तिमा उनले दलितको मुद्दालाई सम्बोधन गरेको पाइन्छ । यस अभिव्यक्तिले उनको यस किसिमको भावनाको प्रतिनिधित्व गर्छ ।

उपर्युक्तबाहेक पनि अनेक कविताहरूमा उनले परम्परा, जाति, धर्म, संस्कृति, अन्धविश्वास आदिका आधारमा हुने गरेका असमावेशी र जातीय समस्यालाई सम्बोधन गर्दै यस्ता कुराबाट समाज र जीवनलाई मुक्त गर्नुपर्छ भन्ने सन्देश दिएको पाइन्छ । यस्ता साक्ष्यहरूलाई आधार मानेर हेर्दा आजको जातीय तथा समावेशिताको मुद्दामा पनि महाकवि देवकोटा सामयिक र सान्दर्भिक देखिन्छन् ।

## ३. लैङ्गिक मुद्दामा समसामयिक देवकोटा

नारीमाथिको उत्पीडन नेपाली समाजमा सदियौँदेखि देखिँदै आएको ठूलो समस्या हो र यो समस्या आज पनि यथावत् छ । आज नारी अधिकारका नाराहरू सामयिक मुद्दाका रूपमा जोडतोडका साथ उठेका छन्/उठाइएका छन् भने नारी मुक्तिको आन्दोलन अनेक स्वरूपमा चलिरहेकै छ । नारीका यस्ता समस्यासँग देवकोटा पनि परिचित थिए । उनले यस मुद्दालाई पनि आफ्नो कविता यात्राको सुरुदेखि सम्बोधन गर्दै आएको पाइन्छ । मुना

मदनमा तत्कालीन नेपाली नारीका व्यथामध्येको एक स्वरूप देखा पर्छ तर यो खण्डकाव्य नारीको समस्यालाई नै केन्द्रमा राखेर तयार पारिएको कृति थिएन । २००३ सालमा प्रकाशित 'सुलोचना' महाकाव्यमा उनले नारीका तत्कालीन मुख्य समस्यामध्येको एकको चित्रण गरे । उनले यसमा नारीमाथि हुने मातापिताको अनपेक्षित नियन्त्रण र त्यसको परिणामस्वरूप उत्पन्न हुने पारिवारिक समस्यालाई एकातिर देखाए भने अनमेल विवाहको समस्या र विधवा नारीको समस्यालाई अर्कोतिर उठाए । नेपालमा विधवा विवाह आज पनि सहज र सरल छैन भने राणाकालमा त त्यो असम्भव जस्तै थियो । तर देवकोटाले यस महाकाव्यमा विधवाको समस्या मात्र देखाएनन्, बिजुली नामक नारी पात्रको चरित्र चित्रणका माध्यमबाट विधवा विवाहलाई सामाजिक स्वीकृति दिइनुपर्छ भन्ने मान्यता अघि सारे । तत्कालीन स्थितिमा यो चेतना प्रस्तुत गर्नु नारीमाथि हुने गरेका उत्पीडनका विरुद्धमा दिइएको ठूलो हाँक र महत्त्वपूर्ण क्रान्ति चेतना थियो । बाल विवाह, अनमेल विवाह, विधवा विवाह र केही हदसम्म प्रेम विवाह समेत आजको समयमा समस्याका रूपमा नै रहेकाले देवकोटाको उक्त प्रयत्नलाई सामयिक सन्दर्भमा पनि उल्लेखनीय मान्नुपर्छ ।

'लक्ष्मी कथा सङ्ग्रह' का केही कथाहरूले पनि नारीप्रति देवकोटाका सकारात्मक धारणा बुझ्न सहयोग गर्छन् । नेपाली समाजमा नारी जातिमाथि हुने गरेका आर्थिक तथा अतिरिक्त लैङ्गिक उत्पीडनसँग देवकोटा परिचित थिए ।त्यसैले उनको मनमा नारी जातिप्रति सहानुभूतिका साथै सम्मान भाव पनि थियो । उनले अन्ध विश्वास र परम्पराका रूपमा नारीमाथि हुने गरेका अन्यायका केही रूपको उद्घाटन गरेर यसतिरको आफ्नो संवेदना प्रकट गरेको देखिन्छ । यद्यपि शक्तिशाली रूपमा विद्रोही नारी पात्रहरूको विधान गरेको देखिन्न तर पीडित नारीप्रतिको सहानुभूतिमा उनको यो पक्षधरता मुखरित भएको देखिन्छ । आफ्ना खण्डकाव्य तथा महाकाव्यहरूमा नारीलाई नै नायकत्व र उदात्तता दिलाउनुले पनि उनको नारीप्रतिको सम्मान भावलाई बताउँछन् । म्हेन्दु, कुञ्जिनी, लूनी, शकुन्तला, सुलोचना लगायतका नायिका पात्रहरू खडा गरी तिनीहरूप्रति देखाएको पक्षधरताले यस कुराको पुष्टि गर्छन् । तात्पर्य के भने महाकवि देवकोटा लैङ्गिक उत्पीडनका पनि विरोधी थिए र आफ्ना कविता र कथाहरूमा उनले यस सम्बन्धी अभिव्यक्ति दिएका छन् । उनले उठाएका नारी सम्बन्धी समस्याहरूको समाधान अझै पनि भइनसकेको परिप्रेक्ष्यमा उनका त्यस्ता लेख रचनाहरूपनि आजका सन्दर्भमा सामयिक नै लाग्छन् ।

## ४. लोकतन्त्रको मुद्दामा समसामयिक देवकोटा

लोकतान्त्रिक नेपालको स्थापना आजको मुख्य समसामयिकविषय बनेको छ । समाजलाई लोकतान्त्रिक बनाउनु भनेको सत्य र न्यायको स्थापना गर्नु हो; जनताको जीवन स्तर उठाउनु हो; देशलाई विकसित बनाउनु हो र सबै वर्ग, सबै जात, सबै धर्म, सबै सम्प्रदायका मानिसहरूको महत्त्वलाई समान रूपमा स्वीकार गर्नु हो । महाकवि देवकोटाले



कविता यात्राको पहिलो चरणदेखि नै सामान्य चेतनाका साथ यस मुद्दालाई उठाउन थालेका हुन् भने दोस्रो चरणदेखि सचेत रूपमा र पछिल्लो चरणमा आक्रामक रूपमा नै यस मुद्दालाई उठाएको पाइन्छ । उनले त्यतिखेर उठाएका ती मुद्दा आज पनि समाधान भई नसकेकाले यस सन्दर्भमा पनि देवकोटा समसामयिक देखिन्छन् ।

देवकोटाले 'वन' शीर्षकको कविता (पहिलो चरण) देखि नै लोकतान्त्रिक चेतना प्रस्तुत गर्न थालेको देखिन्छ । यस कवितामा स्वतन्त्रताप्रतिको तीव्र चाहना व्यक्त भएको छ (अन्तस्करणको स्वतन्त्रता यो तर छ अहा ! अनमोल) । सत्यका पक्षमा सम्झौताहीन सङ्कल्प गरिएको छ (मैले बोलें– चिथरा लाउँछु सत्य म टेक्दछु भाइ) । वीरहरूको बलिदानको जयगान गरिएको छ (मैले बोलें वीरहरूको बलिदान भएको ठाउँ) । सामाजिक दायित्वको सन्देश दिइएको छ (बाल्नु छ बत्ती अझ छ अँधेरो संसार) । यी कुरा आजका पनि आवश्यकता र आदर्श हुन्; त्यसैले समसामयिक छन् । यस कवितामा परोक्ष रूपमा राणाकालीन शासनको विरोध छ जसलाई लोकतान्त्रिक चेतनाप्रतिको तत्कालीन पक्षधरताका रूपमा लिन सकिन्छ ।

महाकविले आफूभित्रको लोकतान्त्रिक चेतनालाई पहिलो पटक बढी हिम्मत र सचेत जागृतिका साथ प्रस्तुत गरेको चाहिँ 'पहाडी पुकार' लघुकाव्यदेखि हो । राणाशासन कालमा रचिएको यस लघुकाव्यमा देवकोटाले वर्गीय उत्पीडनका विरुद्धमा र स्वतन्त्रता, नागरिक अस्तित्व र प्रजातन्त्रका पक्षमा क्रान्तिकारी स्वर प्रस्तुत गरेका छन् । स्वतन्त्रता र नागरिक अधिकारका पक्षमा खुलेर प्रस्तुत भएका उनले यसमा सच्चा मानिसले बरु मर्नु उचित हुने तर दासता सहेर बस्न नहुने धारणा प्रस्तुत गरेका छन् । यस कवितामा अभिव्यक्त लोकतान्त्रिक चेतनाको काव्यिक स्वर यस्तो छ :

*ज्यानै पो जाओस् प्राणै पो जाओस् पर्वाह गर्दैनौं,*
*मानिसलाई चाहिने हक नलिई छाड्दैनौं*
*मर्नु त एकदिन अवश्य पर्छ पशु झैं नजिऊँ*
*मानिस हौं भने मानिस झैं जिऊँ मानिसको हक लिऊँ*

'युगवाणी' पत्रिकामा प्रकाशित देवकोटाका अनेक सम्पादकीय र कविताहरू, 'इन्द्रेनी' पत्रिकामा प्रकाशित देवकोटाका अनेक कविताहरू तथा 'कृषिबाला', 'प्रमिथस' लगायतका अन्य रचनादेखि रुसमा दिइएको प्रवचन आदिमा देवकोटाभित्रको लोकतान्त्रिक चेतनाले अभिव्यक्ति पाएको छ । रचनाहरूमा उनले उठाएका लोकतान्त्रिक मुद्दाहरूको समाधान हुन अझै बाँकी रहेकाले यस सन्दर्भका उनका रचनाहरू पनि आजका सन्दर्भमा समसामयिक र सान्दर्भिक नै छन् ।

## ५. मानवीय मूल्यरक्षा र मानवताको मुद्दामा समसामयिक देवकोटा

आजको नेपालको मुद्दाका रूपमा मानवीय मूल्यरक्षा र मानवताको मुद्दा रहेका

छन् । क्रूर हिंसाले उत्पन्न गरेका घाउहरूमा मलम लगाउनुपर्ने स्थिति आज बनेको छ र मानव अधिकारकर्मीहरू समेत यस मुद्दामा बोलिरहेको स्थिति छ यद्यपि अझै पनि समाधान हुन सकेको न्यायिक स्थिति छैन । महाकवि देवकोटा सुरुदेखि नै मानवीय मूल्यको रक्षा गर्दै मानवताको विस्तारका लागि काव्यिक आराधना गर्दै आएका कवि हुन् । उनले 'वन' कवितामा मानवीय मूल्यको खोजी गर्दै मान्छेका नकारात्मक प्रवृत्ति र तिनका महत्त्वाकाङ्क्षाको उद्घाटन गरेका छन् भने साथमा स्वार्थी राजनीतिक नेतृत्वको महत्त्वाकाङ्क्षालाई पनि देखाएका छन् । आजको नेतृत्व प्राय: भोग विलास र दरबारिया ठाटबाटका लागि भ्रष्ट हुँदै गएको र त्याग र समर्पणबाट टाढिँदै गएको छ । समसामयिक नेपालले चाहेको मानवता, समाजसेवा, सुन्दर समाजको निर्माण, राष्ट्रव्यापी विकास आदिको स्वप्न देवकोटाले उहिल्यै 'वन' शीर्षकको कवितामा प्रस्तुत गरेका छन् । त्यस कवितामा उनले देशलाई स्वर्गीय, सत्याधारित, सुखी र सम्पन्न बनाउने सपना प्रस्तुत गरेका छन् । यस कवितामार्फत उनले लोभको संस्कार र आडम्बरको संस्कृति त्यागेर त्याग र मानवताको संस्कार र संस्कृति अँगाल्न सन्देश दिएका छन् जुन आजको नेतृत्वका लागि पनि उत्तिकै महत्त्वपूर्ण छ भने सामयिक पनि छ । आजको नेतृत्वले यस्ता कुरालाई आत्मसात् गर्न नसकेको देखिनालेयो प्रश्न आज पनि सामयिक बनेको छ ।

महाकवि देवकोटाका सबैजसो रचनामा मानवीय मूल्यको खोजी रहेकै छ । शासक वर्गका मान्छेलाई नभई शासित वर्गका मान्छेलाई उनले विशेष महत्त्व दिएका छन् र तिनका संवेदनाहरूलाई सम्बोधन गरेका छन् । आजको नेपालको लडाइँ सर्वसाधारण मानिसलाई तुच्छ मानेर मनपरि गर्ने शासक वर्गका विरुद्धको लडाइँ पनि हो । महाकविले यस किसिमको विचारलाई जहाँ जहाँ प्रकट गरेका छन् त्यहाँ त्यहाँ यस विचारले समसामयिक सन्दर्भसँग मेल खान्छ । 'प्रमिथस' महाकाव्यमा उनले जिउस (शासक वर्ग) अर्थात् सत्ताधारीका विरुद्ध र मानवीय मूल्यका पक्षमा जे जस्तो आवाज मुखरित गरेका छन् त्यसमा पनि यही कुरा देखिन्छ । यद्यपि त्यसमा केन्द्रीय रूपमा दरबारिया सत्ता सङ्घर्षको जीवन्त चित्रण रहेको छ तर सन्देशका रूपमा चाहिँ मानवीय मूल्य र मानव जीवनको रक्षा नै रहेका छन् । सामन्ती सोच र वर्गीय उत्पीडनको त्यो स्वरूपविशेष प्रवृत्तिका रूपमा आज पनि बाँकी नै रहेकाले त्यहाँ व्यक्त गरिएको भावनासँग आजका क्रान्तिकारी नेपालीहरूको भावना मिल्छ । उत्पीडक वर्ग आज पनि प्रमिथसको शासकझैँ निर्दयी र उत्पीडक छ । त्यसैले आजको मानवसमूहले पनि उत्पीडक सत्ताधारीका विरुद्ध सङ्घर्ष गर्नुपरेको छ । यस अर्थमा प्रमिथस महाकाव्यको मर्म आजको सन्दर्भमा पनि सामयिक नै रहेको छ ।

यीबाहेक देवकोटाले अन्ध विश्वास, सामाजिक कुरीति, धार्मिक आडम्बर, राजनीतिक भ्रष्टता, चारित्रिक पतन, भ्रष्टाचार, घुसखोरी लगायतका अनेक विषयमा कविता काव्य र निबन्धहरू लेखेका छन् । यस्ता विषयहरू आज पनि समस्याका रूपमा नै रहेकाले तिनका सन्दर्भमा पनि देवकोटालाई समसामयिक र सान्दर्भिक मान्न सकिन्छ ।



त्यस्तै देवकोटाले केही समय शिक्षामन्त्री बनेर शिक्षा क्षेत्रमा काम गरे । उनले त्यस समयमा गरेका कामको प्रभाव आजसम्म देख्न सकिन्छ भने समाज सेवाका रूपमा पनि केही भूमिका निर्वाह गरे । ती भूमिका पनि उल्लेखनीय रहेकै छन् । नेपाल प्रज्ञा प्रतिष्ठान -तत्कालीन नाम 'रोयल नेपाल एकेडेमी' को स्थापनाका लागि उनले निर्वाह गरेको नेतृत्वदायी भूमिकालाई लिएर पनि सामयिकताका कुरा गर्न सकिन्छ किनभने आज पनि नेपाल प्रज्ञा प्रतिष्ठान नेपाली साहित्यको आधिकारिक केन्द्र मानिन्छ । यस्तै उनले आफ्ना निबन्धहरूमार्फत मान्छेमा के हुनुपर्छ ? समाज कस्तो हुनुपर्छ ? मान्छेका आदर्श के के हुन सक्छन् ? नागरिकको दायित्व के हो ? अग्रजहरूका योगदानलाई कसरी सम्झनुपर्छ ?आदि कुराहरूमा गम्भीर विमर्श गरेका छन् जुन आजका सन्दर्भमा उत्तिकै विचारणीय र सान्दर्भिक छन् । यसै गरी उनी नेपाली साहित्यलाई नेपालमा मात्रै र नेपाली भाषामा मात्रै सीमित राख्नु हुँदैन, यसको गुणस्तर बढाउनुपर्छ र यसलाई अन्तरराष्ट्रिय स्तरको बनाउँदै अनुवाद गरी विश्वमा फैलाउनुपर्छ भन्ने मान्यता राख्थे र आफूले त्यस समयमा जति गर्नु सम्भव थियो यसतर्फको कार्य पनि गरे । उनको त्यो सोच र प्रयत्न आज पनि अनुकरणीय र आदर्श कार्यका रूपमा छन् । आज त्यस दिशामा पनि कार्यहरू भइरहेका छन् तथापि उनले सोचे जस्तो विकास त्यस दिशामा भइसकेको स्थिति छैन । त्यसैले यस कुरामा पनि देवकोटा सामयिक र सान्दर्भिक रहेका छन् ।

## ६. निष्कर्ष

मान्छेका लागि धर्ती र आकाश तथा हावा र पानी आदि पुराना भएर पनि यी कुरा सदैव सामयिक र सान्दर्भिक भए झैँ महान् स्रष्टा र महान् साहित्य पुराना भएर पनि सदैव सामयिक र सान्दर्भिक हुने गर्छन् । मान्छेका मूलभूत आवेग र संवेगहरू सदैव उस्तै हुने र साहित्यले तिनै आवेग र संवेगहरूलाई समयानुकूल हुने गरी विभिन्न स्वरूपमा प्रकट गर्ने भएकाले महान् साहित्य तिनै आवेग र संवेगका कारण सामयिक र सान्दर्भिक बनिरहन्छ । महाकवि देवकोटाका रचनालाई पनि यसै तात्पर्यमा लिनुपर्छ । उनले आफ्ना रचनामार्फत देश बनाउन, चरित्र उठाउन, समाज बदल्न, प्रजातन्त्र ल्याउन, जातीय विभेद हटाउन, लैङ्गिक उत्पीडन कम गर्न, दलितका पीडा हटाउन, साम्राज्यवादी-विस्तारवादी हस्तक्षेप कम गर्न, अशिक्षा घटाउन, वर्गीय उत्पीडन कम गर्न, गरिबी र बेरोजगारी कम गर्न आदि जे जे कुराको अभिव्यक्ति दिएका छन् ती सबै आजका सन्दर्भमा पनि उत्तिकै आवश्यक कुरा हुन् । त्यसैले महाकवि देवकोटा र उनको साहित्य आजका सन्दर्भमा पनि उत्तिकै मूल्यवान्, समसामयिक र सान्दर्भिक छ भन्न सकिन्छ ।●

*(महाकवि लक्ष्मीप्रसाद देवकोटाको १०६ औँ जन्मजयन्तीको सन्दर्भमा नेपाल एकेडेमीको पद्य विभागद्वारा आयोजित एकदिने सङ्गोष्ठीमा प्रस्तुत कार्यपत्र (कार्तिक ४-२०७१)*

# आधुनिकता र आधुनिक नेपाली कविताको स्वरूप तथा प्रवृत्ति

■ डा. लक्ष्मणप्रसाद गौतम

१. आधुनिकता र नेपाली सन्दर्भ

कोशीय रूपमा आधुनिक शब्द समयबोधक बनेर अर्थिन्छ र यसले पछिल्लो समयलाई सङ्केत गर्दछ । आधुनिक शब्द तत्सम अधुना अव्यय शब्दमा इक प्रत्यय लागेर बनेको विशेषण शब्द हो । यसै आधुनिक शब्दमा ता प्रत्यय लगाउँदा आधुनिकता नाम शब्दको निर्माण हुन्छ । आधुनिक शब्द ल्याटिन भाषाबाट व्युत्पन्न अङ्ग्रेजी modern को र आधुनिकता शब्द modernity को नेपाली रूपान्तर हो । आधुनिकता भनेको परम्परित संस्कार, संरचना, मूल्य, मान्यता आदिलाई विस्थापित गरेर त्यसका ठाउँमा नयाँ मूल्य, मान्यता आदिको स्थापना हो भन्ने बुझिन्छ । यस्तो आधुनिकताले कालसापेक्ष र नवीन प्रवृत्तिसापेक्ष अर्थ बुझाउँछ ।

पाश्चात्य साहित्यमा जस्तै नेपाली साहित्यमा पनि आधुनिकतावादी चिन्तन र अवधारणा परम्पराप्रतिको विरोध र नवीनताप्रतिको स्वीकारकै रूपमा आएको देखिन्छ तापनि पाश्चात्य साहित्यको आधुनिक सन्दर्भ र नेपाली साहित्यको आधुनिक सन्दर्भका बीच धेरै भिन्नता पाइन्छ ।

## २. नेपाली कवितामा आधुनिकताको निर्धारण

आधुनिकता वा आधुनिकतावादी प्रवृत्ति एकैचोटि वा कुनै एउटा रचनाविशेषबाट मात्र आउने होइन र नेपाली कवितामा पनि आधुनिकता एकैचोटि एउटा रचनाविशेष वा व्यक्तिविशेषबाट मात्र नभई यसका पछाडि एउटा ठूलो पृष्ठभूमि र निर्धारक आधार रहेको देखिन्छ । नेपाली कवितामा आधुनिकताको निर्धारणका लागि स्थानीय वा नेपाली सन्दर्भलाई मात्र पनि हेर्नु हुँदैन र पाश्चात्य आधुनिकताका अभिलक्षणलाई मात्र पनि आधार बनाएर हेर्नु हुँदैन । अर्थात् पश्चिमीकरण मात्र पनि आधुनिकता होइन । अङ्ग्रेजी साहित्यमा आधुनिकतावाद स्वच्छन्दतावादका व्यतिरेकमा आएको थियो भने नेपाली कवितामा परिष्कारवादी धाराको विरोध र स्वच्छन्दतावादी धाराको समर्थनमा आएको देखिन्छ । त्यसैले आधुनिकतालाई आफ्नै देशको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि पृष्ठभूमिमा हेर्नुपर्दछ । आधुनिकता कालखण्ड मात्र नभएर प्रवृत्तिविशेष पनि हो । यी सबै दृष्टिबाट हेर्दा पूर्वस्थापित मान्यताका आधारमा नेपाली कवितामा आधुनिकताको सुरुवात १९९१ देखि नै भएको मानिन्छ र स्वच्छन्दतावाद नै आधुनिकताको सूचकका रूपमा देखापर्छ ।

## ३. आधुनिक नेपाली कविताका धारा र प्रवृत्ति

आधुनिकतावादका अभिलक्षणका आधारमा नेपाली कविताको आधुनिक कालको अवधि हालसम्म करिब आठ दशक रहेको छ । माध्यमिक कालीन नेपाली कविताको परिष्कारवादी धारा गौण हुँदै गई स्वच्छन्दतावादी धाराको उदय भएदेखि यताको आजसम्मको समय नै आधुनिक काल हो । नेपाली कविताको आधुनिक कालको थालनीका सम्बन्धमा धेरै किसिमका मतमतान्तरहरू रहेका छन् तापनि नेपाली कवितामा परिष्कारवादी धाराको अतिशय नियमबद्धता, अनुशासन, संयमित र नियन्त्रित लेखन, औपचारिकता, तीव्र शिल्पसचेतता आदिका विरुद्ध लक्ष्मीप्रसाद देवकोटाबाट शास्त्रीय नियमबद्ध अनुशासनलाई तोडेर अनौपचारिक शैलीमा असंयमित र अनियन्त्रित उन्मुक्त आवेगका साथ कविता सिर्जना गर्न थालिएपछि परिष्कारवादी धाराका मान्यताहरू शिथिल हुन थाले र देवकोटाको नेतृत्वमा नेपाली कविताले एउटा विशिष्ट मोड लियो । अझ विशेषत: शास्त्रीय छन्दोबद्ध कविता लेखनका विरोधमा गोपालप्रसाद रिमालबाट सर्वप्रथम गद्यकविता लेखनको थालनी हुनु आधुनिक नेपाली कविताको प्रस्थानबिन्दु हो । लक्ष्मीप्रसाद देवकोटाका कविताहरू परिस्कारवादी प्रवृत्तिका विरुद्धमा स्वच्छन्दतावादी प्रवृत्तिका भएकाले स्वच्छन्दतावादी धाराबाट नै नेपाली कविताको आधुनिक काल सुरु भएको मानिन्छ । यसै स्वच्छन्दतावादी प्रवृत्तिभित्रै प्रगतिवादी प्रवृत्तिका कविता लेखिनु पनि आधुनिकताको अर्को आधार हो । नेपाली कविताको आधुनिकताका अभिलक्षण, विशेषता र प्रवृत्तिलाई पूरै विश्वसाहित्यसँग तुलना गर्न मिल्दैन । नेपाली कवितामा आधुनिकताको आफ्नै पृष्ठभूमि र परिवेश छ । नेपाली समाजका मूल्य, मान्यता र तत्कालीन सामाजिक-राजनीतिक सन्दर्भहरूले पनि आधुनिकताको निर्धारणमा महत्त्वपूर्ण भूमिका खेलेका छन् तापनि नेपाली कविताका सन्दर्भमा आधुनिकताका मुख्य अभिलक्षण, प्रवृत्ति र विशेषतालाई अतिसङ्क्षिप्त रूपमा यसप्रकार देखाइन्छ :

१. त्रिचन्द्र कलेजको स्थापनासँगै पश्चिमी शिक्षाको प्रभाव र विश्वसाहित्यसँगको परिचय,
२. बाह्य वा विश्वआधुनिकताको सामान्य प्रभाव र युगीन यथार्थको अभिव्यक्ति,
३. नेपाली समाजका युगीन मूल्य र मान्यताको अभिव्यक्तिका साथै व्यक्तित्वको प्रकटीकरण,
४. कविताको स्वरूप, विषयवस्तु र शैलीमा नवीनताको आग्रहका साथै छन्दोबद्ध कविता लेखनका विरोधमा गद्यकविताको प्रवर्तन,
५. प्रगतिशील क्रान्तिकारी अवधारणा, भौतिकवादी जीवनदृष्टि र नयाँ जीवनमूल्यको खोजी गर्ने आग्रह आदि ।





web source: www.khasskhass.com

नेपाली कवितामा यिनै विशेषताहरू देखिन थालेको समयलाई नै आधुनिक काल मानिन्छ । आधुनिक काल भनेको तीनखण्डे कालखण्डको पछिल्लो खण्ड हो र यो वर्तमानको निरन्तर गतिशील कालखण्ड भएकाले यसको उठान वा प्रस्थानबिन्दु भए तापनि अन्तिम बिन्दु तोक्न भने सकिँदैन । नेपाली कवितामा स्वच्छन्दतावादी धाराले परम्परालाई भत्काएपछि सुरु भएको आधुनिकताले नवीनता, शिल्पपरिवर्तन, युगीन सचेतता, लेखकीय आत्मचेतना, वैज्ञानिक दृष्टिकोण आदि कुराहरूमा विश्वास राखेर प्रस्तुत भएको पाइन्छ । नेपाली कविताको आधुनिक कालको हालसम्मको करिब आठ दशकको अवधिमा पनि विभिन्न मोड र परिवर्तनहरू देखापरेका छन् । यी मोड र परिवर्तनहरूले नेपाली कवितामा विभिन्न धाराहरूको सिर्जना गरेको देखिन्छ । यसरी विभिन्न धाराहरू देखिने क्रममा एउटा धाराको सुरुवात हुने भएकाले कुनै पनि धाराको निश्चित समय तोकी किटान गर्न पूरै असम्भव छ । यो कुरा हिजोआज पनि परिष्कारवादी, स्वच्छन्दतावादी र प्रयोगपरक कविता लेखिने गरेकाले पनि स्पष्ट हुन्छ तर पनि मूलप्रवृत्तिगत दृष्टिले नेपाली कविताको आधुनिक कालमा देखापरेका प्रमुख धाराहरूलाई यसप्रकार देखाइन्छ :

(१) स्वच्छन्दतावादी धारा-प्रगतिवादी प्रवृत्ति (१९९१ देखि)

(२) प्रयोगवादी धारा (२०१७ देखि)

(३) समसामयिक धारा (२०३६ देखि यता)

### ३.१ **स्वच्छन्दतावादी धारा-प्रगतिवादी प्रवृत्ति** (१९९१ देखि)

स्वच्छन्दतावादी धारा परिस्कारवादी धाराको व्यतिरेकमा आएको धारा हो । नेपाली कविताको आधुनिक कालको स्वच्छन्दतावादी धाराको वर्चस्व रहेको समय भनेको १९९१ देखि २०१६ सम्मको साढे दुई दशकको समय हो र यो स्वछन्दतावादी धाराको उत्कर्ष युग हो । १९९१ देखि प्रयोगवादी धारा सुरु हुनुभन्दा पूर्वको अवधिलाई नेपाली कविताको स्वच्छन्दतावादी धाराको युग मानिन्छ । कविता सिर्जनामा परिष्कारवादका शास्त्रीय नियम र मान्यतालाई परित्याग गरी नवीन मान्यताका साथ कविता सिर्जना गर्ने कविहरूमा लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल र भीमनिधि तिवारीको तत्कालीन उपस्थितिले नेपाली कवितामा आधुनिकताका साथै स्वच्छन्दतावादी प्रवृत्ति भित्रिएको पाइन्छ । यसै सन्दर्भमा १९९२ जेठको **शारदा** पत्रिकामा तिवारीको *मार्खुको छहरा* शीर्षकको उनले प्रथम गद्यकविता भनी लेखेको उक्त कविता प्रकाशित भएपछि र गोपालप्रसाद रिमालको १९९२ फागुनको **शारदा** पत्रिकामा *कविको गान* शीर्षकको गद्यकविता प्रकाशित भएपछि शास्त्रीय छन्दमा कविता लेख्ने परम्परित मान्यता भत्किएको देखिन्छ । 'रिमालले छन्दको बन्धन तोडेर, नयाँ पदावली सिर्जना गरेर, अनि बिम्ब र प्रतीकको प्रयोग गरेर कविताको रूप अत्याधिक फेरे' (श्रेष्ठ र शर्मा, २०४६ : ५१) भने लक्ष्मीप्रसाद देवकोटाले पूरै परिस्कारवादी काव्यमान्यताका विपरीत रहेर कलम चलाए । १९९१ मा



प्रकाशित **शारदा** पत्रिकाका माध्यमबाट थालिएको स्वच्छदतावादी काव्यधारालाई लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल आदिले प्रर्वतनका साथै युद्धप्रसाद मिश्र, भवानी भिक्षु, केदारमान व्यथित, भीमनिधि तिवारी, माधव घिमिरे आदि धेरै कविहरूले उचाइमा समेत पुऱ्याए ।

अङ्ग्रेजीको Romanticism भनेर चिनिने स्वच्छन्दतावादको प्रर्वतन पनि पश्चिमबाट नै भएको हो र परिष्कारवादी मान्यताका विपरीत मान्यताकै रूपमा यसको विकास भएको हो । विभिन्न समयमा स्वच्छन्दतावादका विभिन्न अर्थहरू देखिए पनि 'सर्वप्रथम अठारौँ शताब्दीमा यसको प्रयोग भावुकता, रमणीयता, रोचकता, काल्पनिकतायुक्त रचनाका लागि हुन थाली यसले अर्थगत उत्कर्षता प्राप्त गऱ्यो' (लुइटेल, २०६० : २३९) । जर्मन समालोचक स्लेगल र फ्रान्सेली समालोचक मदाम ड स्ट्यालका परिभाषापछि नै यसको विशिष्ट साहित्यिक अर्थमा प्रयोग हुन थाल्यो । स्वच्छन्दतावादका आफ्ना केही प्रमुख मान्यता वा विशेषता छन् । समग्रमा 'वैयक्तिकता काल्पनिकता, विद्रोहात्मकता, प्रकृतिप्रेम, सौन्दर्यात्मकता, अद्भुतता, कृत्रिमताबाट मुक्ति, मध्ययुगोन्मुखता, सङ्गीतात्मकता, मानवतावादी दृष्टिकोण आदि स्वच्छन्दतावादका प्रमुख मान्यता र दृष्टिकोण हुन्' (शर्मा र लुइटेल, २०६२ : २८९) । बौद्धिकतामाथि भावना र कल्पनाको नियन्त्रण एवम् प्रकृतिको आन्तरिक पक्षको चित्रणमा रमाउने यस स्वच्छन्दतावादी धाराका कविहरूले र प्रगतिवादी कविहरूले समेत नेपाली कवितालाई आधुनिकतातिर लगेका छन् ।

नेपाली कविताको विकासक्रममा र आधुनिक नेपाली कविताको प्रर्वतनमा स्वच्छन्दतावादी धाराको महत्त्वपूर्ण भूमिका रहेको छ । परिस्कारवादी धारासम्म रहेको शास्त्रीय नियमबद्ध कठोर अनुशासन, आत्मनियन्त्रण र तर्क एवम् बुद्धिवादका ठाउँमा स्वच्छन्दतावादी कविहरूले स्वच्छन्द र उन्मुक्त भावना एवम् असंयमित कल्पनाको उडानमा जोड दिई युगीन यथार्थलाई समेत सशक्त रूपमा अभिव्यञ्जित गरेका छन् । स्वच्छन्दतावादी धाराभित्र प्रगतिवादी प्रवृत्तिले पनि प्रवेश पाउनु सैद्धान्तिक दृष्टिले नमिलेको देखिन्छ । सैद्धान्तिक दृष्टिले समेत प्रगतिवादी धारा र स्वच्छन्दतावादी धारा परस्पर असम्बद्ध धारा हुन् । प्रगतिवादको सम्बन्ध यथार्थवादसँग देखिन्छ तर स्वच्छन्दतावादसँग देखिँदैन तापनि नेपाली कवितामा स्वच्छन्दतावादी धाराभित्र केही वेगलै कित्ताका रूपमा प्रगतिवादी प्रवृत्ति पनि मिसिन आइपुगेको देखिन्छ । केही विद्वान्हरूले प्रगतिवादी धारालाई भिन्नै धाराका रूपमा पनि मानेको पाइन्छ (पाण्डेय, २०५५ : ३४-४३६) ।

'साहित्यमा प्रगतिवाद भन्नाले मार्क्स, एङ्गेल, लेनिन आदिले प्रतिपादन गरेको र विकसित भएको दर्शनको त्यस विशिष्ट धारासँग आधारित रहन गएको विचारधारा हो, जुन दृष्टिकोण राजनीतिक क्षेत्रमा साम्यवाद, दर्शनका क्षेत्रमा द्वन्द्वात्मक भौतिकवाद, इतिहासको अध्ययनका क्षेत्रमा ऐतिहासिक भौतिकवाद, सामाजिक क्षेत्रमा समाजवाद, आर्थिक क्षेत्रमा अतिरिक्त मूल्यको सिद्धान्त र कला साहित्य क्षेत्रमा समाजवादी यथार्थवाद भनिन्छ ।



web source: www.khasskhass.com

वास्तवमा प्रगतिवादलाई मार्क्सवादी दर्शनको अवतरणका रूपमा बोध गर्न सकिन्छ (तिमसिना, २०५९ : १५५) तापनि स्वच्छन्दतावादी धारासँगै नेपाली कवितामा प्रगतिवादी धारा पनि मिसिन आएको नभई स्वच्छन्दतावादी धाराभित्र प्रगतिवादी प्रवृत्ति पनि सँगै देखिएको पाइन्छ । यस अवधिका कवितामा प्रगतिवादको द्वन्द्वात्मक भौतिकवादभन्दा विद्रोह, आक्रोश र क्रान्तिचेतना बढी पाइन्छ । यसै पृष्ठभूमिमा स्वच्छन्दतावादी धाराभित्रै प्रगतिवादी कविता पनि लेखिन थालेको देखिन्छ । 'स्वच्छन्दतावाद र प्रगतिवाद परस्पर विरोधी भएकाले ती दुवै एकै ठाउँमा आएको नभई स्वच्छन्दतावादी वा अन्य कविहरूका कतिपय कवितामा छुट्टै तथा स्वच्छन्द ढङ्गले प्रगतिको कामना गरिएको पाइन्छ । यसै सन्दर्भबाट नेपालीमा प्रगतिवादलाई स्वच्छन्दतावादसँगै जोडेर स्वच्छन्दतावादी-प्रगतिवादी भन्ने गरेको पनि पाइन्छ, तर यी दुई एकीकृत रूपमा आउने वाद होइनन् । स्वच्छन्दतावादी विद्रोहात्मकताभित्र प्रगतिशीलता खोज्न सकिन्छ तर त्यो नै प्रगतिवाद चाहिँ होइन । यसै समयावधिमा विभिन्न कविहरूका प्रगतिवादी दृष्टिकोणले ओतप्रोत थुप्रै कविताहरू प्रकाशित भएका देखिन्छन्' (लुइटेल, २०६० : २४१) ।

यसरी नेपाली कवितामा स्वच्छन्दतावादी धारासँगै र यसै अन्तर्गत प्रगतिवादी कविताको पनि प्रवेश भएको पाइन्छ । '२००४ सालमा राणाविरोधी हुनाले आत्मनिर्वासन भई बनारस पुगेर त्यहाँ **युगवाणी**को सम्पादन गर्दै ... **पहाडी पुकार** प्रकाशित गराएर नेपाली जातिलाई राणाविरुद्ध जुध्न जागरुक बनाउने लक्ष्मीप्रसाद देवकोटा ... क्रान्तिबिना शान्ति हुँदैन भनेर कवितात्मक अभिव्यक्ति दिने एवम् छ वर्षसम्म झ्यालखानामा बसेर सर्वस्वसमेत हरण गरिएका सिद्धिचरण श्रेष्ठ लगायतका कविहरूबाट प्रगतिवादी नेपाली कविताको प्रर्वतन भएको हो' (अधिकारी, २०५६ : ७९) । त्यसपछि गोपालप्रसाद रिमाललगायतका कविहरूले यसको विकास र विस्तार गरे । देवकोटा, सिद्धिचरण र रिमालमा स्वच्छन्दतावादी प्रवृत्ति बढी र प्रगतिवादी प्रवृत्ति केही कम देखिन्छ भने युद्धप्रसाद मिश्र लगायतका कविहरूमा स्वच्छन्दतावादी प्रवृत्तिभित्रै प्रगतिवादी प्रवृत्ति केही बढी पाइन्छ । भूपि शेरचन पनि यस धाराका सशक्त कवि हुन् ।

स्वच्छन्दतावादी धाराको मुख्य समय वा उत्कर्ष काल १९९१ देखि २०१६ सम्म भए पनि यसको प्रभाव भने अद्यावधिसम्म रहेको पाइन्छ । प्रयोगवादी धारा सुरु भएपछि स्वच्छन्दतावादी धाराको वर्चस्व र प्रभाव कम भए पनि यस धारामा कलम चलाइरहेका पुराना कविहरूको समूह पनि सिर्जनशील नै देखिन्छ । लक्ष्मीप्रसाद देवकोटाको काव्ययात्राको दोस्रो चरणतिरबाट यस स्वच्छन्दतावादी धाराभित्रै प्रगतिवादी ढाँचाका स्वरहरू सम्मिलित भएको पाइन्छ । यस धाराका कवितामा भावनाको सहज र स्वतस्फूर्त अभिव्यक्ति, कल्पनाशीलता, उन्मुक्त भावावेश, सामाजिक सांस्कृतिक चेतना, प्रकृतिचेतना, विद्रोही र क्रान्तिकारी चेतना, विसङ्गतिप्रति व्यङ्ग्य, सामाजिक, आर्थिक, राजनीतिक विसङ्गतिको चित्रण, प्रगतिवादी मानवतावादी दृष्टिकोण, यथार्थवादी र परिवर्तनधर्मी चेतना, रहस्यवादी



चेतना, युगीन यथार्थको अभिव्यक्ति, मानवप्रेम र राष्ट्रप्रेमको अभिव्यक्ति, स्वतन्त्रता, समानता र भ्रातृत्व, सामाजिक शोषणको विरोध, हार्दिकता, सहजता, प्रणयपरकता, युद्धको विरोध, युगीन पीडाको अभिव्यक्ति, शास्त्रीय नियमबद्ध लेखनको परित्याग, स्वच्छन्द लेखनशैलीको वरण, अनुप्रासयुक्त सरल तर आलङ्कारिक भाषाशैलीको प्रयोग, भावअनुकूल बिम्ब र प्रतीकको प्रयोग आदि विशेषता पाइन्छन् । स्वच्छन्दतावादी धारा गौण हुँदै गई प्रयोगवादी धारा र त्यसपछिको समसामयिक धारासम्म पनि वा आजसम्म पनि केही कविहरूले यसै धाराका विशेषताहरूलाई आत्मसात् गर्दै कविता लेखेको पाइन्छ । स्वच्छन्दतावादोत्तर समयका तर यसै भावधारामा रहेर कविता लेख्ने कविहरूलाई नवस्वच्छन्दतावादी र नवप्रगतिवादी पनि भनिएको पाइन्छ (त्रिपाठी, २०४६ : १४४) तापनि नेपाली कवितामा प्रगतिवाद वादका रूपमा नआई प्रवृत्तिका रूपमा आएकाले स्वच्छन्दतावादी मूल धाराभित्र प्रगतिवादी प्रवृत्ति भित्रिएको देखिन्छ ।

आधुनिक कालीन नेपाली कविताको स्वच्छन्दतावादी धाराका कवितामा देखिएका मूलभूत प्रवृत्तिहरूलाई तलका केही बुँदाहरूमा स्पष्ट पारेर देखाइएको छ :

१. कविता लेखनमा शास्त्रीय नियम र अनुशासनको परित्याग,
२. उन्मुक्त आवेग, कल्पनाको असीमित उडान र स्वच्छन्द वा स्वतन्त्र किसिमको लेखनतिर झुकाउ,
३. मूलत : प्रकृतिको आन्तरिक स्वरूपको चित्रण र अंशत: बाह्यस्वरूपको चित्रण,
४. अतीतप्रतिको मोह, वर्तमानप्रतिको असन्तुष्टि र भविष्यप्रतिको स्वप्निल कल्पना,
५. यान्त्रिकता, जडता र बन्धनका विरुद्ध क्रान्तिकारी विद्रोही चेतना एवम् मुक्ति र स्वच्छन्दताको चाहना,
६. स्वच्छन्दतावादी-प्रगतिवादी चेतनाभित्र विश्वमानवतावादी दृष्टिकोण,
७. राष्ट्रियता, स्वतन्त्रता, समानता, विश्वबन्धुत्व र प्रकृतिप्रेमको अभिव्यक्ति,
८. वर्तमानका विविध असङ्गतिहरूप्रति सशक्त व्यङ्ग्य र आक्रोश,
९. प्रणयपरक अभिव्यक्ति र नारीपरक चिन्तनका साथै जीवनवादी चिन्तनको अभिव्यक्ति,
१०. सहज, सरल र सम्प्रेष्य भाषाशैलीको प्रयोगका साथै भाव र शिल्पका बीचको सन्तुलन,
११. विभिन्न परिवेशबाट लिइएका बिम्ब र प्रतीकको प्रयोगका साथै अनुप्रास र अन्य स्वाभाविक अलङ्कारको प्रयोग,
१२. साङ्गीतिकता वा लयसौन्दर्यप्रतिको विशेष अनुराग आदि ।

### ३.२. प्रयोगवादी धारा (२०१७ देखि)

प्रयोगवादी धारा स्वच्छन्दतावादीको व्यतिरेकमा आएको धारा हो । नेपाली कविताको आधुनिक कालको प्रयोगवादी धाराको वर्चस्व रहेको समय भनेको २०१७ देखि यताको समय हो । स्वच्छन्दतावादी धारापछिको र समसामयिक धारापूर्वको अवधिलाई नेपाली कविताको

प्रयोगवादी धाराको युग मानिन्छ । परम्परित स्वच्छन्दतावादी भावुकता, प्रगतिवादी राजनीतिक आग्रह र तत्कालीन परिवर्तित राजनीतिक परिस्थितिका कारण कविहरूले अभिव्यक्तिको भिन्नै तरिका अपनाएर लेख्न थाले र यस क्रममा नयाँनयाँ प्रयोगहरू गर्न थाले । यसै क्रममा २०१७ सालको **रूपरेखा**मा मोहन कोइरालाको *घाइते युग* कविता प्रकाशित भएपछि कविताको भाव, भाषा र शैली आदिमा नवीन प्रयोग भित्रियो । त्यसकारण प्रयोगवादी धाराको थालनी मोहन कोइरालाबाट भएको मानिन्छ । नेपाली कवितामा प्रयोगवादी धारा पाश्चात्य साहित्यमा जस्तो वादका रूपमा नआएर प्रयोगका रूपमा आएको देखिन्छ । परम्परित रुढिका विरुद्ध वा प्रचलित मान्यताभन्दा भिन्न किसिमले नयाँ र विशिष्ट किसिमका प्रयोगहरू गरेर लेखिएका कवितालाई प्रयोगशील कविता भनिन्छ र नेपाली कविताका सन्दर्भमा यस्तै कवितालाई प्रयोगवादी मानिएको छ । आख्याननिरपेक्ष लामो कविता लेखन यस धाराको मुख्य प्राप्ति हो ।

प्रयोगवादले परम्परित मान्यताका सट्टामा नवीन प्रयोगका मान्यतालाई अवलम्बन गरेर विशिष्टता देखाउँछ । २०१७ सालमा राजनीतिक दलहरूमाथि प्रतिबन्ध लागि पञ्चायती व्यवस्थाको सूत्रपात भएपछि अभिव्यक्ति स्वतन्त्रतामा पनि प्रतिबन्ध लाग्यो । यसप्रकार प्रतिबन्धित सामाजिक राजनीतिक परिस्थितिका कारण अभिव्यक्तिको नयाँ तरिकाको खोजीका रूपमा र परम्परित लेखनका व्यतिरेकमा प्रयोगवादी धाराको जन्म भएको हो । अङ्ग्रेजीमा Experimentalism भनेर चिनिने प्रयोगवाद मूलत: बौद्धिकतापूर्ण असम्प्रेष्य लेखनका रूपमा चिनिन्छ । प्रथम विश्वयुद्धपछि पश्चिमी साहित्यमा टी.एस.इलियट, एज्रा पाउन्ड आदिले युद्धजन्य सङ्कटग्रस्त मानसिकता र त्यसबाट उत्पन्न युगीन असहमतिलाई व्यक्त गर्न अमूर्त चिन्तनलाई माध्यम बनाएर कविता सिर्जना गर्न थाले र आख्यानविहीन लामा कविताहरू लेख्न थाले । यस किसिमका कवितालाई पाश्चात्य साहित्यमा प्रयोगवादी कविता भनिएको पाइन्छ । नेपाली साहित्यका सन्दर्भमा भने २०१७ को राजनीतिक परिर्वनका कारण उत्पन्न परिस्थितिलाई प्रयोगवादी कविहरूले कवितामार्फत् आफ्ना असन्तुष्टिहरू अभिव्यक्त गरेका छन् । यस समयका कविहरू दुरुह, असम्प्रेषणीय तथा बौद्धिक कविता सिर्जनातर्फ प्रवृत्त भएकाले पाठक र कविताको सम्बन्ध क्रमश : क्षीण हुन्छ । बढी बौद्धिकतापूर्ण र अमूर्त लेखनका कारण जटिल र दुरुह बनेका प्रयोगवादी कवितामा पूर्वीय र पाश्चात्य मिथक एवम् बिम्बहरूको प्रशस्त प्रयोग गरिएको पाइन्छ भने प्राय: सबै प्रयोगवादी कविहरूले बिम्बबहुल कविता लेखेको पाइन्छ । मोहन कोइराला, बैरागी काइँला, ईश्वरवल्लभ, द्वारिका श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, मदन रेग्मी, कृष्णभक्त श्रेष्ठ, तुलसी दिवस, तोया गुरुङ, बानिरा गिरी आदि धेरै कविहरूले यस धारालाई उचाइमा पुऱ्याएका छन् ।

प्रयोगवादी धाराभित्रै अर्को तेस्रो आयाम वा आयामेली आन्दोलन पनि देखापर्छ । २०२० मा दार्जिलिङबाट इन्द्रबहादुर राई, बैरागी काइँला र ईश्वरबल्लभले चलाएको यस



आन्दोलनले पनि परम्परित साहित्यलाई चेप्टो साहित्य मानेर त्यसका विरुद्धमा नयाँ किसिमको सिर्जनाको आग्रह राखेको देखिन्छ । आयामेलीका अनुसार परम्परित साहित्यमा लम्बाइ र चौडाइ मात्र छ, गहिराइ छैन, त्यसकारण साहित्यमा तेस्रो आयाम अर्थात् गहिराइ हुनुपर्छ । आख्यान र समालोचनामा इन्द्रबहादुर राई र कवितामा ईश्वरबल्लभ एवम् बैरागी काइँला यस धारामा सशक्त देखिन्छन् । प्रवृत्तिगत रूपमा प्रयोगवादी कविता र आयामेली कविताका बीच खासै भिन्नता नपाइए पनि आयामेली कविताका आफ्नै केही विशिष्टता छन् । अचेतन अनुभूतिका तत्क्षणतामा मनुष्य र जीवनका सम्पूर्णतालाई समात्ने चेष्टा गर्नु, चेप्टो भावुकताबाट जोगिएर गहिराइ र बौद्धिकतालाई ग्रहण गर्नु, अमूर्त चित्रकलाको भाषातर्फ रुचि लिनु, वैयक्तिक आवेगलाई भन्दा आन्तरिक वस्तुतालाई समात्नुलाई आयामेली कविताका प्रमुख प्रवृत्ति मानिन्छ । यीमध्ये धेरै प्रवृत्तिहरू प्रयोगवादी कविताका पनि प्रवृत्ति हुन् ।

प्रयोगवादी धाराको यस अवधिमा प्रयोगका कतिपय नयाँ मान्यता वा स्थापना स्वरूप केही काव्यिक आन्दोलन वा अभियानहरू पनि देखापरेका छन् । **आयामेली आन्दोलन** (२०२०), **राल्फाली आन्दोलन** (२०२३), **अस्वीकृत जमात** (२०२६), **अमलेख** (२०२६), **यङ्ग राइटर्स फ्रस्ट** (२०३१), **बुटपालिस** (२०३१) यस अवधिका प्रमुख काव्यिक आन्दोलनहरू हुन् । तेस्रो आयामका नामबाट प्रचलित आयामेली आन्दोलन दार्जिलिङ्गबाट सुरु भएको बढी चर्चित आन्दोलन हो । सन् १९६३ (२०२०) को **तेस्रो आयाम** पत्रिकामा तेस्रो आयाम आन्दोलनको घोषणा प्रकाशित भएपछि र आयामेली आन्दोलनको मुखपत्र **फूल पात पतकर**मा आयामेली रचनाहरू छापिन थालेपछि यो आन्दोलन अत्यन्त चर्चित र विवादास्पद पनि भएको पाइन्छ । क्लिष्ट, दुरुह, असम्प्रेष्य, अमूर्त र जटिल एवम् बौद्धिक किसिमका कवितालेखन, विद्रोही चेतना, युगीन कुण्ठा, निराशा र असन्तुष्टि, विसङ्गतिबोध, मानवीय अस्तित्व र मूल्यहीनता, जीवनका सम्पूर्णताको अभिव्यक्ति, अचेतन मनका तत्क्षणिक अनुभूतिको अभिव्यक्ति, विभिन्न किसिमका मिथक, बिम्ब र प्रतीकको प्रयोग, जीवनका आशा, निराशा, निस्सारता, मृत्यु आदिको अभिव्यक्ति, अमूर्त चित्रकलाको प्रभाव आदि यस धाराका कवितामा पाइने मुख्य विशेषता हुन् ।

नेपाली कविताको स्वच्छन्दतावादी धारापछिको सशक्त र मूलधारा भनेको प्रयोगवादी धारा नै हो तापनि यस अवधिमा परिष्कारवादी तथा स्वच्छन्दतावादी भाव र शैलीका कविताहरू पनि केही मात्राका लेखिएको पाइन्छ । प्रयोगवादी धाराको उदयपछि स्वच्छन्दतावादी धारा एक्कासी विस्थापित नभई क्रमश: गौण र क्षीण हुँदै गएको वा प्रयोगवादी धाराको आगमनपश्चात् ओझेलमा परेको देखिन्छ । प्रयोगवादी धाराको यस अवधिमा कविताका क्षेत्रमा अत्यन्त नयाँनयाँ प्रयोगहरू भएका छन् । यस्ता नयाँ प्रयोगहरू भाव र शैली दुवैमा देखिए पनि भाषाशैलीमा बढी भएको पाइन्छ । कविताको विषयचयन, लामो कविता लेखन,

भाव, भाषा, शैली आदि विभिन्न पक्षमा अत्यन्त नयाँ प्रयोगहरू गर्नु प्रयोगवादी धाराका कविहरूको मूल विशेषता हो ।

आधुनिक नेपाली कविताको प्रयोगवादी कवितामा देखिएका मूलभूत कवितात्मक प्रवृत्तिलाई सङ्क्षेपमा यसप्रकार बुँदाबद्ध गरिन्छ :

१. अतियथार्थवादी, विसङ्गतिवादी, अस्तित्ववादी र प्रतीकवादी अचेतन लेखन एवम् अमूर्त लेखनको समष्टि प्रभाव,
२. अमूर्त चित्रकलाको प्रभाव र अचेतन मनका तत्क्षणका अनुभूतिको अभिव्यक्ति एवम् चेतनप्रवाह पद्धतिको प्रयोग,
३. छन्दोबद्ध कविताहरूमा कुनै नयाँ प्रयोग नभए पनि यस अवधिका केही छन्दोबद्ध कवितामा युगीन यथार्थको अभिव्यक्ति,
४. अत्यन्त बौद्धिक, बिम्बबहुल अमूर्त लेखन र जटिलता, दुर्बोध्य एवम् क्लिष्टताका कारण कवितामा सम्प्रेषणको सङ्कट,
५. पङ्क्ति वा अनुच्छेदगत रूपमा भाव स्पष्ट नभई समष्टिगत रूपमा भावग्रहण गर्नुपर्ने कविताको सिर्जना,
६. युगीन जनजीवनले भोग्नुपरेका विसङ्गतिको चित्रण र मान्छेको जीवनका निस्सारता, निरर्थकता, कुण्ठा, निराशा र व्यर्थताको अभिव्यक्ति,
७. जीवनको अस्तित्व र अस्मिताको खोजी एवम् अभिशप्त मानवजीवनको प्रस्तुतिका साथै निरीश्वरवादी-शून्यवादी चिन्तनको प्रस्तुति,
८. आख्यानरहित टुक्रे अनुभूतिलाई संयोजन र विस्तार गरेर प्रयोगधर्मी लामा कविताको सिर्जना,
९. पूर्वीय पाश्चात्य क्षेत्रका विविध मिथक र बिम्ब एवम् प्रतीकहरूको प्रयोगका साथै स्वनिर्मित बिम्बहरूको समेत प्रयोग,
१०. शृङ्खलाविहीन अतिशय विचलनयुक्त भाषाशैलीको प्रयोगका साथै बह्वर्थी बिम्ब र प्रतीकहरूको प्रयोग,
११. परम्पराभन्दा भिन्न किसिमको साङ्केतिक भाषाको खोजी, कथ्य र शिल्पमा नवीनता एवम् अर्थहीन ध्वनिसमूहको प्रयोगद्वारा अव्याख्येय किसिमका कविताको सिर्जना आदि ।

### ३.३ समसामयिक धारा (२०३६ देखि यता)

समसामयिक धारा प्रयोगवादी धाराको व्यतिरेकमा आएको धारा हो । नेपाली कविताको आधुनिक कालको समसामयिक धाराको समय भनेको रुढ अर्थमा २०३६ देखियताको समय हो । प्रयोगवादी धाराका प्रवृत्तिहरू गैण र क्षीण हुँदै गई नेपाली कविताले नयाँ मोड लिन थालेदेखि यताको करिब साढे दुई दशकको अवधिलाई (आजसम्मका



सन्दर्भमा) समसामयिक धारा मानिएको छ । प्रयोगवादी जटिलता, दुरुहता, क्लिष्टता, असम्प्रेषणीयता, अर्मूतता, अतिशय बौद्धिकता आदिका विरुद्ध नेपाली कविताले समकालीन जीवनका भोगाइ र अनुभूतिलाई सम्प्रेष्य भाषाशैलीमा अभिव्यञ्जित गर्न थालेदेखिको अवधि नै समकालीन नेपाली कविताको अवधि हो । प्रयोगवादी धाराको समयावधिभित्रैका विभिन्न काव्यिक आन्दोलन वा अभियानहरूले पनि समसामयिक नेपाली कविताको पृष्ठभूमिका लागि एउटा आधार निर्माण गरेको देखिन्छ र पछिल्ला कतिपय काव्यिक आन्दोलन वा अभियानहरूले कवि र पाठकका बीचको दूरी कम गर्न खोजेको देखिन्छ । यसरी समसामयिक नेपाली कविताको थालनी एक्कासि भएको नभई प्रयोगवादी धाराको समयभित्रैबाट क्रमशः भएको पाइन्छ । २०३६ को राजनीतिक परिवर्तनसँग गाँसिएको **सडक कविता क्रान्ति**ले राजनीतिक स्वतन्त्रताका पक्षमा कविताका माध्यमबाट जनचेतना जगाउन थालेपछि समसामयिक नेपाली कविताको मुख्य र गतिशील प्रस्थान सुरु भएको मानिन्छ ।

अङ्ग्रेजीमा contemporary भनिने समसामयिक शब्दले सामान्यतया अहिलेको वा एकै समयको भन्ने बुझाउँछ । परिष्कारवादी, स्वच्छन्दतावादी र प्रयोगवादी धारा क्रमशः पाश्चात्य साहित्यमा classicism, romanticism र experimentalism जस्ता वादहरूबाट प्रभावित भएर नेपाली कवितामा भित्रिएझैँ समसामयिक धारा कुनै (ism) वा अभियान नभएर आधुनिक कविता लेखनको सबभन्दा पछिल्लो समय र प्रवृत्ति हो । राष्ट्रिय अन्तर्राष्ट्रिय समकालीन विविध घटनासन्दर्भहरूले कवितामा प्रभाव पार्छन् र यस्तो प्रभावमा लेखिएका कविताहरूलाई समकालीन कविता भनिन्छ । 'सामान्यतया पाश्चात्य साहित्यमा दोस्रो विश्वयुद्धपछिका कवितालाई समकालीन कविता भनिएको पाइन्छ' (Gilbert, 2001 : 559) । तापनि प्रत्येक समयको आफ्नो समकालीनता हुन्छ । 'पश्चिमी साहित्यमा विशेषतः अङ्ग्रेजी साहित्यमा सन् १९०५ देखि १९२० का बीचमा जन्मिएका कविहरूलाई आधिकारिक किसिमबाट नै प्रथम समकालीन कविहरू भनेर नाम दिइएको छ' (ऐजन) । प्रत्येक दशकका कविहरूलाई त्यस समयका समकालीन कवि मानेर त्यस अवधिमा रचिएका कवितालाई समकालीन कविता भनिएको पाइन्छ । 'विश्वसाहित्य र अझ अङ्ग्रेजी साहित्यका सन्दर्भमा समकालीन कविता भन्नाले निश्चित समयको कविता भन्ने मात्र बुझिँदैन । यसलाई हेर्दा समकालीनतासँग सम्बद्ध भएर आउने कुराहरू जस्तै : समयखण्ड, पुस्ता र काव्यसम्प्रदायहरूले समकालीनतालाई निर्धारित गर्छन्' (ऐजन) ।

नेपाली कविताका सन्दर्भमा समकालीन कविता वा समसामयिक कविता भन्नाले प्रयोगवादी अतिजटिलताका व्यतिरेकमा देखापरेको र हालसम्मको पछिल्लो कविताधारा हो । प्रयोगवादी धाराको अवधिभित्रैका आयामेली आन्दोलनबाहेक अन्य कतिपय आन्दोलन वा अभियानहरू जटिल, दुर्बोध्य र असम्प्रेष्य कविताका व्यतिरेकमा नै देखिन्छन् । ती आन्दोलनसँग सम्बद्ध अधिकांश कविहरू र अन्य कविहरूले सहज र सरल

एवम् सुबोध्य कवितामार्फत पाठकसँग सम्बन्ध स्थापित गरे । सुबोध्य र सम्प्रेष्य कविता लेख्ने यिनै कतिपय कविहरू सडक कविता क्रान्तिसँग पनि सम्बद्ध रहेका देखिन्छन् । पञ्चायती व्यवस्थाको तीव्र दमनको उत्कर्षको समयमा २०३६ को जनआन्दोलन उर्लियो र कविहरूले पनि जनआन्दोलनलाई सघाउ पुऱ्याउने किसिमका कविता लेख्न थाले, जसको परिणामस्वरूप सडक कविता क्रान्तिका नाममा कविहरू सङ्गठित भई कवितालाई सडकमा उतार्न थाले । यसै राजनीतिक र साहित्यिक घटनाक्रमबाट नेपाली कविताले विशिष्ट मोड लिएकाले २०३६ यताको नेपाली कवितालाई समसामयिक धारा भनी नामकरण गरिएको पाइन्छ । अरू धाराहरूको थालनी वैयक्तिक रूपमा एकजना कविबाट भएझैँ समसामयिक धाराको थालनी एकजना कविबाट मात्रै नभई सडक कविता क्रान्तिसँग सम्बद्ध कवि र अन्य कविहरूको सामूहिक रूपबाट भएको हो । कतिपय प्रयोगवादी कविहरूले पनि समसामयिक धारामा सशक्त रूपमा कलम चलाएका छन् तापनि मुख्य रूपमा पारिजात, विमल कोइराला, क्षेत्रप्रताप अधिकारी, दिनेश अधिकारी, तोया गुरुङ, विष्णुविभु घिमिरे, भवानी घिमिरे, अशेष मल्ल, विनय रावल, शिव अधिकारी, बेञ्जु शर्मा, कृष्ण प्रधान, पूर्णविराम, गोविन्द वर्तमान, विमल निभा, मीनबहादुर बिष्ट, उषा शेरचन, कृष्णभूषण बल, तीर्थ श्रेष्ठ, शारदा शर्मा, शैलेन्द्र साकार, दुबसु क्षेत्री, मोमिला, विप्लव ढकाल, श्रवण मुकारुङ, मनु मन्जिल, खुमनारायण पौडेल आदि असङ्ख्य कविहरू यस धारामा सिर्जनरत छन् ।

नेपाली कविताको समसामयिक धारा अहिलेसम्मको पछिल्लो धारा हो र २०४७ सालको प्रजातन्त्र पुनर्स्थापनापछि यस धाराका कवितामा केही रूपमा प्रवृत्तिगत परिर्वतन पनि देखापरेको छ । २०४६ पूर्वका कवितामा तत्कालीन शासनसत्ताका कारण युगजीवनले भोग्नुपरेका पीडालाई देखाइएको छ र सत्ताका नायकहरूप्रति उपहास एवम् व्यङ्ग्य पनि गरिएको छ । २०४६ पछि प्रगतिवादी कित्ताका समसामयिक कवितामा जनआन्दोलन पूर्णतया उपलब्धिमूलक हुन नसकेको सङ्केत गरेर आक्रोश पनि व्यक्त गरिएको छ र निरन्तर सङ्घर्ष गर्नुपर्ने भाव व्यक्त गरिएको छ, तर कतिपय कवितामा भने प्रजातन्त्रको पुनर्स्थापनालाई स्वागत पनि गरिएको पाइन्छ । प्रजातन्त्र पुनर्स्थापनाको दुई-तीन वर्षयताका कवितामा नेताहरूको अवसरवादी र स्वार्थी प्रवृत्ति, भ्रष्टाचार, नातावाद, कृपावाद आदि तमाम विकृति र विसङ्गतिहरूलाई विषयवस्तु बनाइएको छ । २०४६ को पूर्ववर्ती र उत्तरवर्ती कतिपय कवितामा सहिदभावलाई पनि मुख्य रूपमा प्रस्तुत गरिएको छ । यसप्रकार समसामयिक धाराले नेपाली कवितामा २०४६ को आन्दोलन र यसैसँग सम्बद्ध आन्दोलन कविता तथा सशस्त्रद्वन्द्व र २०६२/२०६३ को लोकतान्त्रिक-गणतान्त्रिक आन्दोलनसँग सम्बद्ध कविताले प्रवृत्तिगत परिवर्तन ल्याएको र समसामयिक नेपाली कवितामा एउटा मोड आएको हुनाले समसामयिक धाराका कवितालाई पहिलो चरण, दोस्रो चरण र तेस्रो चरण गरी यस किसिमले वर्गीकरण गर्नु उपर्युक्त हुन्छ :



१. पहिलो चरण : २०३६ देखि २०४६ सम्म
२. दोस्रो चरण : २०४७ देखि २०६१/२०६२ सम्म
३. तेस्रो चरण : २०६२/२०६३ यता

प्रवृत्तिगत दृष्टिले पहिलो चरण र दोस्रो चरणका बीच त्यति ठूलो भिन्नता देखिँदैन र यी दुई चरणका बीचको मोडलाई ठूलै मोड वा परिर्वतन मान्न सकिँदैन तापनि सामान्य परिवर्तन भने देखिन्छ । त्यसपछि देशको अन्योलग्रस्त राजनीति, हत्या, अशान्ति र सन्त्रास एवम् द्वन्द्वका कारण उत्पन्न असहज स्थितिको बोध पचासको दशकको पहिलो चरणदेखि नेपाली कवितामा पाइने हुनाले कवितामा देशको आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रको समसामयिक यथार्थ बढी स्पष्ट रूपमा मुखरित भएको देखिन्छ । त्यसपछिका कवितामा सशस्त्र द्वन्द्वजन्य प्रभाव मुखरित भएको छ । अझ त्यसपछि लोकतान्त्रिक-गणतान्त्रिक चेतना, राजतन्त्रको विरोध आदि भाव पनि मुखरित भएको देखिन्छ । नेपाली कविताको समसामयिक धाराको पहिलो चरणको थालनी २०३६ मा भयो । त्यस समयमा युगीन परिवर्तनको छाल उर्लेर आयो र त्यसको प्रभाव नेपाली कवितामा पऱ्यो । त्यसपछि त्यो छाल सेलाएर गयो । २०४६ मा पनि युगीन परिवर्तनको छाल त्यसरी नै उर्लेर आयो र त्यसको प्रभाव पनि नेपाली कवितामा पऱ्यो । त्यसपछि त्यो छाल पनि सेलाएर गयो । २०५० को दशकको पूर्वार्धतिर वा २०५२/०५३ बाट युगीन राजनीतिक परिर्वनको अर्को छाल देखापऱ्यो । यसबाट देशमा भएको आन्तरिक युद्ध, सरकार र विद्रोही पक्षका बीचको द्वन्द्व, अशान्ति, हत्या, हिंसा, सन्त्रास, सरकार र विद्रोही दुवै पक्षबाट सर्वसाधारण नेपाली जनताले भोग्नु परेको दु:ख, पीडाबोध आदिको अभिव्यक्ति कवितामा देखापर्न थाल्यो । यो युगीन परिवर्तनको छाल पनि सेलाएको छ । लोकतान्त्रिक-गणतान्त्रिक चेतना, सङ्घीयताको अभिव्यक्ति, समावेशात्मकता, सीमान्तीकृतहरूको अभिव्यक्ति आदि प्रवृत्तिहरू पछिल्लो समयमा बढी देखिएका छन् ।

नेपाली कविताको समसामयिक धाराको प्रवृत्तिका दृष्टिले यिनै तीनओटा चरणलाई सद्य: वर्तमान, चालु वर्तमान वा समकालीन नेपाली कविताको मुख्य समय मान्न सकिन्छ । यस समयका कविताहरू यथार्थको धेरै नजिक छन् र तिनमा समसामयिक चेतना तीव्र देखिन्छ । नेपाली कविताको समसामयिक धाराको उठानदेखि नै विभिन्न काव्यिक आन्दोलन र अभियानहरू तीव्र हुँदै गएको देखिन्छ । यस्ता मुख्य अभियानहरूमा सडक कविता क्रान्ति (२०३६), भोककविता आन्दोलन (२०४०), आविस्कार आन्दोलन (२०४४), तरलवाद/तरलतावाद (२०४०) र (२०४६), जनआन्दोलन कविता (२०४६), संरक्षण कवितायात्रा/आन्दोलन (२०५३) र (२०५५), छन्द बचाऊँ अभियान (२०५३), चौथो आयाम (२०५६), सिर्जनशील अराजकता (२०५७), छन्द जागरण अभियान (२०५९), सडक कविता आन्दोलन (२०६०), सौहार्द साहित्यको अवधारणा अभियान (२०६०), विशेष रङ्गवाद (२०६१), गणतन्त्रवादी कविता आन्दोलन (२०६१), विलयन लेखन (२०६२), लोकतान्त्रिक स्रष्टाहरूको

संयुक्त मञ्च (२०६२), कवितामा लोकतन्त्र (२०६२), रहस्यमय काव्यिक खोज (२०६३) आदि आन्दोलन र अभियानहरू मुख्य देखिन्छन् । यी मध्ये सडक कविता क्रान्तिको समसामयिक कविता धाराको प्रर्वतनमा महत्त्वपूर्ण भूमिका देखिन्छ । पञ्चायती व्यवस्थाको दमन र शोषणका विरुद्धमा भइरहेको जनआन्दोलनका पक्षमा कविहरूले सडक कविता क्रान्तिको आरम्भ गरे । खुला सडकमा तत्कालीन व्यवस्थाविरोधी, जनचेतनामूलक, जागरणमूलक आदि किसिमका कविता सुनाएर सर्वसाधारणलाई वर्तमान स्थितिको बोध गराउने काम सडक कविता क्रान्तिबाट भएको देखिन्छ । खुला सडकमा सुनाइने यस्ता कविताहरू सरल, सहज र सम्प्रेष्य भएकाले सम्प्रेषणको दूरी कम गर्न यस्ता कविताको अहम् भूमिका देखिन्छ । राजनीतिक उद्देश्यबाट अभिप्रेरित भए पनि अभिव्यक्ति स्वतन्त्रताका रूपमा आएको यस आन्दोलनले प्रयोगवादी जटिलता, दुरुहता र असम्प्रेणीयताको स्थितिबाट नेपाली कवितालाई मुक्त गराई सरलता, सहजता र सम्प्रेषणीयताको मूलधारातिर प्रत्यावर्तन गराएको हुनाले सडक कविता क्रान्तिबाट नै नेपाली कविताको समसामयिक धारा सुरु भएको मानिन्छ । यस अभियानले जनमतसङ्ग्रहको घोषणापछि अधिराज्यका विभिन्न सदरमुकामहरूमा समेत प्रभाव पारेको देखिन्छ । यसरी सडक कविता क्रान्तिले नेपाली कवितामा नयाँ मोड वा परिवर्तन ल्याएको देखिन्छ ।

आधुनिक नेपाली कविताको विकास र विस्तारमा समसामयिक धाराको महत्वपूर्ण भूमिका रहेको छ । प्रयोगवादी धारासम्म रहेको क्लिष्टता, दुरुहता र जटिलता एवम् असम्प्रेष्यताका ठाउँमा समसामयिक धाराका वा समसामयिक कविहरूले सहज, सरल र सम्प्रेष्य कवितालेखनमा जोड दिई कविता र पाठकका बीचको सम्बन्धलाई स्थापित गरेका छन् र समसामयिक धाराका कविताहरू युगीन यथार्थको अभिव्यक्तिका दृष्टिले बढी प्रभावपूर्ण देखिन्छन् । समसामयिक धाराको यसै मूलप्रवृत्ति अन्तर्गत प्रगतिवादी कित्ताका कविता पनि लेखिएका छन् भने अत्यन्त गौण रूपमा परिस्कारवादी र स्वच्छन्दतावादी प्रवृत्तिका कविता पनि केही लेखिएको पाइन्छ । मुख्य रूपमा भन्नुपर्दा समसामयिक धाराको समयावधिभित्रै कविता लेखन सुरु गरी स्थापित भएका र समकालीन प्रवृत्ति अनुरूप कविता लेख्ने कविहरूलाई समसामयिक धाराका कविका रूपमा मानिन्छ । समसामयिक परिवर्तित राजनीतिक, सामाजिक युगीन परिवेशलाई आफ्ना कविताका माध्यमबाट अभिव्यक्त गर्ने समकालीन कविहरू पनि प्रशस्त छन् ।

नेपाली कविताको यस समसामयिक धाराको समयावधिमा पुरानो परिस्कारवादी र स्वच्छन्दतावादी शैलीका कविताहरू पनि केही मात्रामा लेखिएका छन् । यस्ता कवितामा वर्णनात्मकता र रागात्मकता बढी पाइन्छ भने युगीन अभिव्यक्ति अत्यन्त कम पाइन्छ तर नवीन प्रयोगको आग्रह स्वरूप लेखिएका प्रयोगधर्मी कवितामा भने बढी रूपमा लेखिमिक विचलन पाइन्छ । शब्द र वाक्यको अनियमित विन्यासद्वारा कवितामा विचलनको प्रयोग गर्ने प्रवृत्ति पनि केही कवितामा देखिन्छ । यस अवधिका कवितामा विषयवस्तु वा भाव र



शैलीमा विविधता पाइन्छ । विशेषत: बिम्ब र प्रतीकहरूको प्रयोगमा निजात्मकता बढी देखिन थालेको हुनाले समसामयिक धाराका केही कविताहरू कविको आफ्नो पहिचान दिने खालका देखिन्छन् । यस समयावधिमा कवि र कविताको सङ्ख्यात्मक वृद्धि अत्यधिक भएको पाइन्छ तर त्यसको अनुपातमा गुणात्मक वृद्धि भने कम देखिन्छ । यसै समयावधिमा छन्दोबद्ध कवितासम्बन्धी दुईओटा आन्दोलनहरू देखिए पनि प्रभावकारी छन्दोबद्ध कविता भने अत्यन्त कम लेखिएको पाइन्छ । समग्रमा आधुनिक नेपाली कविताको समसामयिक धाराका कवितामा देखिएका मूलभूत प्रवृत्तिहरूलाई सङ्क्षेपमा यसप्रकार बुँदागत गर्न सकिन्छ :

१. प्रयोगवादी जटिलता, दुरुहता, क्लिष्टता र असम्प्रेष्यताका विरुद्ध सरलता, सुबोधता र सम्प्रेष्यतातिर उन्मुख कविता लेखन,
२. अमूर्त लेखनको परित्याग गरी मूर्त र यथार्थ लेखनतिरको उन्मुखता,
३. मानवमूल्यको उपेक्षा, मानवताको खोजी र जीवनका विसङ्गतिको चित्रण,
४. सशस्त्र द्वन्द्वजन्य परिस्थितिको यथार्थ चित्रण,
५. युगीन राजनीतिक अव्यवस्थाको चित्रण,
६. पश्चगमनको विरोध र अग्रगमनका अपेक्षाको अभिव्यक्ति,
७. आर्थिक विसङ्गतिको चित्रण र प्रगतिवादको निरन्तरता,
८. सामाजिक असमानता र विसङ्गतिको प्रस्तुति,
९. अन्तर्राष्ट्रियतावादी सचेतता,
१०. कथ्यगत समानता वा पुनरावृत्तीय प्रस्तुति,
११. युगीन विविध विसङ्गत परिस्थितिप्रति व्यङ्ग्य,
१२. संस्कृति चेतनाको प्रस्तुति,
१३. सामूहिकताको अभिव्यक्ति,
१४. मानवअधिकारवादी चेतनाको अभिव्यक्ति,
१५. चित्रकवितात्मक अभिव्यक्ति,
१६. समावेशी र सङ्घात्मकताको अभिव्यक्ति,
१७. राजतन्त्रको विरोध र लोकतान्त्रिक/गणतान्त्रिक चेतना,
१८. उत्तरआधुनिक प्रवृत्तिको प्रभाव,
    क. प्रविधि संस्कृतिको प्रभाव र भूमण्डलीकरणको अभिव्यक्ति,
    ख. बिरानोपन र सङ्कटापन्न अवस्थाको अभिव्यक्ति,
    ग. अपरिचयीकृत मानवीय अस्मिताको चित्रण
    घ. निस्सासिँदो र विकृत सहरिया परिवेशको चित्रण
    ङ. पुराना केन्द्रहरूको भञ्जन र नयाँ केन्द्रको स्थापना
    च. अर्थको अनिर्धारण र अन्तर्विषयकता

छ. विधाभञ्जन र अन्तर्पाठीयता

ज. नारीवादी चेतना

झ. डायास्पोरिक चेतना

ञ. सीमान्तीय चेतना आदि ।

यसै समसामयिक धारासँग जोडिएर उत्तरआधुनिकतावादी बहुलवादी प्रवृत्ति पनि आजका कवितामा प्रमुख अन्तर्वस्तु र शैली भएर आएको छ । आजका वा पछिल्लो समयका कवितामा सीमान्तीय चेतना, समलिङ्गी र तेस्रो लिङ्गीका समस्या तथा अधिकार, साइबर संस्कृतिको प्रभाव र पर्यावरणीय विनाशबाट उत्पन्न समस्या, किनारीकृतहरूका अधिकार, दलित र जनजातिहरूका अधिकार आदिका कुराहरूलाई पनि आजका कविताले सम्बोधन गरेका छन् । एउटै मूल प्रवृत्तिमात्र आजका कवितामा नपाइने र धेरै प्रवृत्तिहरूको सङ्कुल वृत्तबाट आजका कविता लेखिएकाले पछिल्लो समयका कवितालाई बहुलवादी प्रवृत्तिका कविताका रूपमा मान्नु युक्तिसङ्गत हुन्छ ।

## ४. निष्कर्ष

समयको तीनखण्डे विभाजनमा आधुनिकताको सम्बन्ध वर्तमानसँग रहेको हुन्छ । यो एक किसिमले परम्पराका विरोधमा देखापरेको नवीनता हो । यो वर्तमानको स्वचेतनासँग सम्बद्ध हुन्छ । परम्परित संस्कार, संरचना, मूल्य, मान्यता आदिलाई विस्थापित गरेर नयाँ मूल्य र मान्यताको स्थापना नै आधुनिकताको मुख्य पहिचान हो । मूलभूत रूपमा वैयक्तिक अस्तित्वको खोजी, एक्लो वा बिरानोपनको भाव, सम्बन्धविच्छेदको स्थिति, स्वैच्छिक र स्वतन्त्र जीवनशैलीको वरण आदि विशेषतालाई प्रमुख विशेषताका रूपमा मानिन्छ । नेपाली कविताका सन्दर्भमा आधुनिकताको थालनीका सम्बन्धमा धेरै मतमतान्तरहरू देखिन्छन् तापनि परिस्कारवादी धाराबाट आधुनिकताको थालनी भएको मान्ने मत र स्वच्छन्दतावादी धाराबाट आधुनिकताको थालनी भएको मान्ने मतका बीच बढी विवाद देखिन्छ । आधुनिकतालाई ठम्याउँदा यसका मान्यता, विशेषता र भिलक्षणहरूलाई आधार बनाएर हेर्नुपर्ने हुन्छ । यस दृष्टिले शास्त्रीयता र आदर्श आधुनिकताका अभिलक्षणका रूपमा देखिँदैनन् । शास्त्रीयता नियमबद्ध र अनुशासित लेखन हो भने नियमबद्ध र अनुशासनको उच्छेदन आधुनिकताको मुख्य अभिलक्षण हो । यस आधारमा परिस्कारवादी धाराको अन्त्यपछि नै नेपाली कवितामा आधुनिकताका अभिलक्षणहरू घटित भएकाले परिस्कारवादी धाराका प्रवृत्तिहरू गौण हुँदै गई १९९१ देखि स्वच्छन्दतावादी धाराको प्रवर्तनसँगै नेपाली कवितामा आधुनिकताको थालनी भएको मानिन्छ र प्रयोगवादी धारामा आएर यसले परिपुष्टता प्राप्त गरेको देखिन्छ । आधुनिकता गतिशील प्रवृत्ति र अवधारणा भएकाले यो वर्तमानसम्म नै अस्तित्वशील र गतिशील हुन्छ । आधुनिक नेपाली कवितामा देखिएका उपर्युक्त तीनवटा धारा र तिनका प्रवृत्तिहरूको समष्टिबाट आधुनिक नेपाली कविताका प्रवृत्तिको निर्धारण हुन्छ । माथि धारागत विवेचनामा उल्लेख भएका बुँदाहरूमा आएका प्रवृत्तिहरूको समष्टि नै आधुनिक नेपाली कविताको प्रवृत्ति हो । आधुनिक नेपाली कविता यिनै विशेषता र प्रवृत्तिको सङ्कुल वृत्तबाट अगाडि बढेर गतिशील छ ।



## प्रमुख सन्दर्भसूची

### (क) नेपाली

कँडेल, घनश्याम, *आधुनिक नेपाली कवितामा युगबोध*, **भारत समाचार**, (वर्ष १,अङ्क १, सन् २००१) पृ.४६-४८ ।

कोइराला, मोहन, सम्पा. **नेपाली काव्य विचार गोष्ठी**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४९ ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,** काठमाडौँ : साझा प्रकाशन, २०६० ।

.........., **समकालीन नेपाली कविताका प्रवृत्ति,** काठमाडौँ : पैरवी प्रकाशन, २०६६ ।

.........., **उत्तरवर्ती नेपाली समालोचना : केही प्रतिरूप**, काठमाडौँ : पैरवी प्रकाशन, २०६८ ।

चापागाईं, नरेन्द्र र दधिराज सुवेदी, सम्पा., **काव्यसमालोचना,** विराटनगरः पूर्वाञ्चल साहित्य प्रतिष्ठान, २०५२ ।

जोशी, रत्नध्वज, **आधुनिक नेपाली साहित्यको झलक**, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन, २०३९ ।

तिमसिना, अनिरुद्ध, *समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरू*, **प्रलेस,** (वर्ष ७, पूर्णाङ्क १३, २०५९), पृ. १५५-१८४ ।

त्रिपाठी, वासुदेव र अन्य सम्पा., **नेपाली कविता** भाग-४, ललितपुर : साझा प्रकाशन, २०३९ ।

पाण्डे, ताराकान्त, *प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यथार्थ,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, २०५५ ।

प्रसाईं, कृष्ण, सम्पा., **नेपाली समसामयिक कविताहरू,** सिलिगुढी : भक्त राई स्मृतिमण्डप, २०४८ ।

प्रेरणा गिरी, गोविन्द र दुबसु क्षेत्री, **समकालीन नेपाली कविताको रूपरेखा**, काठमाडौँ : वसुन्धरामान प्रकाशन, २०५३ ।

बन्धु, चूडामणि, सम्पा., **साझा कविता**, चौथो संस्क., ललितपुर : साझा प्रकाशन, २०४३ ।

भट्टराई, गोविन्दराज, **काव्यिक आन्दोलनको परिचय**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४९ ।

भण्डारी, जगदीशचन्द्र, **प्रगतिवादी नेपादी कविता : रेखाङ्कन र विश्लेषण**, काठमाडौँ, मुन्नी भण्डारी, २०५५ ।



web source: www.khasskhass.com

मधुकर्मी, धुव्र, **समकालीन नेपाली कविताका प्रवृत्ति र स्वर**, काठमाडौं, नेपाल साहित्यकार संघ, २०५७ ।
लुइटेल, खगेन्द्रप्रसाद, **कवितासिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।
शर्मा, मोहनराज, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५ ।
श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन, २०४६ ।
सुवेदी, अभि, **रचना र माध्यम**, ललितपुर : साझा प्रकाशन, २०५४ ।

**(ख) अङ्ग्रेजी**

Abrams, M.H, **A Glossary of Literary Terms**, 5th edn., Delhi: Prism Book Pvt. Ltd., 1992.
Andrews, Robert, ed., **Contemporary Quatations**, London: Cassel Wellington House, 1996.
Hamiltion, Ian, ed., **Twentieth Century Poetry in English**: New York, Oxford University Press, 1994.
Roberts, Neil, ed., **Twentieth Century Poetry**, U.S.A.: Black Well Publishers Ltd. 2001.
**The World Book Encyclopedia**, London M World Book International, 1995.
Waugh, Patricia, **Literary Theory and Criticism**, New York: Oxford University Press, 2006. ♦





# जीवनमा राजनीति नामक राक्षसको प्रवेशले मानवतालाई सखाप पारिदिएको छ

■ **हेम हमाल**



*(बीसको दशक नेपाली साहित्यको काव्यक्षेत्र निक्कै चर्चित रह्यो । चर्चित यस अर्थमा कि त्यसबेला लेखिएका कविताहरू पाठक तथा स्रोताद्वारा अत्याधिक मनपराइन्थे । तिनै मनपराइने कविताका सर्जकहरूमध्ये एक प्रतिनिधि हुन् कवि हेम हमाल ।*

*जब-जब हेम हमाल काव्यमञ्चहरूमा उक्लन्थे र कविता पढ्थे, उनका कविताहरूले वाहवाही लुट्थे । खास गरेर छोटा र सटिक कविता लेख्नुमा र वाचन गर्नमा उनी पोख्त थिए ।*

*विम्ब प्रयोग उनका कविताहरूका मूल विशेषता हो । यही विशेषतामा आधारित प्रेमको विषय होस् या राष्ट्रवादी चिन्तन होस् उनका कविताहरूमा समेटिएका पाइन्छन् ।*

*कविता-लेखनसँगसँगै गीति-लेखनमा समेत उनको दह्रो पकड रहेको छ । त्यसो त, नगण्य गीतहरू उनीद्वारा सिर्जना भएका छन्, तथापि रेकर्ड भएर ती निक्कै लोकप्रिय पनि रहे ।*

*बासु शशी स्मृति प्रतिष्ठानद्वारा हरेक वर्ष प्रदान गरिने 'बासु शशी स्मृति परस्कार', २०६१ बाट सम्मानित कवि हमाल हिजोआज आफ्नो स्वास्थ्यका कारण घरमै आराम गरिरहेका छन् । स्मरणीय छ, इस्वी सम्वत् २००३ मा उनको मृगौला प्रत्यारोपण गरिएको थियो ।*

***'सहर छाड्नुभन्दा पहिले', 'गाउँ गाउँ जस्तो छैन सहर सहर जस्तो छैन', 'सहर र सपना'*** *तथा* ***'हेम हमालका कविता'*** *शीर्षकका ४ थान पुस्तकले नेपाली कविताको फाँट सजाइसकेका उनै अग्रज कवि हेम हमालसँग उनकै निवास नयाँ*



web source: www.khasskhass.com

*बानेश्वर, काठमाडौँमा **'शारदा'** तथा **'कविता'**का सम्पादक विमल भौकाजीले गरेको छोटो काव्यवार्ता यहाँ प्रस्तुत छ ।)*

✍ *हेमदाइ, कविता लेख्न छाड्नुभएको हो ?*

✍ हो, अहिले कविता शून्यको स्थितिमा छ ।

✍ *किन यसरी सुस्ताउनुभएको ?*

✍ अहिले म आराम गरिरहेको छ, सुस्ताइएकै पनि हुँ । मेरो स्वस्थ्यको बारेमा तपाईंलाई जानकारी छँदै छ ।

✍ *अब कविता लेख्दै नलेख्ने र ?*

✍ साँच्चै भन्ने हो भने कागजमा नकोरिएको अवस्था मात्रै हो यो । तर आफूभित्र जो खजाना छ, भित्र छँदै छ त्यो । उम्रिन भने बाँकी छ ।

✍ *कहिले पढ्न पाइन्छ होला तपाईंका नयाँ कविता ?*

✍ कविता या साहित्यसम्बन्धी जब-जब यसरी कुराकानी हुन्छ तब मलाई तत्काल कविता लेखिहालूँ भन्ने हौसला मिल्छ । तर यस्तो संयोग बारम्बार मिल्दैन । अन्तरक्रियाहरूमा आफ्नो स्वास्थ्यको कारण सहभागी हुन नसक्दा साहित्यमय वातावरणबाट विमुख भइरहनु परेको छ । तर पनि लेख्न खोजिरहेकै हुन्छु ।

✍ *यतिखेर, तपाईं आफूबाट सिर्जित कुनै कविता वाचन गरिदिन सक्नुहुन्छ ?*

✍ 'गाउँ गाउँ जस्तो छैन सहर सहर जस्तो छैन' भन्ने मेरो कवितासङ्ग्रहमा सङ्गृहीत एउटा सानो कविता भन्छु, जुन यस्तो छ-

'मगजलाई चामल पसलमा
बन्धकी राखेर
टोपीभित्र टाउको लुकाउने मान्छे ।'

✍ *अनि यसको शीर्षक ?*

✍ यसको शीर्षक 'जागिरे' ।

✍ *शीर्षक किन कविताभन्दा पछाडि नि ?*

✍ यो एउटा परम्परा हो । यस्तो परम्पराका कवितालाई 'गाउँ खाने कविता' भन्ने गरिन्छ । जस्तो 'गाउँ खाने कथा' हुन्छ । यसमा फरक के छ भने 'गाउँ खाने कथा'मा पछाडि प्रश्न सोधिन्छ, तर 'गाउँ खाने कविता'मा भने त्यही कविताको प्रतिनिधित्व गरेर जबाफको रूपमा शीर्षक आउँछ ।

✍ *नेपाली साहित्यमा यस्ता कविताको प्रचलन पनि छ र ?*

✍ नेपाली साहित्यको विशेषता हो यो । खास गरेर एक ताका हाम्रो पालोमा 'गाउँ खाने कविता' अत्यन्तै चर्चित थियो । आजभोलि त्यस्ता कविता लेखिएका भेटिन्नन् ।



✍ *यसको छोटो रूप हेर्दा त हिजोआज चर्चामा रहेको 'हाइकु'को झझल्को पो दिन्छ त यसले ?*

✍ होइन, हाइकु एउटा निश्चित आकारमा लेखिन्छ । त्यो अलिक स्पष्ट पनि लाग्दैन । तर 'गाउँ खाने कविता' मुक्त, सरल र स्पष्ट हुन्छ ।

✍ *तपाईंले लामा कविता पनि लेख्नुभएको छ ?*

✍ मलाई सधैँ लागिरहन्छ, साना शब्दहरू वा छोटा वाक्यांशले नै धेरै अर्थ दिन सक्छ भने बढी शब्दहरू किन खर्चिने ? जब कुनै विषयले मनमा झट्का दिन्छ र तब मनभित्र जागृत हुने भावनालाई तत्काल मूर्तरूप दिँदा निर्माण हुने त्यो आकार सायद लामा कविताहरूको दाँजोमा प्राय: सानो हुन्छ । हुन सक्छ, यो मेरो कविहृदयको स्वभाव हो । यस आधारमा हेर्दा निश्चय नै मैले एउटै पनि लामा कविता लेखेको छैन ।

✍ *कविताका अलावा तपाईंले गीतहरू पनि लेख्नुभएको छ, होइन ?*

✍ कुनै बेला लेखेको थिएँ । जति लेखेँ ती प्राय: रेकर्ड पनि भएका छन् र रेडियोमा यदाकदा हिजोआज पनि बज्छन् ।

✍ *तर पछिल्लो कालखण्डमा आएर गीति-लेखनलाई तिलाञ्जली नै दिनुभएको हो ?*

✍ साँच्चै भनूँ भने मलाई कविताभन्दा बढी प्रभावशाली गीत नै हुन्छ भन्ने लाग्छ । गीत बढी भावनात्मक पनि हुन्छ, त्यसको दाँजोमा कविता अलिक विचारप्रधान हुन्छ । मलाई देश-समाजको अवस्थाले सम्भवत: बढी वैचारिक धरातलमा केन्द्रित हुन विवश गरायो ।

✍ *यसको अर्थ तपाईंका कविताहरू राजनीति उन्मुख भए ?*

✍ होइन, त्यस्तो कदापि होइन । मेरा कुनै पनि कविता राजनीतिबाट प्रभावित छैनन् । विम्ब र प्रतीकमा यो समाजलाई प्रतिविम्बित गर्ने प्रयास गरेको छु मैले आफ्ना प्रत्येक कविताहरूमा ।

✍ *तर राजनीतिक स्वाद नभएका कविता त कवितै होइन भन्ने पनि गरिन्छ नि आजकल ?*

✍ त्यो त एउछा पूर्वाग्रह मात्रै हो । राजनीतिक पार्टीका कार्यकर्ता भएका तथाकथित कविहरूले भन्ने कुरो हो यो । वास्तविक कविले कहिल्यै यसो भन्दैन र त्यस्तो कविता लेख्दैन पनि । हो, यो सत्यलाई नकार्न सकिन्न कि कविता भनेर लेखिने आजकालका कविताहरूमा राजनीतिक प्रभाव बढी नै छ । यस अर्थमा, चेतनाको स्तरमा भने वृद्धि भएकै मान्नुपर्छ । तर यसो भन्दैमा राजनीतिको पिछलग्गु बन्न हुँदैन कविहरूले । हो, कविहरू पनि यही समाजका प्राणी हुन्, एक्लो बाँच्न सक्दैन कवि पनि । कविलाई एक्लो छाड्न पनि हुँदैन ।

✍ *मतलब, राजनीतिबिना कविता बाँच्न सक्दैन भन्ने हो ?*

✍ राजनीति र कविता दुई ध्रुवका पृथक्-पृथक् विषय हुन् । कविता एक्लोपनमा सिर्जना हुन्छ तर राजनीति आम मान्छेमा जान्छ । तथापि हामीलाई थाहा छ, संसारमा निरपेक्ष केही-कोही पनि हुँदैन । मैले भनी पनि सकेँ, कवि एक्लो भएर बाँच्न सक्दैन । र, कवि एक्लो भएर बाँच्न सक्दैन भने कविता कसरी एक्लै जीवित रहन सक्छ ? राम्रा र उत्कृष्ठ कविता सिर्जनाका निम्ति समाजका हरेक पक्षको सपोर्ट चाहिन्छ । तर आजको अवस्था तपाईंले भनेझैँ राजनीतिक दृष्टिकोणले नलेखिएका कविताहरू कवितै होइनन् कि भनेजस्तो भइसकेको छ । मलाई लाग्छ, विकृत राजनीति यस्तो राक्षसको रूपमा अहिले मान्छेको जीवनमा प्रवेश गरेको छ, जसले मानवतालाई नै सखाप पारिदिइसकेको छ । यस्तो अवस्थामा कहाँ साहित्यका कुरा ? कहाँ कविताका कुरा ?

✍ *अन्तमा अलिकति प्रसङ्ग बदलौँ, आजसम्मको कविता-यात्राबाट तपाईंले भेट्नुभएको जीवनको अर्थ कस्तो छ ?*

✍ कवि भएर जीवनलाई हेर्दा, मलाई जीवनमा कविता त्यति प्राक्टिकल लागेन । कवि भनेको आफ्नै धुनमा रमाउने, आवेशमा आउने र यथार्थलाई बिर्सने एउटा अनौठो जीव रहेछ । यस अर्थमा, जीवन कहिले सोचेजस्तो हुन्न रहेछ । म पनि यसको अपवाद रहिनँ । जीवन र कविताको तालमेल कहीँ-कतै पनि मिल्दो रहेनछ भन्ने मलाई लागिरहेछ ।

✍ *त्यसो भए तपाईंका कविता लेखनले निरन्तरता नपाउनुमा यस्तो प्रकारको निराशाले पनि भूमिका खेलेको हो ?*

✍ केही हदसम्म यो पनि एउटा कारण हो । तर कविता फेरि त्यस्तो विषय परेछ, जसले कवि हृदयलाई कहिले पनि पछ्याउन छाड्दैन । मेले माथि पनि भनिसकेँ, मभित्र कवितात्मक खजानाहरू मडारिइरहेका छन् । साँच्चै भनूँ, एउटा कविको जीवनमा कविताको प्रवाह कहिल्यै पनि रोकिन्न ।

✍ *आशा गरौँ, तपाईंका नयाँ सिर्जनाहरूले पुनः उही पुरानो हेम हमाललाई नयाँ पुस्ताबीच चर्चा-परिचर्चा गराउन सकोस् । शुभकामना हेमदाइ !*

✍ धन्यवाद !

●





web source: www.khasskhass.com